
# विपद् जोखिम व्यवस्थापन योजना २०७०










धरान नगरपालिका

सुनसरी

USAID
FROM THE AMERICAN PEOPLE

NSET

दस्तावेज : **धरान नगरपालिका विपद् जोखिम व्यवस्थापन योजना, २०७०**

निर्णय मिति : २०७०, पौष १ गते

प्रकाशन मिति : २०७० माघ

प्रकाशक : धरान नगरपालिका

प्राविधिक सहयोग : भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (एनसेट)

**यो सामग्री अमेरिकी सहायता नियोग** (USAID/OFDA) **को आर्थिक सहयोगमा भूकम्प प्रविधि राष्ट्रिय समाज–नेपाल** (NSET) **द्वारा सञ्चालित "नेपालमा भूकम्पीय जोखिम व्यवस्थापन कार्यक्रम** (NERMP II)" **अन्तर्गत तयार र प्रकाशन गरिएको हो ।**

# मन्तव्य

नेपाल बाढी, पहिरो, महामारी, आगलागी, शितलहर, हिमताल विष्फोट, हिमपहिरो तथा विनाशकारी भूकम्पको जोखिममा रहेको एक विकासशिल मुलुक हो । नेपालका सवै गाउँ, सहर र क्षेत्र कुनै न कुनै प्रकारको प्रकोपको जोखिममा पर्दछन् ।

प्रकोपका घटनाहरु र यसवाट हुने जनधनको क्षति पनि दिनानुदिन बढ्दै गईरहेको अवस्थामा विपद्को मार खेपिरहेका समुदायस्तरवाट नै जोखिम व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ । राष्ट्रिय स्तरमा जोखिम व्यवस्थापन गर्ने पहलहरु शुरु भएका छन्, तर यसको प्रभावकारिता स्थानीय स्तरमा नै कार्यान्वयन भएमा मात्र हुन सक्दछ । समुदायस्तरमा नै जोखिम न्यूनीकरणका कार्यहरु स्थानीय तहवाटै शुरु गर्नुपर्ने अवस्थालाई ध्यानमा राख्दै यो योजना तर्जुमा गरिएको छ ।

सम्भावित विपद्को जोखिम कम गर्न, विपद्को समयमा द्रुत रुपमा आपतकालीन कार्य सम्पादन गर्न र विपद् पश्चात पुनःस्थापना कार्यलाई योजनाबद्ध रुपमा कार्यान्वयन गर्न यस योजनाले सहयोग गर्नेछ । विगतका अनुभवका आधारमा पनि विपद् जोखिम व्यवस्थापन कार्यलाई व्यवस्थित बनाउन स्थानीय स्तरमा विपद् जोखिम योजना महत्वपूर्ण देखिएकोले धरान नगरपालिकाले यो योजना तर्जुमा गरेको छ । यस योजनाको कार्यान्वयनसंगै नगरपलिकामा जोखिम व्यवस्थापनका लागि विपद् पूर्वतयारीका कार्यहरु थालनी हुने र विपद्को क्षति न्यूनीकरणमा सहयोग पुग्ने छ ।

यस योजना निर्माणमा संलग्न सम्पूर्ण सहयोगी संस्थाहरु, प्राविधिक सहयोग गर्ने भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (एनसेट), अन्य सरोकारवालाहरु सवैलाई धन्यवाद दिन चाहन्छु । यस योजनाको आधारमा नगरपालिकाले आगामी दिनमा विपद् जोखिम व्यवस्थापनमा महत्वपूर्ण उपलव्धी हासिल गर्नेछ भन्ने विश्वास लिएको छु ।

कार्यकारी अधिकृत

भोजराज खतिवडा

# शब्द-संक्षेप

| | |
|---|---|
| केतवि | केन्द्रिय तथ्याङ्क विभाग |
| गाविस | गाउँ विकास समिति |
| गैसस | गैह्र सरकारी सँस्था |
| जिविस | जिल्ला विकास समिति |
| धनपा | धरान नगरपालिका |
| जिदैप्रउस | जिल्ला दैवी प्रकोप उद्धार समिति |
| नेरेसो | नेपाल रेडक्रस सोसाईटी |
| प्रजिअ | प्रमुख जिल्ला अधिकारी |
| स्थाविअ | स्थानीय विकास अधिकारी |
| विव्यस | विपद् व्यवस्थापन समिति |
| BEMR | Basic Emergency Medical Response |
| CBS | Central Bureau of Statistics |
| CSSR | Collapsed Structure Search and Rescue |
| DDC | District Development Committee |
| LSAR | Light Search and Rescue |
| MFR | Medical First Responder |
| MoFALD | Ministry of Federal Affairs and Local Development |
| MoHA | Ministry of Home Affairs |
| NDRF | National Disaster Response Framework |
| NRCS | Nepal Red Cross Society |
| NSET | National Society for Earthquake Technology–Nepal |

# विषय सूची

भूमिका ........ i
शब्द-संक्षेप ........ ii
कार्यकारी सारांश ........ vi
१. परिचय ........ १
१.१ पृष्ठभूमि ........ १
१.२ उद्देश्य ........ १
१.३ संस्थागत व्यवस्था ........ २
१.४ योजनाको क्षेत्र तथा सीमा ........ २
२. योजना तर्जुमा विधि ........ ३
२.१ प्रारम्भिक तयारी ........ ३
२.२ कार्यशाला ........ ३
२.३ विपद् जोखिम व्यवस्थापन समिति निर्माण ........ ३
२.४ प्रकोप तथा संकटासन्नता विश्लेषण ........ ४
२.५ विपद् जोखिम व्यवस्थापन योजना निर्माण ........ ४
२.६ योजना तर्जुमा प्रक्रियामा सहभागिता ........ ४
२.७ अभिलेखीकरण ........ ४
२.८ अनुमोदन तथा कार्यान्वयन ........ ४
३. प्रकोप सङ्कटासन्नता तथा जोखिम विश्लेषण ........ ५
३.१ धरान नगरपालिका सामान्य परिचय ........ ५
३.२ प्रकोप पहिचान तथा विश्लेषण ........ ९
३.३ विगतमा भएका मुख्य प्रकोप घटनाहरु तथा क्षतिको विश्लेषण ........ ११
३.४ मौसम अनुसार प्रकोपको असर ........ १३
३.५ धरान नगरपालिकाको विपद् जोखिम लेखाजोखा ........ १५
३.६ सम्भाव्य प्रकोपको स्तरीकरण ........ १९
३.७ संकटासन्नता विश्लेषण ........ २०
४. धरान नगरपालिका विपद् जोखिम व्यवस्थापन योजना ........ २४
४.१ विपद् जोखिम व्यवस्थापन कार्ययोजना तयारी ........ २४

४.२ विपद् जोखिम व्यवस्थापन समिति गठन ............ २४
४.३ विपद जोखिम व्यवस्थापन एकाईको गठन ............ २५
४.४ धरान विपद् जोखिम व्यवस्थापन योजना ............ २६
४.५ प्राथमिकता प्राप्त कार्यहरु ............ ४१

५. योजना कार्यान्वयन ............ ४३
५.१ कार्ययोजनाको क्रियाशिलता ............ ४३
५.२ कार्यान्वयन योजना ............ ४३
५.३ समीक्षा तथा अद्यावधिक ............ ४३

सन्दर्भ सामाग्रीहरु ............ ४४

## अनुसुचीहरु

अनुसूची १: कार्यशालाको अभिलेखीकरण ............ ४५
अनुसूची २: धरान नगरपालिका वडागत जनसङख्या वितरण ............ ४९
अनुसूची ३: धरान नगरपालिका भुउपयोग ............ ५१
अनुसूची ४: सुनसरी जिल्लामा सन् १९७१ – २०१२ सम्ममा विभिन्न प्रकोपको कारण भएको क्षति ............ ५२
अनुसूची ६: स्थानीय विपद् जोखिम व्यवस्थापनमा निकायगत व्यवस्था ............ ५४
अनुसूची ७: स्थानीय स्वायत्त शासन ऐन (२०५५) मा उल्लेख भए अनुसार विपद् जोखिम व्यवस्थापन मा नगरपालिकाको भूमीका ............ ६०
अनुसूची ८: धरान नगरपालिका विपद् जोखिम व्यवास्थापन समितिका पदाधिकारीहरुको नाम तथा सम्पर्क विवरण ............ ४८
अनुसूची ९: धरान नगरापलिका विपद् जोखिम व्यवस्थापन योजना पुनरावलोकन तथा अद्यावधिक गर्ने कार्य तालिका ............ ६२
अनुसूची १०: **२०४५** भदौ ५ गतेको भूकम्पबारे संक्षिप्त विवरण ............ ६३
अनुसूची ११: प्रयुक्त विपद् सम्वन्धी पारिभाषिक शव्दावली ............ ७०
अनुसूची १२: कार्यशालाका सहभागीवाट प्राप्त कार्य विवरण सुची ............ ७४

## तालिका सुची

**तालिका १: धरान नगरपालिकाको जनसङख्या तथा घरधुरी संख्या......७**
**तालिका २: धरान नगरपालिकामा प्रकोप र संकटाभिमुखताको स्तर......१०**
**तालिका ३: धरान नगरपालिकामा विगतमा विभिन्न प्रकोपका घटनाहरुको कारण भएको असर......१०**
**तालिका ४: विगतका मुख्य प्रकोप घटनाहरु तथा क्षतिको विवरण......११**
**तालिका ५: धरान नगरपालिकामा घट्ने प्रकोपको मौसमी प्रकृति......१४**
**तालिका ६: प्रकोपको स्तरीकरण......१९**
**तालिका ७: धरान नगरपालिकाको प्रकोप अनुसारको संकटासन्नता विश्लेषण......२१**

## नक्सा सुची

**नक्सा १ :** सुनसरी जिल्लाको नक्सा तथा धरान नगरपालिकाको अवस्थिति......६
**नक्सा २:** वि. सं. २०६८ अनुसार धरान नगरपालिकाको वडागत जनघनत्व......८
**नक्सा ३:** धरान भूउपयोग नक्सा......९
**नक्सा ४ :** सुनसरी जिल्लामा विगतमा भएका प्रकोपका घटनाहरुका कारण भएको मानवीय तथा भवन क्षति......११
**नक्सा ५:** धरान नगरपालिकाको अवस्थिति र मुख्य नदिहरु......१५
**नक्सा ६:** धरान नगरपालिका भूकम्पीय जोखिम र मानवीय क्षति हुनसक्ने मुख्य क्षेत्र......१६
**नक्सा ७:** धरानमा बाढीको कारण प्रभावित हुनसक्ने क्षेत्र......१७
**नक्सा ८:** पहिरो/बाढीको जोखिम रहेका नदी किनारमा रहेका बस्ती......१८

# कार्यकारी सारांश

धरान नगरपालिका भूकम्प, बाढी, पहिरो, चट्याङ्ग, आगलागी, महामारी, हावाहुरी लगायतका विभिन्न प्रकोपका घटनाहरुवाट प्रभावित भइरहने नगरपालिका हो । यस अतिरिक्त सर्पदंश, जंगली जनावरको आक्रमण लगायतका प्रकोप घटनाहरुका कारण पनि समय-समयमा क्षति व्यहोर्नु परिरहेको छ । नगरपालिकाको मध्यभागवाट बग्ने खहरेखोला र अन्य नदी किनाराका बस्तीहरुमा वर्षेनी कुनै न कुनै रुपमा बाढीको कारण क्षति भईरहेको देखिन्छ । विगत ४२ बर्षयता (सन् १९७१–२०१२) को अवधिमा यस नगरपालिकामा घटेका प्रकोप घटनाहरुलाई हेर्ने हो भने भूकम्प, बाढी, पहिरो आगलागी, हावाहुरी, शितलहर र सडक दुर्घटना नै मुख्य रुपमा देखिएका छन । यसमध्ये पनि सुनसरी जिल्ला तथा धरान नगरपालिकामा प्रकोप भन्ने वित्तिकै वि.स.२०४५ सालको भूकम्प र २०६५ सालको बाढीका कारण ठूलो क्षति भएको स्मरण हुन्छ जसका कारण सुनसरी जिल्लाका सबै गाँउ विकास समिति तथा नगरपालिकाहरु कुनै न कुनै रुपमा प्रभावित भएको देखिन्छ ।

भौगर्भिक अवस्थिति तथा धरातलीय स्वरुपका कारण धरान नगरपालिका क्षेत्रले उच्च स्तरको प्राकृतिक प्रकोपको सामना गर्नु परेको छ भने बढदो सहरीकरण, उच्च जनघनत्व तथा कमजोर भौतिक संरचनाहरुको कारण धरानको प्रकोप संकटासन्नता तथा जोखिम बढ्दो देखिन्छ । नगरका पुराना बस्तीहरुमा आगलागी, सर्दुखोला र सेउती खोलाको किनारमा रहेका बस्तीहरुमा बाढी एवं नगरपालिकाको उत्तरी भेगका बस्तीमा पहिरोको जोखिम उच्च रहेको छ । बढ्दो सहरीकरणसँगै भूकम्पीय जोखिमका दृष्टिकोणले पनि यहाँका भौतिक संरचनाहरु उच्च संकटासन्नताको अवस्थामा रहेका छन् ।

सम्भावित क्षति कम गर्न स्थानीय स्तरमा विपद् जोखिम न्यूनीकरणका प्रयासहरुलाई योजनाबद्ध ढंगले सञ्चालन गर्नुपर्दछ । विपद्को अवस्थामा सृजित हुनसक्ने परिस्थितिको सामना गर्न सक्ने क्षमताको विकास स्थानीय तहमा हुनु आवश्यक छ । यसका लागि विकास प्रक्रियामा सवै सरोकारवालाहरु सँग सहकार्य गर्नु जरुरी छ भने स्थानीय समुदाय, नगरपालिका स्थित सरकारी तथा गैह्र-सरकारी संस्था, राजनीतिक दलका प्रतिनिधिहरु एवं अन्य सरोकारवालाहरुको सक्रिय सहभागितामा विपद् जोखिम न्यूनीकरण कार्यलाई संस्थागत रुपमा नगरपालिकाको प्रत्येक वडा तथा समुदायस्तरसम्म प्रभावकारी ढङ्गले पुऱ्याउने उद्देश्य राखिएको छ । यसका लागि “*स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८*” को मातहतमा रही यस धरान नगरपालिका विपद् जोखिम व्यवस्थापन योजना २०७० तर्जुमा गरिएको छ ।

योजना निर्माणका क्रममा धरान नगरपालिकाको प्रकोप संकटासन्नता तथा स्थानीय स्रोत, साधन र क्षमताको पहिचान तथा विश्लेषण गरी, विपद् जोखिम व्यवस्थापनका प्राथमिकताप्राप्त कार्यहरु निर्धारण गरिएको छ । साथै धरान नगरपालिकाद्वारा विभिन्न चरणमा वैठक, छलफल तथा कार्यशाला आयोजना, नगरस्तरमा कार्यरत विभिन्न सरकारी निकायहरु सँग समन्वय तथा जिल्ला विपद् व्यवस्थापन समितिसँग परामर्श, सहकार्य/समन्वय जस्ता विधिहरु अपनाइएको छ । स्थानीय तहमा कार्यरत विभिन्न संस्थाका प्रतिनिधिहरु, विज्ञहरु, विपद् व्यवस्थापनका क्षेत्रमा कार्यरत व्यक्तिहरु, राजनैतिक दलका प्रतिनिधिहरु एवं अन्य सरोकारवालाहरु सम्मिलित तीन दिने कार्यशालाको आयोजना

गरेर नगरक्षेत्रमा प्रकोप तथा संकटासन्नता विश्लेषण गरी प्राप्त नतिजा तथा सुझावहरुको विश्लेषणमा यो योजना तयार गरिएको छ ।

प्रारम्भिक रुपमा गरिएको प्रकोप, संकटासन्नता तथा जोखिम बिश्लेषणका आधारमा पहिचान गरिएको विभिन्न मुख्य ५ वटा प्राथमिकता प्राप्त प्रकोपहरुका कारण हुन सक्ने विपद्लाई ध्यानमा राखी यो कार्ययोजना तयार गरिएको छ । यस कार्य योजनालाई समय अनुसार आवश्यक परिमार्जन गर्दै लैजान सकिनेछ ।

यस योजनामा तत्कालका लागि निम्न अनुसारका कार्यहरुलाई प्राथमिकताक्रममा सञ्चालन गरिने तय गरिएको छ ।

- नगरपालिका स्तरीय स्थानीय विपद् जोखिम व्यवस्थापन समितिको गठन प्रक्रिया पुरा गर्ने, र वडा तहमा वडा स्तरीय विपद् जोखिम व्यवस्थापन समितिको गठन गरि स्थानीय तहको संस्थागत संरचनामा पूर्णता दिने ।
- विपद् व्यवस्थापनमा स्थानीय सरोकारवालाहरुको भूमिका पहिचान गर्ने, जिम्मेवारी तोक्ने, विज्ञहरुको क्षमता र पहिचान गरि पूर्वतयारीका लागि परिचालन गर्ने ।
- विपद् पूर्वतयारी, प्रतिकार्य र पुर्नस्थापना कार्यका लागि स्रोतको सूची तयार गर्ने र संस्थागत क्षमताको विश्लेषण गर्ने यसमा विशेषत: विज्ञहरूको सूची, खोज तथा उद्धार औजार, अस्पताल र तिनको क्षमताको सूची, एम्बुलेन्स, आकस्मिक सञ्चार सेवाको अवस्था वारुणयन्त्रको अवस्था आदिको विश्लेषण गर्ने ।
- क्षमता विकासका लागि विभिन्न तालिमहरु सञ्चालन गर्ने । विपद् व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्य, तथा अन्य स्वयंसेवकहरुका लागि विपद् व्यवस्थापन, प्रकोप संकटासन्नता र क्षमता विश्लेषण, कार्ययोजना निर्माण लगायतका तालिमहरु दिने । साथै विपद् व्यवस्थापन समितिका सदस्यहरु, वडा स्तर सम्म स्वयंसेवक समूह तयार गरी उनीहरुका लागि खोज उद्धार, प्राथमिक उपचार एवं अन्य क्षमता विकासका तालिम दिने ।
- विपद् पश्चातको अवस्थालाई ध्यानमा राखि आन्तरिक विस्थापितहरुका लागि तत्काल राख्ने खुला र सुरक्षित क्षेत्रको पहिचान तथा योजना तयारी गर्ने । भेला हुने केन्द्र र वसोवास क्षेत्रबाट त्यहाँसम्म पुग्ने बैकल्पिक बाटोको समेत पहिचान गर्ने । नगरपालिकाको खासगरी घना वसोवास भएका क्षेत्र/वडाहरुमा उद्धार प्रकृयामा सहयोग पुऱ्याउनका लागि एक टोल एक खुला क्षेत्रको अवधारणा अनुरुप खुलाक्षेत्र/खुलास्थल प्रयोग सम्वन्धी विधि तयार गर्ने । खुला क्षेत्रको पहिचान, संरक्षणमा पहल गर्ने ।
- आपत्कालीन प्रातिकार्य योजना र व्यवस्थापन विधि प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि नगरपालिका तथा वडातहको क्षमता विकास गर्ने यसका लागि स्थानीय विपद् प्रतिकार्यका लागि खोज तथा उद्धार समुहको क्षमता विकास गर्ने । खोज तथा उद्धार, सामग्री र आवश्यक औजार तथा उपकरणहरु तयारी अवस्थामा राख्ने ।
- विपद्को अवस्थामा दैवी प्रकोप उद्धार कोषबाट प्राप्त हुने सहयोगलाई व्यवस्थित सञ्चालनका लागि प्रारुप तयार गर्ने ।

- महामारीजन्य जोखिम कम गर्न खानेपानीको गुणस्तरमा वृद्धि गर्ने, मुहान संरक्षण, खासगरी वर्षायाम सँगै हुने पानीको प्रदुषणलाई घटाउने कार्यहरु गर्ने ।
- बाढी तथा पहिरोका समयमा नगरपालिका क्षेत्रमा ठुलो क्षति हुने हुनाले ति जोखिम क्षेत्रका वरिपरि रहेका बस्ती तथा समुदायका व्यक्तिहरुलाई सचेतना र पूर्वतयारीका कार्यहरुमा पहल गर्ने, साथै बाढी तथा डुवान नियन्त्रण सम्वन्धी कार्ययोजना वनाउने ।
- भण्डारणगृहको स्थापना तथा व्यवस्थापन गरी गैरखाद्य सामग्री, राहत सामग्री र औषधी समेत तयारी अवस्थामा राख्ने, खाद्य तथा गैर-खाद्य सामाग्रीहरु जिल्ला, क्षेत्रीय तथा केन्द्रीय तहमा भण्डारण गर्नको लागि आवश्यक भण्डारगृह निर्माण, सुधार र मर्मतसम्भारका लागि योजना बनाई कार्यान्वयन गर्ने गराउने ।

धरान नगरपालिका द्वारा गरिने विपद् जोखिम व्यवस्थापनसँग सम्बन्धित यी कार्यहरु यसै योजनालाई सघाउ पुग्ने गरी गरिने छ । त्यसैगरी नगरपालिकामा कार्यरत विभिन्न सरकारी निकायहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी लगायत सबै सरोकारवालाहरुलाई यस योजनाको उद्धेश्यलाई सघाउ पुग्ने गरी कार्यहरु गर्न प्रोत्साहित गरिने छ ।

# १. परिचय

## १.१ पृष्ठभूमि

धरान नगरपालिका प्राकृतिक प्रकोपका दृष्टिले भूकम्प, बाढी, पहिरो र भू-क्षयको उच्च जोखिमको क्षेत्रमा पर्दछ । यस अतिरिक्त महामारी, हावाहुरी, आगलागी, चट्याङ, सर्पदंश तथा जङ्गली जनावरको आक्रमण लगायतका प्रकोप घटनाहरुका कारण पनि समय-समयमा क्षति व्यहोर्नु परिरहेको छ । त्यस्तै नगरपालिकाको मध्यभागवाट बग्ने खहरेखोला र अन्य नदि किनाराका वस्तीहरु पनि वर्षेनी कुनै न कुनै रुपमा बाढीवाट प्रभावित भईरहेका छन् । वि.सं. २०४५ सालको भूकम्पको भयावह क्षति र २०६८ असोज १ गतेको भूकम्पको कारण भएको मानवीय तथा आर्थिक क्षतिको अनुभव पनि धरानसँग ताजै छ ।

भौगर्भिक अवस्थिति तथा धरातलीय स्वरुपका कारण धरान नगरपालिका क्षेत्रले उच्च स्तरको प्राकृतिक प्रकोपको सामना गर्नु परेको छ भने बढ्दो शहरीकरण, उच्च जनघनत्व तथा कमजोर भौतिक संरचनाहरुको कारण धरानको प्रकोप संकटासन्नता तथा जोखिम बढ्दो देखिन्छ । पुराना तथा काठले बनेका घरहरुमा आगलागी; सर्दुखोला र सेउतीखोलाको किनारमा रहेका बस्तीहरुमा बाढी एवं नगरपालिकाको उत्तरी भेगका बस्तीमा पहिरोको जोखिम उच्च रहेको छ । बढ्दो सहरीकरणसँगै भूकम्पीय दृष्टिले भौतिक संरचनाहरु पनि उच्च संकटासन्नताको अवस्थामा रहेका छन् ।

सम्भावित क्षति कम गर्न स्थानीय स्तरमा गरिनुपर्ने विपद् जोखिम न्यूनीकरणका प्रयासहरुलाई योजनाबद्ध ढंगले सञ्चालन गर्नुपर्दछ । विपद्को अवस्थामा सृजित हुनसक्ने परिस्थितिको सामना गर्न सक्ने क्षमताको विकास पनि स्थानीय तह मैं हनु आवश्यक छ र विकास प्रक्रियामा सवै सरोकारवालाहरु संग सहकार्य गर्नु जरुरी छ । यसै तथ्य लाई मनन गरी स्थानीय समुदाय, नगरपालिका स्थित सरकारी तथा गैर-सरकारी संस्था, राजनीतिक दल तथा अन्य सरोकारवालाहरुको सक्रिय सहभागितामा विपद् जोखिम न्यूनीकरण कार्यलाई संस्थागत रुपमा नगरपालिकाको प्रत्येक वडा तथा समुदायस्तरसम्म प्रभावकारी ढङ्गले पुऱ्याउने उद्देश्यले ***“स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८”*** को मातहतमा रही यस धरान नगरपालिका विपद् जोखिम व्यवस्थापन योजना २०७० तर्जुमा गरिएको छ ।

## १.२ उद्देश्य

विपद्को समयमा स्थानीय समुदायमा पर्ने प्रतिकूल प्रभावको सामना गर्न स्थानीय स्रोत-साधनको अधिकतम् उपयोग गर्दै नगरपालिकामा कार्यरत विभिन्न सरकारी एवं स्थानीय निकायहरु, स्थानीय समुदायहरु र अन्य सरोकारवालाहरु, तथा राष्ट्रिय स्तरमा रहेका विभिन्न निकायहरुसँग समन्वय गरी विपद्बाट प्रभावित हुनसक्ने समुदायलाई व्यवस्थित, प्रभावकारी र जवाफदेहीयुक्त ढङ्गले परिचालन गरि नगरपालिकाको विपद् जोखिम न्यूनीकरण कार्यलाई अघि बढाउनु यस योजनाको मूल उद्देश्य हो ।

यस योजनाका निर्दिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन् :

- धरान नगरपालिकाको प्रकोप संकटासन्नता तथा स्थानीय स्रोत, साधन र क्षमताको पहिचान तथा विश्लेषण गर्ने,
- विपद् जोखिम व्यवस्थापनका प्राथमिकता प्राप्त कार्यहरु सहितको योजना तर्जुमा गरी विपद् उत्थानशील समुदायको निर्माण गर्न मार्गदर्शन गर्ने,
- विपद् जोखिम व्यवस्थापनको लागी नगरपालिकामा सवै सरोकारवालाहरुलाई सचेतिकरण गर्दै सहकार्यमा अग्रसर गराउने,
- विपद्को क्षति कम गर्न तथा छिटो र दीगो पुनःस्थापनाका लागी संयन्त्र तयार गर्ने ।

## १.३ संस्थागत व्यवस्था

यो विपद् जोखिम व्यवस्थापन योजना नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा जारी "स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८" लाई आधार मानि तयार गरिएको छ । यो योजना नगरपालिकाको योजनाको रुपमा कार्य गर्नेछ ।

## १.४ योजनाको क्षेत्र तथा सीमा

यो योजना धरान नगरपालिका स्तरमा गर्न सकिने साना तथा मझौला स्तरका विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्यका कार्यहरुमा केन्द्रित रहेको छ । नगरपालिकाको क्षमता भन्दा बाहिरका कार्यहरु जिल्ला दैवी प्रकोप उद्धार समितिको प्रावधान अनुसार हुनेछ जसमा खास गरि उद्धार र राहतको कार्यहरु रहेका हुन्छन् ।

योजना निर्माणका क्रममा धरान नगरपालिकामा कार्यरत बिभिन्न सरकारी निकायहरु, स्थानीय तहमा विपद् जोखिम न्यूनीकरणमा क्रियाशिल रहेका व्यक्ति तथा संघसंस्था, सुरक्षा निकायका प्रतिनिधिहरुको बढि भन्दा बढि सहभागीता गराउने प्रयास गरिएको छ । तापनि नगरपालिकामा कार्यरत कतिपय सरोकारवालाहरुको यसमा प्रत्यक्ष संलग्नता हुन नसकेको र वडास्तरमा समुदाय सँग गरिनुपर्ने विस्तृत परामर्श गर्न सकिएको छैन । विभिन्न प्रकोप जोखिमहरुको लागी संकटासन्नता मूल्याङ्कन पनि वडा स्तरमा गर्न सकिएको छैन । यसका वावजुद् यस योजनाले धरान नगरपालिकाको विपद् जोखिम व्यवस्थापन कार्यमा महत्वपूर्ण खाका तयार गरेको छ । आगामी दिनहरुमा अद्यावधिक तथा समयानुकूल परिमार्जन गर्दै नगरपालिकाको विपद् जोखिम व्यवस्थापन योजनामा समावेश गरिने छ ।

# २. योजना तर्जुमा विधि

यस विपद् जोखिम व्यवस्थापन योजना निर्माणक्रममा धरान नगरपालिकाद्वारा विभिन्न चरणमा बैठक, छलफल तथा कार्यशाला आयोजना गरिएका थिए । धरान नगरपालिकाद्वारा नगरस्तरमा कार्यरत विभिन्न सरकारी निकायहरु तथा जिल्ला विपद् व्यवस्थापन समितिसँग प्रारम्भिक छलफल तथा सहकार्य र समन्वयमा यस कार्यको सुरुवात गरिएको थियो । तत्पश्चात योजना तयारीका लागि स्थानीयतहमा कार्यरत विभिन्न संस्थाका प्रतिनिधिहरु, विज्ञहरु, विपद् व्यवस्थापनका क्षेत्रमा कार्यरत व्यक्तिहरु, राजनैतिक दलका प्रतिनिधिहरु एवं अन्य सरोकारवालाहरु सम्मिलित तीन दिने कार्यशालाको आयोजना गरी उक्त कार्यशाला बाट प्राप्त नतिजा तथा सुझावहरुको विश्लेषणमा यो योजना तयार गरिएको छ । योजना निर्माणक्रममा तयार गरिएको खाकाहरुमा समय समयमा छलफल तथा परिमार्जन गरी योजनालाई अन्तिम रुप दिईएको छ ।

## २.१ प्रारम्भिक तयारी

स्थानीय विपद् जोखिम निर्देशिकामा उल्लेख भए अनुसार धरान नगरपालिकाद्वारा योजना तर्जुमाको लागि नगरपरिषदका प्रतिनिधि, वडा समितिका सदस्य, विभिन्न निकायका प्रतिनिधि, गैरसरकारी संस्था र अन्य सरोकारवालासमेतको सहभागितामा छलफल आयोजना गरिएको थियो । सहभागीहरुमा स्थानीय विपद् जोखिम व्यवस्थापनको बारेमा अवधारणा प्रस्तुत गरी प्रारम्भिक छलफल पश्चात कार्य शुरु गरिएको थियो । यसमा सरोकारवालाहरुको सहयोग तथा भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (एनसेट) को प्राविधिक सहयोग रहेको छ ।

## २.२ कार्यशाला

योजना निर्माणको क्रममा नगरपालिकामा तीनदिने "स्थानीय विपद् जोखिम व्यवस्थापन सम्वन्धी योजना तर्जुमा कार्यशाला" आयोजना गरिएको थियो । धरान नगरपालिकाद्वारा आयोजित यस कार्यशालामा विभिन्न राजनैतिक दलका प्रतिनिधि, सहयोगी संस्थाहरु, स्थानीय तहका प्रतिनिधिहरु लगायत ७० जना भन्दा वढी सहभागीहरुको प्रत्यक्ष सहभागिता रहेको थियो । उक्त कार्यशालाबाट प्राप्त छलफल र नतिजाको आधारमा नगरपालिकाको प्रकोप संकटासन्नता, जोखिम विश्लेषण गरी विपद् व्यवस्थापन कार्ययोजना तयार गरिएको छ । कार्यशाला सम्बन्धी थप विवरण अनुसुची १ मा दिइएको छ ।

## २.३ विपद् जोखिम व्यवस्थापन समिति निर्माण

कार्यशालामा उपस्थित सहभागीहरु मध्येबाट स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ मा आधारित रही, विपद् व्यवस्थापन समितिका सदस्यहरुको चयन गरिएको छ । साथै नगरपालिकाद्वारा अन्य सदस्यहरुको समेत चयन गरि नगरपरिषद्द्वारा पारित गरि विपद् व्यवस्थापन समितिलाई पूर्णता दिइएको छ । समितिको विद्यमान स्वरुप तथा सदस्यहरुको नामावली अनुसूची २ मा दिइएको छ ।

## २.४ प्रकोप तथा संकटासन्नता विश्लेषण

कार्यशालाका सहभागीहरुद्वारा समूहगत रुपमा धरान नगरपालिकाको प्रकोप पहिचान, संकटासन्नता विश्लेण तथा जोखिमको वारेमा छलफल गरिएको थियो । प्रकोप पहिचान, प्रकोप सम्बन्धी जानकारी र विश्लेषण, स्तरीकरण, संकटासन्नताको पहिचान तथा विश्लेषण, क्षमता विश्लेषण आदि प्रक्रियाका साथै यसमा - क) सहभागीद्वारा प्रकोप पहिचान- प्रकोप घटना र सम्भावित खतराको सूचिकरण, ख) जोडामतद्वारा तुलनात्मक प्रकोप विश्लेषण र प्राथमिकीकरण, एवं ग) संकटासन्नता पहिचान, स्थानीय स्तरमा क्षमता विश्लेषण आदि मुख्य रहेका छन् ।

## २.५ विपद् जोखिम व्यवस्थापन योजना निर्माण

धरान नगरपालिकाको विपद् जोखिम व्यवस्थापन योजना तर्जुमाका लागी कार्यशालाका सहभागीहरु मध्ये वाट स्थानीय तहमा गरिनुपर्ने कार्यहरुको छनौट, मुख्यकार्यहरुको प्राथमिकीकरण, पूर्वतयारीका लागि गरिनुपर्ने कार्यहरुको छनौट तथा प्रकोप अनुसार प्राथमिकताका आधारमा गरिनुपर्ने पूर्वतयारीका क्रियाकलापहरुको छनौट गरिएको थियो । सोही आधारमा कार्ययोजना तयारी गरिएको छ ।

## २.६ योजना तर्जुमा प्रक्रियामा सहभागिता

प्रमुख जिल्ला अधिकारी तथा जिल्ला दैवी प्रकोप उद्धार समितिका अध्यक्षद्वारा उद्घाटन, कार्यकारी अधिकृतद्वारा अध्यक्षता, नगरपालिका स्थित कार्यालयहरु, सुरक्षा निकाय, राजनीतिक दलका प्रतिनिधिहरु, विभिन्न गैर सरकारी संस्थाहरुको सहभागितामा यस योजनाको निर्माण गरिएको छ ।

## २.७ अभिलेखीकरण

धरान नगरपालिका विपद् जोखिम व्यवस्थापन समितिद्वारा यो कार्ययोजना तयारीका सन्दर्भमा आयोजना गरिएका वैठक, कार्यशाला तथा अन्य क्रियाकलापहरुको अभिलेखीकरण गरिएको छ । साथै यस योजना निर्माणका क्रममा गरिएका प्रक्रिया/कार्यहरुको अभिलेखहरुको संक्षिप्त विवरण अनुसूची १ मा संलग्न छ ।

## २.८ अनुमोदन तथा कार्यान्वयन

कार्ययोजना तयारीका क्रममा नगरपालिका तहमा विभिन्न परामर्श तथा छलफलहरुवाट प्राप्त सुझावहरु समावेश गरि परिमार्जन सहित यस कार्ययोजनालाई अन्तिम रुप दिईएको छ । र नगरपरिषदद्वारा अनुमोदन गरि स्विकृत गरिएको छ ।

# ३. प्रकोप सङ्कटासन्नता तथा जोखिम विश्लेषण

## ३.१ धरान नगरपालिका सामान्य परिचय

धरान नगरपालिका पूर्वी नेपालको महाभारत पर्वत श्रृङ्खलाको फेदी तथा समथर तराईको उत्तर भागमा पहाड र तराईको संगम स्थलको रुपमा अवस्थित छ । पूर्वाञ्चल विकास क्षेत्रको सुनसरी जिल्लामा पर्ने धरान नेपालको एक सुन्दर तथा साँस्कृतिक विविधता भएको शहर हो । विश्व मानचित्रमा यो नगरपालिका २६°४६'३०" देखि २६°५२'३०" उत्तरी अक्षांश र ८७°१४'१४" देखि ८७°१८'२७" पूर्वी देशान्तर बीचमा (नक्सा १) अवस्थित छ ।

पर्यटकीय सम्भावनाका दृष्टिले धरान एक मनोरम शहर हुनुका साथै पूर्वी पहाडी जिल्लाहरुको प्रवेशद्वारको रुपमा रहेको छ । यस आसपासमा रहेका विभिन्न धार्मिक तथा ऐतिहासिक महत्वका स्थल तथा वस्तुहरुले यहाँको पर्यटकीय तथा साँस्कृतिक महत्वलाई दर्शाउँछ । कुल २२.४ वर्ग किलोमिटर क्षेत्रफल रहेको धरानको पूर्वमा पञ्चकन्या गाउँ विकास समिति (गाविस) र सेउती खोला, पश्चिममा सर्दुखोला, विष्णुपादुका गाविस उत्तरमा भेडेटार र पञ्चकन्या गाविस र दक्षिण तर्फ तराईको चारकोसे झाडी पर्दछन् ।

प्रशासनिक हिसाबले धरान नगरपालिका १९ वडामा विभाजित छ। क्षेत्रफलका हिसाबले वडा नं. ८, ११, १३, १४, १५, १६, १७ र १८ बाहेकका सबै वडाहरु १ वर्ग किलोमिटर भन्दा सानो रहेका छन् । सबै भन्दा ठूलो वडाको रुपमा रहेको वडा नं. १३ ले करिब ४.२१ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको छ। वडा नं. १, २, ५, ६, र ७ ले धरान नगरको पुरानो बजार क्षेत्र जनाउछ भने बाँकी वडाहरु नयाँ बजार/बस्ती क्षेत्रको रुपमा रहेको देखिन्छ साथै वडा नं. ११, १७ र १५ मिश्रित ग्रामिण तथा सहरी वस्तीको रुपमा देखिन्छ।

वडागत जनंख्या हेर्दा वडा नं. ११, १३, १५, १६, १७ र १८ मा घना बस्ती रहेको छ (नक्सा २) भने अन्य वडाहरुमा वस्ती पातलो रहेको देखिन्छ । वि.स. २०६२ को सर्वेक्षण अनुसार वडा नं. १५ र घरधुरीको हिसाबले वडा नं. ८ सबै भन्दा ठुलो वडा देखिन्छ भन्ने वडा नं. ५ र वडा नं. ६ सानो वडाको रुपमा देखिन्छ। वडा नं.१४ मा १३ व्यक्ति प्रतिहेक्टर जनघनत्व रहेछ भने वडा नं. ३ मा ३७५ व्यक्ति प्रतिहेक्टर जनघनत्व भएको देखिन्छ (अनुसुची ३) । वि.सं. २०५८ को तुलनामा वि.स. २०६२ मा घरधुरी र जनसङख्याको आधारमा वडा नं. ११, १५, १६, १७, १८ मा जनसङख्या तथा घरधुरीमा वृद्धि भएको छ।

धरान नगरपालिकाको हावापानी उष्ण मनसुनी प्रकारको रहेको छ। गर्मीमा उच्चतम औसत २८ देखि ३० डिग्री सेल्सियस तापक्रम र जाडोमा न्युनतम औसत १४ देखि १८ डिग्री सेल्सियस सम्मको तापक्रम रहन्छ । त्यसैगरी नगरपालिकामा औषत वर्षा वार्षिक २६२६ मिलीमिटर रहेको छ।

सडक यातायातको पहुँचको सुविधाका दृष्टिले बिराटनगर र इटहरी जस्ता ठूला शहरबाट कोशी राजमार्ग हुँदै धरान पुग्न सकिन्छ भने धरान हुँदै धनकुटा, भोजपुर, संखुवासभा र तेह्रथुम जिल्ला पुग्न सकिन्छ।




**नक्सा १: सुनसरी जिल्लाको नक्सा तथा धरान नगरपालिकाको अवस्थिति**

वि.सं. २०६२ को एक सर्वेक्षण (वातावरणीय विवरण ध.न.पा.र SEAM-N, 2003) अनुसार धरान नगरपालिकाको कुल जनसङ्ख्याको ६२.४ प्रतिशत जनसंख्या उमेरको हिसाबले आर्थिक रुपले सक्रिय रहेको स्थिति भएपनि झण्डै २.८% बेरोजगार र विद्यार्थी २४.०% रहेका छन् ।

पेशागत रुपमा करिब १४.७% जनसंख्या कृषि पेशामा संलग्न रहेको, करिब १.५% जनसंख्याको मुख्य आम्दानीको श्रोत रोजगार, व्यापार व्यवसायसँग सम्वन्धित रहेको छ । त्यसैगरी ३.३% सरकारी सेवा र गैह्र सरकारी संघसस्थामा कार्यरत छन् भने शैक्षिक पेशामा संलग्न ३.१% रहेका छन् । प्रविधिक पेशा तर्फ ०.८ %, साधारण मजदुरी तर्फ ५.१ % र शैक्षिक क्षेत्रमा ३.१% जनसंख्या सक्रिय भएको देखिन्छ । कुल जनसंख्याको ३०.९५ % गृहिणी र पेशा उल्लेख नभएको १२.८ % रहेको छ ।


राष्ट्रिय जनगणना २०४८, २०५८ र २०६८ अनुसार धरान नगरपालिकाको जनसंख्या निम्नाअनुसार रहेको छ ।

**तालिका १: धरान नगरपालिकाको जनसंख्या तथा घरधुरी संख्या**

| वर्ष | जम्मा जनसंख्या | पुरुष | महिला | घरधुरी संख्या | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|
| २०४८ | ६६,४५७ | ३३,४०५ | ३३,०५२ | १२,५४९ | १.०१ |
| २०५८ | ९५,३३२ | ४७,१२१ | ४८,२११ | २०,४२८ | ०.९८ |
| २०६८ | १,१६,१८१ | ५४,५९९ | ६१,५८२ | २७,७५० | ०.८८ |

स्रोतः जिल्ला पार्श्वचित्र, सुनसरी २०६२, राष्ट्रिय जनगणना २०६८, केन्द्रिय तथ्याङ्क विभाग

भवन निर्माणका दृष्टिले धरान नगरपालिकामा रहेका भवनहरुलाई विभिन्न ४ प्रकारमा वर्गीकरण गर्न सकिन्छ – पक्की, अर्धपक्की, कच्ची र अन्य । जिल्ला पार्श्वचित्र, सुनसरी, २०६२ को तथ्याङक अनुसार नगरपालिकामा रहेका कुल २२,७११ भवनहरु मध्ये १४,१११ अर्थात ६२.१% जतिको पक्की घर रहेको छ । त्यसैगरी नगर क्षेत्रमा अर्धपक्की र कच्ची गरी क्रमशः ३०.४% र ७.४% घर रहेको छ ।





**नक्सा २: वि. सं. २०६८ अनुसार धरान नगरपालिकाको वडागत जनघनत्व**

धरान नगरपालिका भित्र कच्ची, ग्राभेल र कालोपत्रे गरि सडकको कूल लम्बाई १९१.२ कि.मी. रहेको छ । यस मध्ये करिब ७२.४ कि.मी बाटो कालोपत्रे छ भने बाँकी ग्राभेल र कच्ची सडक गरी क्रमश: २५.९ र ९०.१ कि.मी छ । वर्तमान अवस्थामा उपलब्ध सडकले ९५,००० भन्दा बढि जनसंख्यालाई सुविधा पुऱ्याइरहेको छ ।

नगरक्षेत्रमा खानेपानीको आपूर्ति खानेपानी कार्यालय मार्फत हुँदै आएको छ । खानेपानी संस्थानबाट ८५% जनताले सुविधा पाएको र बाँकीले सार्वजनिक धारा, सानातिना मूलजस्ता परम्परागत स्रोतहरु बाट पानी उपभोग गरिरहेका छन् । पिउने पानीका श्रोतको प्रकार अनुसार ९८.९ % घरपरिवार धारा पाईपको पानी प्रयोग गर्छन् यस नगरमा भने इनार, नदिखोला पनि प्रयोग भएको देखिन्छ (धरान नगरपालिकाको प्रतिवेदन, २०६६) ।

भू-उपयोगका दृष्टिले धरान नगरपालिकाको कुल क्षेत्रफल २,११२ हेक्टर मानी गरिएको क्षेत्रफलको लगभग ८३ % सहरी निर्मितक्षेत्र (Bulit up Area) ले ओगटेको देखिन्छ (नक्सा ३, अनुसुची ४) जस अनुसार आवासीय क्षेत्र ७४० हेक्टर (हे.) (३५.०३ %), व्यापारिक क्षेत्र १४ हे. (१.५ %), व्यापारिक तथा आवासीय क्षेत्र २३ हे. (१.१ %), औद्योगिक क्षेत्र १४ हे. (०.७ %) र संस्थागत क्षेत्र १९२ हे. (९.१ %) हुन आउँछ । धरान नगरपालिकाको भू-उपयोगमा मुख्यत सहरी, छरिएर रहेको बस्ती र वनक्षेत्र नै समावेश भएको छ । त्यसैगरी कृषिक्षेत्र ३६.५ %, वनक्षेत्र ७.३ %, र खोला/खहरे ७.१ % रहेको छ । धरान नगरपालिका भित्र नर्सरी पार्क र सुकुम्वासी क्षेत्र क्रमशः १.६ % र ०.९ % रहेको छ ।




**नक्सा ३: धरान भूउपयोग नक्सा**

## ३.२ प्रकोप पहिचान तथा विश्लेषण

धरान नगरपालिका भूकम्प, बाढी, पहिरो, चट्याङ, आगलागी, महामारी, हावाहुरी लगायतका प्रकोप घटनाहरुवाट प्रभावित भइरहने नगरपालिका हो । विगतका ४२ बर्षयता जिल्ला तथा नगरपालिकामा भएका प्रकोपका घटनाहरुलाई हेर्ने हो भने यहाँ भूकम्प, बाढी, पहिरो आगलागी, हावाहुरी, शितलहर र सडक दुर्घटना नै मुख्य रुपमा देखिएका छन् (तालिका २, अनुसुची ५ । यसमध्ये पनि सुनसरी जिल्ला तथा धरान नगरपालिकामा प्रकोप भन्ने बित्तिकै वि.स.२०४५ सालको भूकम्प र २०६५ सालको बाढीलाई स्मरण गराउँछ जसका कारण यस जिल्लाका सबै गाविस तथा नगरपालिका कुनै न कुनै रुपमा प्रभावित भएका थिए । विगतमा

घटेका प्रकोपका घटनाहरुको कारण भएको क्षति सम्वन्धी प्राप्त तथ्याङकहरुको आधारमा धरान नगरपालिकामा प्रकोपका घटनाहरुको कारण निम्नानुसार क्षति भएको देखिन्छ ।

**तालिका २: धरान नगरपालिकामा विगतमा विभिन्न प्रकोपका घटनाहरुको कारण भएको असर**

| प्रकोप | घटना संख्या | मृत्यु संख्या | घाईते संख्या | पूर्णरुपले क्षतिग्रस्त भवनहरु | आशिक क्षतिग्रस्त भवनहरु | प्रभावित जनसंख्या |
|---|---|---|---|---|---|---|
| दुर्घटना | २ | २ | - | - | - | - |
| शीतलहर | १ | १ | - | - | - | - |
| भूकम्प [1] | १ | २ | १२ | - | - | - |
| महामारी | १० | ५४ | - | - | - | २५५ |
| आगलागी | १७ | ५ | १ | १९ | ३ | ३७ |
| बाढी | ७ | - | - | ९१ | ७७ | १२३४ |
| हावाहुरी | २ | ५ | - | - | १ | २५० |
| संरचना नष्ट | १ | २३ | ६५ | २ | - | - |
| चट्याङ् | १ | ८ | ११ | - | - | - |
| जम्मा | ४५ | १०० | ८९ | ११२ | ८१ | १७७६ |

श्रोत : डेसईन्भनेन्टार डाटावेस नेपाल, (सन् १९७१ देखि २०१२, ४२ वर्षको अवधि समावेश), एनसेट


जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको लागि सुनसरी जिल्लाले विभिन्न प्रकोपहरुको पहिचान गरी जिल्लाका सबै गाविस र नगरपलिकाहरुलाई जोखिमको हिसाबले उच्च, मध्यम र निम्न गरी ३ स्तरमा वर्गीकरण गरेको छ । जस अनुसार धरान नगरपालिका प्रकोप संकटासन्नताको स्तर तालिका ३ मा उल्लेख गरिए अनुसार रहेको छ । जस अनुसार धरान नगरपलिकामा विगतका भूकम्पहरुको अनुभवका आधारमा भूकम्पीय प्रकोपको जोखिम उच्च रहेको छ । त्यसबाहेक बाढी, पहिरो, आगलागी, महामारी जस्ता प्रकोपको जोखिम पनि मध्यम खालको देखिन्छ ।

**तालिका ३: धरान नगरपालिकामा प्रकोप र संकटाभिमुखताको स्तर**

| सम्भावित प्रकोपको प्रकार (निम्न १, मध्यम ३, उच्च ५) | | | | | | संकटाभिमुखता स्तर |
|---|---|---|---|---|---|---|
| भूकम्प | बाढी | पहिरो | आगलागी | महामारी | शीतलहर | |
| छ | घ | घ | घ | घ | | मध्यम |

श्रोतः विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना सुनसरी, २०६८

१ यस तथ्याङ्कमा २०४५ सालको भूकम्प र त्यसवाट धरान नगरपालिकामा भएको क्षति उल्लेख गरिएको छैन । यस सम्वन्धि थप जानकारी विवरण तालिका ४ र अनुसुची ९ मा दिईएको छ । यस तालिकामा २०६८ आश्विन १ को भूकम्पवाट धरानमा भएको क्षति विवरण भने समावेश छ ।




(सन् १९७१-२०१२ सम्मको डेसइन्भेन्टार तथ्याङ्कको आधारमा)

**नक्सा ४ : सुनसरी जिल्लामा विगतमा भएका प्रकोपका घटनाहरुका कारण भएको मानवीय तथा भवन क्षति**

माथि उल्लेखित तथ्याङ्कको साथसाथै नगरपालिकासँग जोडिएका गाविसहरु तथा सर्दु र सेउती खोलाको छेउमा हुने पहिरोका घटनाहरुले वर्षेनी धरान नगरपालिकालाई प्रत्यक्ष/अप्रत्यक्ष रुपमा क्षति पुऱ्याईरहेको छ।

## ३.३ विगतमा भएका मुख्य प्रकोप घटनाहरु तथा क्षतिको विश्लेषण

माथी उल्लेखित तथ्याङ्कहरुको साथै कार्यशालाका सहभागीहरु विचको छलफल र अन्तरक्रियाको माध्यमवाट स्थानीय तहमा भएका क्षतिको विवरण संकलन गरी विगतमा भएका क्षतिको आॅकलन तथा प्रकोप विश्लेषण गरिएको छ। विभिन्न समूहमा विभाजित सहभागीहरु बाट प्राप्त विवरणलाई समावेश गरि एकीकृतरुपमा तलको तालिका ४ तयार गरिएको छ।

**तालिका २: विगतका मुख्य प्रकोप घटनाहरु तथा क्षतिको विवरण**


| वर्ष | स्थान | प्रकोपको प्रकार | क्षति विवरण |
|---|---|---|---|
| २०३१ | धरान | हैजा, महामारी | लगभग २० जनाको मृत्यु |
| २०४०/०४१ | धरान (मान्चौक) | चट्यांग | ५ को मृत्यु |
| २०४२ | धरान सर्दुखोला | बाढी | ४ जना घाइते, लगभग रु. २० लाखको सम्पति क्षति |

| वर्ष | स्थान | प्रकोपको प्रकार | क्षति विवरण |
|---|---|---|---|
| २०४५ | धरान क्षेत्र | भूकम्प | लगभग १८० जनाको मृत्यु, २५० घाइते, २११७ जना अपाङ्ग, ५०० घर क्षतिग्रस्त, १० हजार परिवार प्रभावित र १०० घर बिस्थापित करोडौ रुपैया बराबरको भौतिक क्षति, |
| २०४५ | धरान क्षेत्र | महामारी | आँखा पाक्ने तथा झाडापखाला प्रकोप |
| २०४५ | धरान-४ | आगलागी | १ जनाको मृत्यु /१० जना घाइते/बस्तु ४ वटा मृत्यु/२ घर नष्ट |
| २०४६ | धरान ५ | आगलागी | १ घर नष्ट |
| २०५६ | धरान २ | आगलागी | ४ घर नष्ट |
| २०६५ | सुनसरी बाढी | जनधनको क्षति | हजारौं हेक्टर जमिन डुबान |
| २०६६ | धरान चर्च | दुर्घटना | लगभग ३० जनाको मृत्यु |
| २०६६ | धरान क्षेत्र | आगलागी | १ घर, जनधनको क्षति रु. ५ लाख |
| २०६८ | धरान ५ | आगलागी | १ घर नष्ट |
| २०६८ | धरान ८ | आगलागी | १ घर नष्ट, १ बालक मृत्यु |
| २०६८ | धरान | भूकम्प | २ जनाको मृत्यु, १२ जना घाइते, ५० लाख सम्पतिको क्षति |
| २०६८ | धरान (राई टोल) | पहिरो | रुख बिरुवाको क्षति |
| २०६८ | धरान | पहिरो | खानेपानी पाइप ,बोटबिरुवा नष्ट, रु ३ लाख वरावर क्षति |
| २०६९ | धरान ५ | आगलागी | १ घर नष्ट |
| २०६९ | धरान क्षेत्र | पहिरो | २ जना, जनधनको क्षति |
| २०६९ | धरान | आगलागी | घर १/ सम्पति रु. ५ करोड |
| बर्षेनी | धरान क्षेत्र | बाढी | २ जना घाइते/ ५ खेति योग्य जमिन बगाएको/ ३२ घर क्षतिग्रस्त र बिस्थापित |
| प्रत्येक वर्ष | धरान | आगलागी/डढेलो | १ जनाको मृत्यु ,१ जना घाइते, करोडौ क्षति |

श्रोतः कार्यशालामा सहभागीहरुको विवरणका आधारमा

माथिको तालिका ४ मा वि.सं. २०३१ सालदेखि हाल (२०६९) सम्म मुख्य प्रकोपका घटनाहरुको प्रकृतिलाई देखाईएको छ। कार्यशालामा सहभागीहरुको जानकारीमा आधारित यी घटनाहरुले धरान नगरपालिकामा मुख्य रुपमा दोहोरिईरहने प्रकोपका घटनाहरुलाई प्रतिविम्वित गर्दछन्। मुख्य घटना र त्यसवाट धरान नगरपालिकामा परेको क्षतिलाई तलको चित्रमा प्रस्तुत गरिएको छ। यसरी तालिका ४ तथा चित्र (१) हेर्दा धरान नगरपालिकामा


मुख्य रुपले आगलागी, महामारी, बाढी, पहिरो, चट्यांङ्ग, आदि बारम्वार दोहोरिइरहने प्रकोपका घटनाहरु देखिन्छन, जसकारण वर्षेनी कुनै न कुनै रुपमा क्षति भइरहेको देखिन्छ । भूकम्प भने एक अनुमान गर्न नसकिने घटना भएको र यसले धरान लगायत यस क्षेत्रमा विगतमा ठूलो क्षति पुऱ्याएको छ ।




**चित्र १ :प्रकोप समय रेखा**

## ३.४ मौसम अनुसार प्रकोपको असर

मौसम अनुसार हुनसक्ने मुख्य प्रकोपहरुको सम्भावित असरको वारेमा पनि विश्लेषण गरिएको छ (चित्र २) । यसका लागि नेपाल डेसईन्भेन्टार डाटावेस (श्रोतः डेस्ईन्भनेन्टार डाटावेस नेपाल, सन् १९७१ देखि २०१२, ४२ वर्षको अवधि समावेश, एनसेट) तथ्याङ्कलाई मुख्य आधार मानेर कार्यशालाका सहभागीहरुको विस्तृत छलफल र निष्कर्ष अनुसार विश्लेषण गरिएको छ । मुख्य प्रकोप र त्यसको मौसमी असरको वारेमा चित्र २ तथा तालिका ५ मा देखाइएको छ ।




**चित्र २: धरान नगरपालिकामा महिना अनुसारको मानवीय क्षति र असरको स्वरुप (१९७१-२०१२ सम्मको डेसइन्भेन्टार तथ्याङ्कको आधारमा)**

सुनसरी जिल्लामा विगतमा भएका प्रकोपका घटनाहरु को आधारमा (अनुसुची ५ र ६) र धरान नगरपालिका क्षेत्रभित्र भएका प्रकोप घटनाहरुलाई आधार मानेर महिना अनुसार प्रकोपको असर हेर्दा श्रावण-भाद्र महिनामा अत्यधिक मात्रामा प्रकोपका घटना हुने र मानवीय क्षति सवैभन्दा वढी भएको देखिन्छ । त्यसैगरी प्रभावित जनसङख्या भाद्र-असोज महिनामा बढी देखिन्छ ।

**तालिका ३: धरान नगरपालिकामा घटने प्रकोपको मौसमी प्रकृति**


| प्रकोप | मुख्य रुपमा प्रभावित हुने समय र नगरपालिका क्षेत्रहरु |
|---|---|
| बाढी | साउन र भाद्र महिनामा सर्दु र सेउती खोलामा आउने बाढी बाट धरानमा बढी क्षति हुने गरेको छ । |
| पहिरो | साउन, भाद्र र असोज महिनामा नगरको उत्तरी भेगमा बढी मात्रामा पहिरोले क्षति पुऱ्याउने गरेको छ । |
| आगलागी | बैशाख, माघ, फाल्गुण र चैत्र महिनामा बढी आगलागीका घटनाहरु हुने गर्दछन् । |
| हुरीवतास | चैत्र र बैशाख महिनामा साथै केहि कम मात्रामा फाल्गुणमा पनि हुरि-बतास चल्ने र क्षति पुऱ्याउने गर्दछ । |
| महामारी | असार, साउन र भाद्र महिनामा विशेष गरी झाडा पखाला जस्ता महामारीको प्रकोप देखिन्छ । |
| शितलहर | माघ महिना |
| वाँदर, जनावर आतंक, सर्पदंश | बर्षभरि नै जंगली हात्तीको आक्रमण हुने सम्भावना । वाँदर आक्रमण, तथा सर्पदंशका कारण हुने क्षति । |

## ३.५ धरान नगरपालिकाको विपद् जोखिम लेखाजोखा

धरान नगरपालिका समुद्री सतहवाट ४००-५०० मी. को औसत उचाईमा शिवालिक पहाड र तराईको विच भागमा अवस्थित छ । पूर्व र पश्चिममा उत्तर दक्षिण भएर बग्ने सेउति र सर्दुखोलाको कारण धरानमा बाढीको प्रकोप उच्च रहेको छ । त्यस्तै शहरको मध्य भाग भएर बग्ने खहरेखोलाहरुको कारण पनि सहरको मध्य भाग खहरे वाढीको वढी प्रकोपमा छ । नदिकटान, पहिरो आदिका कारण धरान नगरपालिकाका धेरै क्षेत्रहरु प्रभावित छन् ।

समग्र धरान नगरपालिकाको जनसंख्या एवं वडागत घरधुरी संख्यामा भएको वृद्धिलाई हेर्दा धरान नगरपालिकाको शहरीकरण भित्री भागबाट दक्षिण-पश्चिम र पूर्वतर्फ विस्तार हुँदै गएको देखिन्छ । यद्यपि नगरपालिकाको सीमानामा पर्ने सर्दु र सेउती खोलाले पूर्व र पश्चिम तर्फको विस्तारलाई निश्चित क्षेत्रमा सिमित गराएको (नक्सा ५) छ ।


भवन निर्माण तथा घरको तल्लाको हकमा यस नगरपालिकामा कूल घरधुरी मध्ये ४२.१% घर दुई तल्ले रहेका छन् भने २०% तीन वा सो भन्दा बढी तल्ले देखिन्छ । अर्ध पक्की घरहरु १४% र दुई तल्ला भएको तथा जस्ता र काठ प्रयोग भएको देखिन्छ । तीन तल्ला भन्दा बढी घर बनाउनेको संख्या भने ६% छ । दुई तल्ला वा सो भन्दा माथिका घरहहरु प्राय पक्की छाना ६८% रहेको छ भने अर्धकच्ची र कच्चीमा जस्ता कर्कटपाता र खरको प्रयोग भएको देखिन्छ (वातावरणीय विवरण, धरान) ।




**नक्सा ५: धरान नगरपालिकाको अवस्थिति र मुख्य नदिहरु**

नगरपालिका भूकम्पीय दृष्टिले जोखिमयुक्त क्षेत्रमा रहेको छ । धरान नगरपालिका २०४५ सालको भूकम्पका कारण गम्भिर क्षति व्यहोरेको सहर हो । जसमा नगरपालिका भित्र १२८

जनाको मृत्यु, २११७ घाईते, तथा २५०० घरहरु क्षतिग्रस्त भएका थिए, भने २०६८ असोज १ को भूकम्पका कारण पनि क्षति व्यहोरेको थियो । भूकम्पीय दृष्टिले जनसंख्या वितरण, भवनहरुको वितरणको आधारमा गरिएको अध्ययन अनुसार धरान नगरपालिकामा भूकम्पीय जोखिमका दृष्टिले मानवीय क्षति हुनसक्ने क्षेत्रलाई तलको नक्सा ६ मा देखाईएको छ ।





**नक्सा ६: धरान नगरपालिका भूकम्पीय जोखिम र मानवीय क्षति हुनसक्ने मुख्य क्षेत्र**

*नगरपालिकास्तरीय भूकम्पीय जोखिम व्यवस्थापन कार्यक्रम अन्तर्गत भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल (एनसेट) र धरान नगरपालिकाको सहकार्यमा सञ्चालित धरान नगरपालिकाको भूकम्पीय जोखिम मूल्याङ्कन (अप्रकाशित प्रतिवेदन) र भूकम्पीय जोखिम व्यवस्थापन कार्ययोजना तयारीमा धरान नगरक्षेत्रका लागि तयार गरिएको विपद् परिदृश्य (मानवीय क्षति) मा आधारित नक्शा ।*

त्यस्तै बाढीको सन्दर्भमा सर्दुखोला र सेउती खोलाको किनारमा रहेको बस्तीहरुमा बाढीको जोखिम निकै ठूलो रहेको छ (नक्सा ७) । यसका साथै शहरको केन्द्रभाग भएर बग्ने खहरेखोलाहरुको कारण पनि शहरको मध्यभाग खहरे बाढीको जोखिममा रहेको छ (नक्सा ७) । बाढीको कारण घरहरु मात्र नभई बाटो पूल, विद्यालय तथा अन्य सार्वजनिक सम्पतिहरु, भौतिक संरचनाहरुको वर्षेनी क्षति भईरहेको छ । जसको पुनर्निर्माणका लागि ठूलो धनराशी खर्च भईरहेको छ ।

नदी किनारामा अतिक्रमण तथा अनधिकृत रुपमा बनाईएका घरहरु तथा बस्तीहरुमा बाढीको जोखिम धेरै उच्च रहेको छ । वसाई सरि आएका र रोजगारीको खोजी, अभावमा रहेका जनसंख्या मानिसहरुको यस क्षेत्रमा वसोवास विशेषगरि विगतका केहि वर्षहरुमा ह्वात्तै वढेको देखिन्छ (नक्सा ८) । जहाँ बाढीको कारण वर्षेनी जसो घरहरुको पुननिर्माण गरिरहनु पर्ने हुन्छ । यसरी धरान नगरापालिकाको विभिन्न क्षेत्रमा बाढी पहिरोको समस्या वर्षेनी भईरहने र जोखिमको मात्रामा पनि हरेक वर्ष वृद्धि भइरहेको छ ।

बाढी जस्तै भूस्खलनको कारण पनि धरान नगरपालिकाका विभिन्न स्थान जोखिममा रहेका छन् । नगरपालिकाको उत्तर पूर्वमा रहेको विजयपुर डाँडा लगायत यस वरिपरिका क्षेत्रहरु, नगरपालिकाको उत्तरी भागमा यस प्रकारको जोखिममा रहेका मुख्य क्षेत्रहरु हुन् । उच्च तीव्रतायुक्त भूकम्पको अवस्थामा कारणवश सर्दुखोला नदी अवरुद्ध हुनगई कृत्रिम बाँध सृजना हुन गएको (नक्सा ७) अवस्थामा धरान नगरपालिकाको ठूलो क्षेत्र खासगरी सुकम्वासी वस्तीहरु, जहाँ घरहरु नदी किनारामा रहेका छन्, बाढीले ठूलो क्षति पुऱ्याउन सक्ने देखिन्छ । सर्दुखोला किनाराका बस्तीहरुमा बाढी तथा पहिरोका कारण वर्षेनी क्षति भईरहेको देखिन्छ ।




**नक्सा ७: धरानमा बाढीको कारण प्रभावित हुनसक्ने क्षेत्र**


*नगरक्षेत्र भएर वग्ने सेउतीखोला, सर्दुखोला र खहरेखोला छेउमा रहेका घना वस्तीहरुमा देखिने बाढीको सम्भावित क्षेत्रहरु । यी नदि किनाराका बस्तीहरुमा बाढीका कारण वर्षेनी क्षति भईरहेको हुन्छ । नक्शा श्रोत: सुदमायर र अन्य (२०१२) ।*

धरान आगलागीको दृष्टिले पनि एक जोखिमयुक्त शहर हो । पुराना तथा काठले बनेका, तथा फुसको छाना भएका घरहरु, घना र नदी किनारमा बसाईएका सुकुम्बासी वस्तीहरुमा

आगलागीका मुख्य जोखिमयुक्त क्षेत्रहरु हुन्, यी मध्ये वडा नं. १० का, सर्दु किनार लगायतका स्थानहरु मुख्य छन् ।

महामारीको दृष्टिले पनि धरान नगरपालिका जोखिमयुक्त छ । अस्पतालको पहुँच सापेक्षित रुपमा सजिलो भएपनि शुद्ध खानेपानीको अभाव, गर्मीयाममा आवश्यक मात्रामा जल-आपूर्ति हुन नसक्नु र सरसफाईको उपयुक्त सावधानी अपनाउन नसक्नु, जनचेतनाको अभाव आदि यसका मुख्य कारणहरु हुन् । महामारीको दृष्टिले वैशाख देखि श्रावण महिना बढी संवेदनशिल रहिआएको छ । नियमित रुपमा शुद्ध खानेपानी आपूर्ति, आधारभूत सरसफाई सुविधाको अभाव तथा फोहर संकलनमा समस्या आदि धरान नगरपालिकाका मुख्य समस्याहरु हुन् ।

भवन निर्माण संहिता लागु गरिएको दृष्टिले धरान अग्रणी नगरपालिका हो । उक्त संहिताको वडा तथा समुदाय तहमैं प्रभावकारी कार्यान्वयनका लागि थप पहल हुनु जरुरी रहेको छ । भूकम्पीय जोखिम न्यूनीकरणका लागि भवन संहिताको कार्यान्वयनमा समुदाय स्तरबाटै पहल हुंदा अझ वढी सुरक्षित निर्माण गर्न सकिन्छ ।




**नक्सा ८: पहिरो/बाढीको जोखिम रहेका नदी किनारमा रहेका बस्ती**

*सर्दुखोला, सन २००५ को गुगलअर्थ नक्सामा (बाँया), सोही स्थान २००९ मा , आईकोनसको नक्शामा (दाँया), अनौपचारिक तवरले घर बनाएर वसिरहेका लगभग २०० घर परिवार, धेरैजसो मध्य पहाडी जिल्लाबाट बसाई सरी उक्त समतल नदी किनारमा बसेका छन, सामुदायिक वनको विस्तारले उत्तरी भेगमा पहिरोको जोखिम घटाएको छ, तापनि बाढीको जोखिम भने अझै उच्च देखिन्छ । नक्शा श्रोत: सुदमायर र अन्य (२०१२) ।*

यसरी धरान नगरपालिकाको विभिन्न क्षेत्रहरु कुनै न कुनै रुपमा प्रभावित हुने देखिन्छ । माथिका नक्साहरुमा धरान नगरपालिकाको भूकम्पीय जोखिम विश्लेषण, बाढीको कारण प्रभावित हुनसक्ने क्षेत्रहरु त्यस्तै पहिरो लगायत, आगलागी, महामारी जस्ता मुख्य विपद्हरुको जोखिम रहेको देखिन्छ ।

यसरी समग्रमा धरान नगरपालिकाले बढ्दो जनसङख्या संगै वर्षेनी रुपमा व्योहोर्दै आइरहेका बाढी, पहिरो, आगलागी, महामारी, खानेपानीको अभाव, भूकम्पीय दृष्टिले जोखिमयुक्त भवनहरु, नदी किनारामा रहेका बस्तीहरु, जनचेतनाको कमी जस्ता कारण यहाँको विपद् जोखिम बढिरहेको छ । शहरलाई व्यवस्थित रुपमा विकसित गर्दै लैजानको लागि उपयुक्त भू-उपयोग योजनाको अभावका कारण विपद् सम्वेदनशिल क्षेत्रहरुमा बस्ती विस्तार भईरहेको देखिन्छ, जसका कारण धरै जनसंख्या जोखिमको अवस्थामा छन् ।

## ३.६ सम्भाव्य प्रकोपको स्तरीकरण

सम्भाव्य प्रकोपको स्तरीकरण प्रक्रियामा कार्यशालाका सहभागीहरुको मतको आधारमा जोडागत विधि अपनाएर गरिएको छ । जस अनुसार प्रत्येक समुहका सहभागीहरुलाई नगर क्षेत्रमा हुन सक्ने विपद्को बारेमा छलफल गराई, तुलनात्मक रुपमा मत विभाजन गर्न लगाइएको थियो । कार्यशालामा उपस्थित सहभागीहरु बीचको वृहत छलफल र मतको आधारमा धरान नगरपालिकाको सम्भाव्य प्रकोपको स्तरीकरण गरिएको छ । जसको नतिजा तलको तालिका (तालिका ६) मा प्रस्तुत गरिएको छ ।

**तालिका ४: प्रकोपको स्तरीकरण**

| प्रकोप | पहिरो | वाढी | आगलागी | हुरी | महामारी | भूकम्प | चट्याङ्ग | शीत लहर | जंगली जनावर |
|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | ३१ | ३२ | २१ | ८ | ३६ | १ | ० | ५ |
| वाढी | ५ | | २१ | ३ | ४ | १९ | १ | ० | ५ |
| आगलागी | ४ | १५ | | ० | ० | ३६ | १ | ० | २ |
| हुरी | १५ | ३३ | ३६ | | १३ | ३६ | १ | ० | ३ |
| महामारी | २८ | ३२ | ३६ | २३ | | ३६ | १ | ० | ५ |
| भूकम्प | ० | १७ | ० | ० | ० | | १ | ० | १ |
| चट्याङ्ग | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | | ० | १६ |
| शीतलहर | ३६ | ३६ | ३६ | ३६ | ३६ | ३६ | ३६ | | २८ |
| जंगली जनावर | ३१ | ३१ | ३४ | ३३ | ३१ | ३५ | २० | ८ | |
| जम्मा | १५४ | २३० | २३० | १५१ | १२७ | २६९ | ६२ | ८ | ६५ |
| Rank | ४ | २ | २ | ५ | ६ | १ | ८ | ९ | ७ |
| | पहिरो | वाढी | आगलागी | हुरी | महामारी | भूकम्प | चट्याङ्ग | शीत लहर | जंगली जनावर |

सूचीकृत भएका प्रकोपहरुलाई विगतका वर्षहरुको प्रकोप इतिहास, तथा अन्य उपलब्ध तथ्याङ्कहरुको विश्लेषण एवं कार्यशालामा सहभागीहरुको छलफलवाट प्राप्त मतवाट प्राप्त नतिजा, छलफल तथा स्तरीकरण (तालिका ६) अनुसार नगरपालिका क्षेत्रमा वढी प्रभावित गर्न सक्ने विपद्हरुलाई निम्नानुसार प्राथमिताक्रम निर्धारण गरिएको छ :

| | | |
|---|---|---|
| १. भूकम्प | २. बाढी | ३. आगलागी |
| ४. पहिरो | ५. हुरी | ६. महामारी |
| ७. जङगली जनावर | ८. चट्याङ्ग | |

यसप्रकार धरान नगरपालिका भूकम्पीय दृष्टिले सवैभन्दा वढी जोखिममा रहेको देखिन्छ भने बाढी, आगलागी, पहिरो आदि क्रमश : दोश्रो, तेश्रो र चौथो प्राथमिकताक्रममा रहेका छन् ।

## ३.७ संकटासन्नता विश्लेषण

धरान नगरपालिकाको प्रकोप अनुसारको संकटासन्नता विश्लेषण "स्थानीय जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८" मा आधारित रही गरिएको छ । कार्यशालामा सहभागीहरुको समूहकार्य र अन्तरक्रियावाट प्राप्त नतिजा तथा अन्य विश्लेषणको आधारमा धरान नगरपालिकामा प्रकोप अनुसारको संकटासन्नता स्तरलाई (तालिका ७) देखाईएको छ । यस विश्लेषणमा समग्र धरान नगरपालिका लाई हेरेर गरिएको छ । वडातहमा सङ्कटासन्नता थप विश्लेषणका लागि विगतमा भएका घटनाक्रमहरुको अध्ययनलाई आधार मानेर जनसंख्याको उत्थानशीलता, संकटासन्न भौतिक पुर्वाधारहरुको आधारमा विपद् संवेदनशीलतालाई मापन गर्न सकिन्छ । वडास्तरमा उपलब्ध हुने तथ्यांकहरुको विश्लेषण तथा सूचना सङ्कलन पश्चात् संकटासन्नताको थप विश्लेषण र स्तरीकरण गरिने छ ।

**तालिका ५: धरान नगरपालिकाको प्रकोप अनुसारको संकटासन्नता विश्लेषण**

| प्रकोप | जोखिममा रहेका तत्व र स्थानहरु | सम्भावित खतरा | संकटासंन्नताका कारणहरु | असर पर्ने क्षेत्रहरु | जोखिम न्यूनीकरणका उपायहरु |
|---|---|---|---|---|---|
| भूकम्प | • कमजोर भू-बनावटमा बनेका संरचनाहरु, पुरानो भवनहरु र अन्य भौतिक संरचनाहरु,<br>• धरान नगरपालिका वडा नं.२, ३, १४ र १७ मा बनेका ठूला ठूला भवनहरु,<br>• धरानलाई जोड्ने सेउती पूल कमजोर भईसकेको,<br>• पहिरो गइरहने सर्दु र सेउती खोलाको वरिपरि रहेका भीरहरु, भिरालो जमीनहरु । | • भौतिक संरचनाको क्षति, पहिरो, आगलागी,<br>• मानवीय हताहती,<br>• विद्युत र सञ्चारमा हुन सक्ने अवरोध<br>• खानेपानीको अभाव तथा महामारी फैलिन सक्ने सम्भावना । | • कमजोर भौगर्भिक संरचना भू-बनावट,<br>• कमजोर भौतिक संरचना,<br>• उपयुक्त भवन निर्माण प्रविधि सम्बन्धी प्रचार प्रसारको अभाव,<br>• जनचेतना, सूचना सञ्चार, मानवीय श्रोत साधन तथा क्षमतामा कमी । | • मानव निर्मित भौतिक संरचना सामाजिक, आर्थिक जीविकोपार्जन, साँस्कृतिक परम्परा आदि । | • कमजोर भू-बनौट भएका ठाउमा ठूला संरचना नबनाउने ।<br>• भूकम्प जोखिम रहित संरचना निर्माण गर्ने ।<br>• जनचेतना लगायत मानवीय साधन श्रोत र क्षमतामा अभिबृद्धी गर्ने । |
| बाढी | • सर्दुखोला र सेउतीखोला किनारमा रहेका बस्तीहरु<br>• जमीन, बालीनाली, वनक्षेत्र, सडक, पुल, पशुपन्छी, विद्युत, खानेपानी, केबलका तारहरु, टेलिफोनका खम्बाहरु,<br>• अन्य भौतिक संरचनाहरु | • नदी कटान, मृत्यु, घाइते,<br>• मरुभूमीकरण हुन सक्ने,<br>• अति आवश्यक सेवाका वस्तुहरुको क्षति वा प्रशारण अवरुद्ध हुने,<br>• आर्थिक क्षति तथा अनावश्यक व्यय भार बढने,<br>• खाद्यान्न अभाव, महामारी,<br>• बेरोजगारी बढ्ने,<br>• सामाजिक असुरक्षा बढ्ने | • जलवायु परिवर्तन<br>• अव्यवस्थित बसोबास<br>• वन क्षेत्र बिनास<br>• सचेतनाको कमी<br>• योजनाको कमी<br>• सम्वन्धित निकायको हेलचक्र्याईं | • मानिस, पशुपन्छी, बालीनाली,<br>• वनजङगल<br>• अत्यावश्यक सेवाका वस्तुहरु, भौतिक संरचना (खम्बाहरु, तार, पाइप आदि) खेतीयोग्य जमिन<br>• घर टहरा आदिमा असर गर्ने । | • बाढी सम्वन्धी लगायत २०० जनाको तालिम प्राप्त खोज उद्धारकर्ता टोली गठन गर्ने,<br>• पूर्व सचेतना सम्वन्धी कार्यक्रम संचालन गर्ने,<br>• तालिम सहजकर्ताको संख्या बृद्धि गर्ने,<br>• तार जालीको व्यवस्थापन गर्ने<br>• तत्काल राहत गर्न सक्ने,<br>• निकायको स्थापना गर्ने,<br>• सरकारी उद्धारकर्तासँग नजिकको पहुँच वा सम्बन्ध कायम गर्ने । |

| प्रकोप | जोखिममा रहेका तत्व र स्थानहरु | सम्भावित खतरा | संकटासंन्नताका कारणहरु | असर पर्ने क्षेत्रहरु | जोखिम न्यूनीकरणका उपायहरु |
|---|---|---|---|---|---|
| आगलागी | • भवनहरु, भौतिक संरचना, बन-जंगल<br>• काठ तथा खरले छाएका बस्तीहरु<br>• पेट्रोल पम्प तथा ग्यास भण्डारण गरिएका पसलहरु<br>• अव्यवस्थित विद्युत संरचनाहरु । | • जन-धनको क्षति<br>• भौतिक संरचनाको क्षति<br>• प्राकृतिक सुन्दरतामा ह्रास, वातावरण प्रदुषण इत्यादि । | • जनचेतनाको अभाव<br>• मानवीय त्रुटि, लापरवाही<br>• अग्निजन्य पदार्थमा बालबालिकाको पहुँच इत्यादि ।<br>• उद्योगधन्दामा हुनसक्ने आगलागिजन्य लापरवाही | • खर तथा काठबाट बनेका (विशेषगरी वडा नम्बर ७, ८, १७, १३, ११, १५ र १६) घरहरु<br>• खहरे खोला किनारमा अनधिकृत र अव्यवस्थित रुपमा बसाइएका बस्तीहरु<br>• अव्यवस्थित बिद्युत संरचनाहरु<br>• सहरी क्षेत्रको मध्य भागमा रहेको पेट्रोल पम्पहरु | • धरान नगरपालिकामा बारुण यन्त्रको थप व्यवस्था गर्ने, सुदृढ गर्ने<br>• खोज-उद्धार सामाग्रीहरुको व्यवस्था गर्ने<br>• नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल लाई तयारी अवस्थामा राख्ने/समन्वय गर्ने<br>• अस्पताल एम्बुलेन्स लगायत पानी पोखरी, खानेपानी टयांकी, ट्यांकर आदिको व्यवस्था गर्ने । |
| पहिरो | • भिरालो भागको जमीन<br>• पानीका मुहानहरु<br>• बनजंगल<br>• भौतिक संरचना<br>• जिव-जन्तु<br>• खानीहरु | • भू-क्षय र कटान हुन गई मुहान पुरिने सम्भावना,<br>• खानेपानीको मुहान थुनिने, पिउने पानीको अभाव सृजना हुन सक्ने,<br>• आकस्मिक बाढी आउन सक्ने<br>• प्राकृतिक वातावरणमा असन्तुलन हुन सक्ने,<br>• ठूलो मात्रामा जनधनको क्षति | • ज्ञानको कमी<br>• भूकम्प, भौगोलिक अवस्था<br>• बनजंगल विनाश<br>• अतिबृष्टि<br>• अनाबृष्टि | • बालीनालीमा असर<br>• सामाजिक<br>• आर्थिक<br>• मानवीय क्षति<br>• भौतिक संरचना<br>• भौगोलिक अवस्था | • टेलिफोन र स्थानीय एफ.एम हरु मार्फत शीघ्र सूचना प्रसारण गर्ने<br>• पत्र-पत्रिकाको माध्यमवाट सम्भावित खतराको सचेतीकरण गर्ने<br>• खोज-उद्धार टोलीको गठन गर्ने<br>• नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल रेडक्रसका तालिमप्राप्त टोलीलाई ठाँउ ठाँउमा तैनाथी अवस्थामा राख्ने । |

| प्रकोप | जोखिममा रहेका तत्व र स्थानहरु | सम्भावित खतरा | संकटासंन्नताका कारणहरु | असर पर्ने क्षेत्रहरु | जोखिम न्यूनीकरणका उपायहरु |
|---|---|---|---|---|---|
| | | | | | • बाटोघाटो फराकिलो बनाउने<br>• अस्पतालहरुमा पूर्वतयारी गर्ने |
| आँधीबेहरी | • काठ तथा खरले छाएका घर र सुकुम्वासी बस्तीहरु<br>• बालीनाली<br>• बिजुलीको पोल<br>• पशुपन्छी<br>• मोबाइल, टेलिफोन, टेलिभिजन | • धरान नगरको १८ वटै वडामा बढी मात्रामा जस्ताको छाना भएकोले बढी प्रभाव पर्ने सम्भावना<br>• बिजुलीको पोल लडेर बत्तीको अभाव तथा करेन्ट लागेर मानवीय क्षति हुन सक्ने सम्भावना । | • आर्थिक समस्या<br>• बनजंगलको विनाश<br>• अतिबृष्टि<br>• अनाबृष्टि | | • टेलिफोन र स्थानीय एफ.एम हरु मार्फत शिघ्र सूचना प्रसारण गर्ने<br>• पत्र-पत्रिकाको माध्यमवाट सम्भावित खतराको सचेतीकरण गर्ने<br>• आँधीबेहरी सम्वन्धी जनचेतना जगाउने ।<br>• पूर्वसूचना प्रणाली वारे कार्य गर्ने । |
| महामारी | • मानव<br>• पशुपन्छी<br>• वातावरण | • मानवीय र पशुपन्छीको मृत्यु<br>• वालीनाली नष्टहुने सम्भावना | • सचेतना अभाव<br>• फोहर व्यवस्थापन<br>• प्रदुषित खानेपानी | | • टेलिफोन, स्थानीय एफ.एम र पत्र-पत्रिकाको माध्यमवाट सम्भावित महामारीको सचेतीकरण तथा जनचेतना सम्वन्धी कार्यक्रम प्रशारण गर्ने<br>• नजिकमा रहेका अस्पताल तथा स्वास्थ्य चौकीहरु सँग नगरपालिकाको संयोजनमा द्रुतरुपमा महामारी नियन्त्रणका प्रयासहरु लाई विशेषगरि महामारी संवेदनशिल महिनाहरुमा तदारुकताका साथ लागु गर्न तयारी गर्ने । |

# ४. धरान नगरपालिका विपद जोखिम व्यवस्थापन योजना

## ४.१ विपद् जोखिम व्यवस्थापन कार्ययोजना तयारी

विपद् जोखिम व्यस्थापनमा नगरपालिका स्थित सबै सरोकारवालाहरु तथा सहयोगी सँस्थाहरुको महत्वपूर्ण भूमिका रहन्छ । कार्ययोजना निर्माणमा नगरपालिकातहमा कार्यरत विभिन्न क्षेत्रका सहयोगीहरुको साझा छलफल र संलग्नतामा यस धरान नगरपालिका विपद् जोखिम व्यवस्थापन योजना तयार गरिएको छ ।

विपद् जोखिम व्यवस्थापनका कार्यहरुलाई मूलभूतरुपमा जनचेतना तथा प्रचार-प्रसार, संस्थागत तथा क्षमता अभिबृद्धि, प्राकृतिक स्रोत साधनको संरक्षण, जिविकोपार्जनमा सुधार, भौतिक संरचनाहरुको निर्माण लगायतका कार्यहरुमा विपद् जोखिम न्यूनीकरणको दिशामा मुलप्रवाहीकरण गर्दै लैजाने उद्धेश्यका साथ यस धरान विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी योजना तयार गरिएको छ । प्रारम्भिक रुपमा गरिएको प्रकोप, संकटासन्नता तथा जोखिम बिश्लेषणका आधारमा पहिचान गरिएको बिभिन्न मुख्य ५ वटा प्राथमिकता प्राप्त प्रकोपहरुका कारण हुनसक्ने विपद्लाई ध्यानमा राखी यो कार्ययोजना तयार गरिएको छ । यस कार्ययोजनामा समय अनुसार आवश्यक परिमार्जन गर्दै लगिनेछ ।

धरान नगरपालिका द्वारा गरिने विपद् जोखिम व्यवस्थापनसँग सम्वधित विभिन्न कार्यहरु यसै योजना मातहत गरिने छ भने नगरपालिकामा कार्यरत विभिन्न सरकारी निकायहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह्रसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी लगायत सबै सरोकारबालाहरुलाई यस योजनाको उद्धेश्यलाई सघाउ पुग्नेगरी कार्यहरु गर्न प्रोत्साहित गरिनेछ ।

यस कार्ययोजनाका क्रियाकलापहरुलाई मुख्य ३ खण्डमा बिभाजित गरी समावेश गरिएको छ — पहिलो विपद् पूर्व गरिने कार्यहरु, दोस्रो विपद्को समयमा गरिने कार्यहरु, र तेस्रो खण्डमा विपद् पश्चात्का कार्यहरु प्रस्तुत गरि सोही अनुसारको कार्य योजना बनाइएको छ ।

## ४.२ विपद् जोखिम व्यवस्थापन समिति गठन

विपद व्यवस्थापनलाई सहज र प्रभावकारी बनाउन र विपद्बाट प्रभावितहरुको सुरक्षाका लागि नगरपालिकाद्वारा निर्देशिकामा उल्लेख भएबमोजिम विभिन्न चरणका छलफलहरु गरी नगरपालिकामा कार्यरत संस्थाहरु तथा सरोकारवालाहरुवाट धरान नगरपालिकामा नगरस्तरीय विपद् जोखिम व्यवस्थापन समितिको गठन गरिएको छ । धरान नगरपालिकाद्वारा आयोजित उक्त कार्यशालावाट चयन गरि तथा नगरपरिषद्वाट पारित तथा अनुमोदन गरिएको धरान नगरपालिकाको विपद् जोखिम व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्यहरुको गठन तथा नामावली र अन्य काम, कर्तव्य, अधिकार अनुसुची ७ मा उल्लेख गरिए अनुसार रहेको छ ।

## ४.३ विपद जोखिम व्यवस्थापन एकाइको गठन

विपद् जोखिम व्यवस्थापन सम्वन्धी सम्पूर्ण योजनाहरु प्रभावकारी रुपमा तर्जुमा तथा कार्यान्वयन गर्न, विपद् जोखिम समितिद्वारा तर्जुमा गरिएका नीति तथा कार्यक्रमहरुलाई तदारुकताका साथ सम्पादन गर्न धरान नगरपालिका कार्यालयमा विपद् जोखिम व्यवस्थापन शाखाको गठन हुनेछ । यो शाखाले नगरपालिकाको विपद् जोखिम व्यवस्थापन सम्वन्धी कार्य सम्पादन गर्ने र संयोजन कार्य गर्नेछ । विपद् जोखिम व्यवस्थापन समितिको सचिवालयको रुपमा समेत रहनेछ । हाल धरान नगरपालिकामा सो शाखा नरहेको मा नगरपालिकाद्वारा आवश्यक आन्तरिक छलफल र तयारी गरी सो शाखा गठन गरिनेछ । हाल नगरपालिकामा कार्यरत शाखामा अन्य आवश्यक कर्मचारीहरु समेत रहनेछन् ।

## ४.४ धरान विपद् जोखिम व्यवस्थापन योजना

धरान नगरपालिका विपद् जोखिम व्यवस्थापन कार्ययोजना निम्नानुसार रहेको छ। यस योजनालाई क्रमशः अद्यावधिक गर्दै लगिनेछ।

## (क) विपद्पूर्व गरिने कार्यहरु

### १. नगरस्तरीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा तथा समन्वय

| प्राथमिकता प्राप्त कार्यहरु | मुख्य समस्या (कार्य सञ्चालनका आइपर्न सक्ने) | व्यवस्थापनको तरिका (कसरी गर्ने) | मुख्य जिम्मेवारी | श्रोतको व्यवस्था | | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य सहयोगी | |
| • नगरस्तरीय विपद् जोखिम व्यवस्थापन समितिको गठन गर्ने<br>• हाल गठित समितिलाई पूर्णता दिने। | • राजनीतिक दल तथा अन्य संघसंस्थाको प्रतिनिधित्व,<br>• समुदाय तथा वडास्तरीय प्रतिनिधित्व | • नगरस्तरीय भेला, कार्यशाला आदि | धरान नगरपालिका | धरान नगरपालिका | एनसेट | २०७० असार, हरेक २ वर्षमा |
| • वडास्तरीय विपद जोखिम व्यवस्थापन समितिको गठन प्रक्रिया पुरा गर्ने | • वडास्तरीय समिति गठन | • वडास्तरीय भेला बोलाई सम्वन्धित वडाले नगरपालिका संगको समन्वयमा गर्ने। | | | | २०७१ असार |
| • नगरस्तरीय जोखिम व्यवस्थापन योजनाको निर्माण तर्जुमा गर्ने | • योजनाको प्राथमिकीकरणमा समस्या<br>• कोषको स्थापना तथा बजेट तर्जुमा | • कार्यशाला, छलफल, नगरपरिषद्मा पेश। | धरान नगरपालिका | धरान नगरपालिका | एनसेट | २०७० असार, हरेक २ वर्षमा |
| • नगरमा कार्यरत सवै संघसंस्थाहरुको पहिचान<br>• उपलब्ध श्रोत साधनहरुको लेखाजोखा | • संघसंस्थाहरुको पहिचान र श्रोत साधनहरुको लेखाजोखामा समस्या आउन सक्छ। | • नगरपालिका क्षेत्रमा कार्यरत विपद् जोखिम व्यवस्थापन कार्यमा संलग्न सरकारी निकाय, गैसस तथा व्यक्तिहरुको पहिचान तथा | | धरान नगरपालिका, | अन्य | २०७१ माघ |

| प्राथमिकता प्राप्त कार्यहरु | मुख्य समस्या (कार्य सञ्चालनका आइपर्न सक्ने) | व्यवस्थापनको तरिका (कसरी गर्ने) | मुख्य जिम्मेवारी | श्रोतको व्यवस्था | | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य सहयोगी | |
| | | सूचिकरण | | | | |
| • नगरक्षेत्रमा रहेका सबै सरोकारवाला व्यक्तिहरुसँग समन्वयको लागि संयन्त्र तयार गर्ने | • सरोकार वाला निकायहरुको सँग समन्वयमा हुनसक्ने कठिनाइ | • सरोकारवाला निकाय तथा संघसंस्थाहरुको पहिचान गरेर समन्वयत्मक ढंगले परिचालित हुन सकिने योजना तयार गर्ने | विपद् व्यवस्थापन समिति | धरान नगरपालिका | | २०७१ माघ |

२. **जनचेतना र तालिम कार्यक्रम**

| प्राथमिकता प्राप्त क्रियाकलाप | मुख्य समस्या (आइपर्न सक्ने) | व्यवस्थापन (कसरी गर्ने) | मुख्य जिम्मेवारी | श्रोतको व्यवस्था | | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य सहयोग | |
| • नगरस्तरीय विपद जोखिम व्यवस्थापन समितिका सदस्यहरुलाई विपद् जोखिम व्यवस्थापन सम्वन्धी तालिम दिने | • सम्वन्धित विशेषज्ञको अभाव, तथा अन्य श्रोतको कमी हुनसक्छ | • विशेषज्ञ पहिचान तथा उपलब्धता, व्यवस्था गरि तालिमहरु आयोजना गर्ने । | धरान नगरपालिका | धरान नगरपालिका | दातृनिकाय समाजसेवी, सहयोगी संस्थाहरु | २०७१ माघ |
| • जोखिम क्षेत्र पहिचान तथा प्रकोप नक्शाङ्कन गर्ने | • सम्वन्धित विशेषज्ञको अभाव हुनसक्छ | • विशेषज्ञ सहितको स्थानीय समुदाय सँगको सहभागितामा प्रकोप, सङ्कटासन्नता, जोखिम पहिचान तथा नक्शाङ्कन कार्य गर्ने । | विपद् व्यवस्थापन समिति, धरान नगरपालिका | धरान नगरपालिका | | २०७१ माघ |
| • प्रकोप अनुसार संवेदनशील क्षेत्रहरुमा जनचेतनामुखी कार्यक्रम सञ्चालन गर्ने | • विशेषज्ञता, अन्य श्रोत | • प्रकोप संवेदनशील क्षेत्रहरुको पहिचान गरि विभिन्न माध्यमवाट चेतनामूलक कार्य सञ्चालन गर्ने | धरान नगरपालिका | संघसंस्था | दातृ निकाय सामाजिक संघसंस्थाहरु | २०७१ माघ नियमित |

| प्राथमिकता प्राप्त क्रियाकलाप | मुख्य समस्या (आइपर्न सक्ने) | व्यवस्थापन (कसरी गर्ने) | मुख्य जिम्मेवारी | श्रोतको व्यवस्था | | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य सहयोग | |
| • बाढी, पहिरो, भूकम्प, महामारी आदिको पूर्वतयारी बारेमा वढि जोखिममा रहेका क्षेत्रहरुमा जानकारीमूलक कार्य गराउने<br>• विपद्हरुको जोखिम र व्यवस्थापन सम्बन्धी जनचेतना जगाउने | | • होर्डिंग बोर्ड साथै सूचना संयन्त्रको स्थापना गर्ने (एफ.एम, पत्रपत्रिका)<br>• अभिमुखीकरण | विपद् व्यवस्थापन समिति, धरान नगरपालिका | धरान नगरपालिका | | नियमित |
| • महामारी नियन्त्रण | | | विपद् व्यवस्थापन समिति | धरान नगरपालिका | | नियमित |
| • आधारभूत स्वास्थ्य सेवा दिन सक्ने स्वंयसेवक लाई तालिम दिने | | • BEMR, First Aid | विपद् व्यवस्थापन समिति | दातृ निकाय सामाजिक संघसंस्थाहरु | | नियमित |
| • निर्माण व्यवसायी तथा डकर्मीहरुलाई भूकम्प प्रतिरोधी निर्माण सम्वन्धी तालिम दिने | | • डकर्मी तालिम सञ्चालन गर्ने,<br>• नगरपालिका तथा अन्य सम्वन्धित निकाय तथा संस्थाहरु संगको समन्वयमा अन्य क्षमता विकासका तालिमहरुको आयोजना गर्ने | धरान नगरपालिका | विपद् व्यवस्थापन समिति | दातृ निकाय सहयोगी संस्था, समाजसेवी संस्थाहरु | |
| • ईन्जिनियर तथा अन्य प्राविधिकहरुलाई भूकम्प प्रतिरोधी निर्माण सम्वन्धी तालिम दिने | | | | | | |

| प्राथमिकता प्राप्त क्रियाकलाप | मुख्य समस्या (आइपर्न सक्ने) | व्यवस्थापन (कसरी गर्ने) | मुख्य जिम्मेवारी | श्रोतको व्यवस्था | | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य सहयोग | |
| • घर तथा भवनहरुको निर्माण इन्जिनियरिङ्ग प्रविधिवाट नभएको भए त्यस्ता भवनहरुलाई प्रवलिकरण (Retrofit) विधिवारे जानकारी गराउने | | | धरान नगरपालिका | | | |
| • विपद् जोखिम अल्पिकरण तथा न्यूनीकरणका लागि धरान नगरपालिकाको हालको सहरीकरण तथा विपद जोखिमलाई ध्यानमा राख्दै, जोखिम संवेदनशील भू उपयोग योजना (Risk Sensitive Land-use Planning) को बारेमा जानकारी दिने तथा नगरपालिकाले यस विषयमा थप कार्य गर्न अनुरोध गर्ने | | | | | | २०७१ माघ<br>नियमित |

## ३. खोज तथा उद्धार सञ्चालन तथा क्षमता विकास

भूकम्प, वाढी, पहिरो, आगलागी जस्ता विपद्को समयमा आवश्यक पर्ने जनशक्ति तयार गरि नगरपालिका स्तरमा खोज तथा उद्धार क्षमता अभिवृद्धि गर्नु यस कार्यको मुख्य लक्ष्य हो । यसका लागि नगरपालिकाका विभिन्न वडाहरुमा खोज उद्धार तालिम सञ्चालन गरि योग्य खोज उद्धार तथा आधारभूत आपतकालिन उपचारकर्ताहरु तयार गरिनेछ ।

| प्राथमिकता प्राप्त क्रियाकलाप | मुख्य समस्या (आइपर्न सक्ने) | व्यवस्थापन (कसरी गर्ने) | मुख्य जिम्मेवारी | श्रोतको व्यवस्था | | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य सहयोग | |
| • खोज उद्धार टोलीको गठन गर्ने | • स्वयंसेवक पहिचान, उपलब्धता, तालिम दिने सम्वन्धित विशेषज्ञको अभाव हुनसक्छ | • वडास्तरमा स्वयंसेवक समूह तयार गर्ने, | विपद् व्यवस्थापन समिति | नगरपालिका | | नियमित |
| • खोज तथा उद्धार तालिम संचालन गर्ने | | • वडा/स्थानीय स्तरमा समूह गठन गरी उपयुक्त तालिम आयोजना गर्ने | विपद् व्यवस्थापन समिति | नगरपालिका | | |
| • खोज उद्धार सामग्रीको व्यवस्थापन गर्ने | • श्रोत साधनको अभाव हुनसक्छ | • विभिन्न निकायहरु, नगरपालिका, वडा स्तर, संघसंस्थाहरु संगको समन्वय तथा सहयोगमा खोज उद्धारका सामाग्रीहरु संकलन सहयोग प्राप्त गर्ने ।<br>• स्थानीय तहमा उपलब्ध हुनसक्ने सामाग्रीहरु लाई यथोचित रुपमा राख्ने प्रवन्ध मिलाउने ।<br>• उपयुक्त स्थानको छनौट गरी वडास्तरीय विपद् व्यवस्थापन समितिलाई हस्तान्तरण | विपद् व्यवस्थापन समिति | नगरपालिका | | २०७० श्रावण मसान्त सम्म |
| • खोज तथा उद्धारको आवधिक अभ्यास गर्ने | • सम्वन्धित विशेषज्ञको अभाव हुनसक्छ | • समय समयमा अभ्यास तथा नयाँ टोलिहरुका लागि तालिम | विपद् व्यवस्थापन समिति | | | ६/६ महिनामा |
| • आधारभूत आपतकालीन | • | • BEMR MFR टोली गठन | | | | |

| प्राथमिकता प्राप्त क्रियाकलाप | मुख्य समस्या (आइपर्न सक्ने) | व्यवस्थापन (कसरी गर्ने) | मुख्य जिम्मेवारी | श्रोतको व्यवस्था | | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य सहयोग | |
| स्वास्थ्य सेवा दिन सक्ने स्वयंसेवकलाई छोटो अवधिको तालिम दिने | | | | | | |

४. **भौतिक पूर्वाधारको व्यवस्थापन र संकटासन्नताको न्यूनीकरण**

| प्राथमिकता प्राप्त क्रियाकलाप | मुख्य समस्या (आइपर्न सक्ने) | व्यवस्थापन (कसरी गर्ने) | मुख्य जिम्मेवारी | श्रोतको व्यवस्था | | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य सहयोग | |
| • भौतिक पूर्वाधारहरु जस्तै बिजुली बत्ती, टेलिफोन, सडक, खानेपानीको विस्तार गर्दा विपद् जोखिम वारे ध्यान दिने । | • समन्वय | | नगरपालिका | | | निरन्तर |
| • आपत्कालीन स्वास्थ्य केन्द्रहरुको पहिचान र व्यवस्थापन गर्ने | • स्वास्थ्य केन्द्रहरुलाई आपत्कालीन अवस्थामा प्रयोग गर्न नसकिने अवस्था आउन सक्छ । | • स्वास्थ्य केन्द्रको भवनहरुलाई प्रबलीकरण गरी स्वास्थ्य केन्द्रका लागि आपत्कालीन प्रतिकार्य योजना निर्माण गर्ने । | स्वास्थ्य केन्द्रहरु | नगरपालिका, नगरस्तरीय विपद् व्यवस्थापन समिति | | २०७१ माघ नियमित |
| • दमकल, एम्बुलेन्स, होज पाइप, भऱ्याङ्ग, फायर ज्याकेट, प्राथमिक उपचार बाकस आदिको व्यवस्था गर्ने | • श्रोत साधनको अभाव हुनसक्छ | • नगरस्तरीय विपद् व्यवस्थापन समिति मार्फत विभिन्न साझेदार संस्थाहरुलाई आग्रह गर्ने | विपद् व्यवस्थापन समिति | नगरपालिका | दातृ निकाय सहयोगी संस्था, समाजसेवी संस्थाहरु | ०७० चैत्र सम्म |

| प्राथमिकता प्राप्त क्रियाकलाप | मुख्य समस्या (आइपर्न सक्ने) | व्यवस्थापन (कसरी गर्ने) | मुख्य जिम्मेवारी | श्रोतको व्यवस्था | | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य सहयोग | |
| • सार्वजनिक खुल्ला स्थानहरुको पहिचान गरी आपतकालीन आश्रयस्थल व्यवस्थापनको योजना निर्माण गर्ने<br>• नगरक्षेत्रमा भएका सार्वजनिक खुल्ला स्थानहरुको पहिचान गरी आपतकालीन आश्रयस्थल भनेर घोषणा गर्ने । | • सो क्षेत्रमा खानेपानी, बाटोघाटो, विजुली बत्ती, सञ्चार वाहेक अन्य संरचना निर्माण गर्नमा रोकटोक लगाउने<br>• खुलास्थलको पहिचानमा समस्या हुन सक्ने । यसका लागि स्थानीय समुदाय, वडा, संघसंस्थाहरु, व्यक्तिहरु संगको समन्वय सहयोगमा कार्य गर्ने | • नगरस्तरीय विपद् व्यवस्थापन समितिको नेतृत्वमा विद्यालय, अस्पताल, गुठी, क्लब लगायत संस्थानहरुको क्षेत्रको अवलोकन सर्वेक्षण गर्ने<br>• नगरपालिका क्षेत्रमा रहेका खुलास्थलहरुको पहिचान गरि आपतकालीन अवस्थामा प्रयोग गर्न सकिने उपयुक्त योजना तयार गर्ने | विपद् व्यवस्थापन समिति | नगरपालिका | दातृ निकाय सहयोगी संस्था, समाजसेवी संस्थाहरु | २०७१ माघ नियमित |
| • प्रकोपको जानकारीका लागि पूर्वसूचना वा संकेत दिने सक्ने यन्त्र तथा उपकरणको जडान गर्ने (जस्तै साइरन), उपयुक्त योजना वनाउने । | • श्रोत साधन | • नगरस्तरीय विपद् व्यवस्थापन समिति मार्फत विभिन्न साझेदार संस्थाहरुलाई आग्रह गर्ने, सहकार्य गर्ने | विपद् व्यवस्थापन समिति | नगरपालिका | दातृ निकाय सहयोगी संस्था, समाजसेवी संस्थाहरु | |
| • कमजोर भू-वनावट भएका स्थान, पहिरो जानसक्ने नदि, खोला किनारहरुमा स्पर वा वृक्षारोपण गर्ने | • श्रोत साधन | • विपद् व्यवस्थापन समितिको नेतृत्वमा स्थानीय समुदायलाई सहभागी गराएर | विपद् व्यवस्थापन समिति | नगरपालिका | दातृ निकाय सहयोगी संस्था, समाजसेवी संस्थाहरु | ०७० चैत्र सम्म |
| • खोलानाला आसपासमा चट्टान निकासी बन्द, गिट्टी, | • चोरी निकासीमा नियन्त्रण गर्न समस्या | | | | | |

| प्राथमिकता प्राप्त क्रियाकलाप | मुख्य समस्या (आइपर्न सक्ने) | व्यवस्थापन (कसरी गर्ने) | मुख्य जिम्मेवारी | श्रोतको व्यवस्था | | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य सहयोग | |
| बालुवा, रुख बिरुवा कटानको रोकथाम गर्ने | पर्न सक्छ। | | | | | |
| • उचित स्थानमा बधशालाको निर्माण गर्ने | • स्थानको पहिचानमा समस्या आइपर्न सक्छ | • विपद् व्यवस्थापन समितिको नेतृत्वमा स्थानीय समुदायको सहभागितामा | विपद् व्यवस्थापन समिति | नगरपालिका | दातृ निकाय सहयोगी संस्था, समाजसेवी संस्थाहरु | |
| • फोहरमैलाको व्यवस्थापन गर्न डम्पिङ साइटको व्यवस्था गर्ने | • स्थान पहिचान गर्नमा समस्या आउन सक्छ। | • विपद् व्यवस्थापन समितिको नेतृत्वमा स्थानीय समुदायलाई सहभागी गराएर | विपद् व्यवस्थापन समिति | नगरपालिका | दातृ निकाय सहयोगी संस्था, समाजसेवी संस्थाहरु | ०७० चैत्र सम्म |

## (ख) विपद्को समयका क्रियाकलापहरु

विपदको सम्भावना पश्चात् नगरपालिकामा आपत्कालीन अवस्थाको सुचना प्राप्त हुनासाथ विपद् जोखिम व्यवस्थापन समितिद्वारा विपद्को प्रभावकारी किसिमले प्रतिकार्य गर्नका लागि निम्नानुसारको समयावधिमा निम्नानुसारका निकायहरुको नेतृत्वमा निम्नानुसारको कार्यहरु गर्नुपर्ने छ।

### ५. घाईते र बिस्थापितहरुको व्यवस्थापन

| प्राथमिकता प्राप्त क्रियाकलाप | मुख्य समस्या (आइपर्न सक्ने) | व्यवस्थापन (कसरी गर्ने) | मुख्य जिम्मेवारी | श्रोतको व्यवस्था | | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य सहयोग | |
| • भूकम्प तथा अन्य विपद्को वारेमा नगरवासीलाई जानकारी दिने र विपद्को अवस्थाका वारेमा | • खोज उद्धार टोलीको अभाव तथा परिचालनमा | • स्थानीय समुदायमा रहेका स्वयंसेवक, उद्धारकर्मी संघ संस्थाहरुलाई तुरुन्तै घटनास्थलमा परिचालन गर्ने | • नगरस्तरीय विपद् व्यवस्थापन समिति | • नगरपालिका | नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी, नेपाल रेडक्रस सोसाइटी, एनसेट | • घटना लगत्तै |

| प्राथमिकता प्राप्त क्रियाकलाप | मुख्य समस्या (आइपर्न सक्ने) | व्यवस्थापन (कसरी गर्ने) | मुख्य जिम्मेवारी | श्रोतको व्यवस्था | | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य सहयोग | |
| अपनाउनु पर्ने सावधानी वारे जानकारी दिने<br>• स्थानीय स्तरमा खोज तथा उद्धार कार्य सञ्चालन गर्ने | समस्या हुन सक्ने । | • यसका लागि विपद् व्यवस्थापन समितिले आवश्यक पूर्वतयारीका कदमहरु नियमित रुपमा कायम राख्ने | | | लगायत अन्य | |
| • आपतकालीन उपचार गर्ने<br>• आपतकालिन उपचार टोली परिचालन गर्ने ।<br>• सिकिस्त घाईतेहरुलाई तत्काल उपचारका लागि अस्पताल पठाउने र आपतकालीन उपचार शुरु गर्ने | • कहाँ छन्, कुन अवस्थामा छन् थाहा पाउन गाह्रो हुने | समुदाय स्तरमा रहेका First Aid, MFR, BEMR तालिम प्राप्त स्वयम्सेवकहरु तथा नजिकको स्वास्थ्य चौकी, चिकित्सकहरु तत्काल परिचालन गर्ने आ-आफ्नो ठाँउमा स्वतः स्फूर्त रुपमा पनि परिचालित भएका हुन सक्दछन । यसका लागि विपद् व्यवस्थापन समितिले स्रोतको पहिचान र क्षमता सहितको पूर्वतयारी योजना तयार गर्नु पर्दछ । | • नगरस्तरीय विपद् व्यवस्थापन समिति | • नगरपालिका | • रेडक्रस,<br>• स्थानीय स्वास्थ्य चौकी, सुरक्षाचौकी,<br>• अन्य गैह्र सरकारी संस्थाहरु | • घटनाको १ घण्टा भित्रै शुरु गर्ने । |
| • राष्ट्रियस्तरको खोज तथा उद्धारकर्मीद्वारा खोज उद्धार संचालनमा समन्वय गर्ने | • समन्वयको अभाव हुन सक्दछ । | • नगर विपद् व्यवस्थापन समितिको सूचना र अनुरोध अनुसार जिल्ला विपद् व्यवस्थापन समितिको अनुरोधमा गृह मन्त्रालयले खोज उद्धारको दक्ष टोली परिचालन गर्ने (जस्तै | • नगरस्तरीय विपद् व्यवस्थापन समिति | • गृह मन्त्रालय | नेपाल सरकार, नगरपालिका, सुरक्षा निकायहरु, तथा अन्य खोज उद्धार सम्वन्धी क्षमता भएका संस्थाहरु जस्तैः रेडक्रस, एनसेट आदि । | • १ दिन भित्र |

| प्राथमिकता प्राप्त क्रियाकलाप | मुख्य समस्या (आइपर्न सक्ने) | व्यवस्थापन (कसरी गर्ने) | मुख्य जिम्मेवारी | श्रोतको व्यवस्था | | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य सहयोग | |
| | | CSSR, MFR) तथा अन्य स्वयंसेवीहरु । | | | | |
| • अति आवश्यक सेवा सुविधाहरुको क्षति सम्बन्धी लेखा जोखा गरी अस्थायीरुपमा सञ्चालन गर्ने, जस्तै वाटो, पुल, स्वास्थ्य सेवा, विजुली, पानी, टेलिफोन । | • सम्वन्धित विशेषज्ञको अभाव हुनसक्छ | • सुरक्षा निकाय तथा निकायगत समूहले आ-आफ्नो कार्यक्षेत्र अनुसार विज्ञहरुको परिचालन गर्ने । | • नगरपालिका | नगरस्तरीय विपद् व्यवस्थापन समिति | नगरपालिका, सडक विभाग, दुरसञ्चार, विद्युत प्राधिकरण । | • ३ दिन भित्र |
| • खानपान वसोवास तथा दैनिक उपभोग्य सामाग्री विहिन मानिसहरुको लागी खाना, कपडा तथा अन्य उपभोग्य सामाग्रीको व्यवस्था गर्ने । | | | | | | • १ दिन भित्र |
| • घरबास भत्किएर आपत्मा परेका मानिसहरुलई तत्काल दिन सकिने आश्रयस्थलको व्यवस्था गर्न सुरु गर्ने । यद्यपि यो काम पहिलो दिन देखिनै स्थानीय टोल छिमेक स्तरवाट सुरु भएको हुन्छ । | | गोदाम, आपतकालीन वेयर हाउसमा भएका सामाग्री-टेन्ट, पाल, प्लाष्टिक वितरण गर्ने तथा सुरक्षित भए नजिकका स्कूल, सामुदायिक भवन तथा खेल भवन जस्ता घरहरुमा अस्थायी वासको व्यवस्था गर्ने । | नगरस्तरीय विपद् व्यवस्थापन समिति | नगरपालिका | सडक विभाग, भवन विभाग, रेडक्रस, सामुदायिक संस्थाहरु, गैह्र सरकारी संस्थाहरु । | • ३ दिन भित्र |

| प्राथमिकता प्राप्त क्रियाकलाप | मुख्य समस्या (आइपर्न सक्ने) | व्यवस्थापन (कसरी गर्ने) | मुख्य जिम्मेवारी | श्रोतको व्यवस्था | | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य सहयोग | |
| • शव व्यवस्थापन | | नेपाल सरकार, गृह मन्त्रालयद्वारा जारी विपद् पश्चात्को शव व्यवस्थापन सम्वन्धी मापदण्ड २०६८ मा उल्लेख भए अनुसार गर्ने । | गृह मन्त्रालय, प्रमुख जिल्ला अधिकारीसँगको समन्वयमा । | नगरपालिका र विपद् व्यवस्थापन समिति | नेपाल सरकार, सुरक्षा निकायहरु,<br>अन्य खोज उद्धार सम्वन्धि क्षमता भएका संस्थाहरु आदि । | • छिटो |
| • भग्नावशेषको व्यवस्थापन गर्ने | | | विपद् व्यवस्थापन समिति | नगरपालिका | नेपाल सरकारका सुरक्षा निकायहरु,<br>अन्य खोज उद्धार सम्वन्धी क्षमता भएका सरकारी तथा अन्य संस्थाहरु जस्तैः नेरेसो, एनसेट आदि ।<br>समुदायमा रहेका सरल खोज उद्धार टोलीहरु, निर्माण व्यवसायीहरु आदि । | • १ हप्ता भित्र |
| • योजना कार्यान्वयन र नियमित अनुगमन गर्ने | | विपद् व्यवस्थापन समितिको अगुवाईमा नियमित अनुगमन सञ्चालन गर्ने | | | | • घटना पछि नियमित |
| • विपद् प्रतिकार्य योजना तयार गर्ने | | | विपद् व्यवस्थापन समिति, नगरपालिका | | | • नियमित, अद्यावधिक |

## ६. राहत तथा पुनर्स्थापना कार्य

| प्राथमिकता प्राप्त क्रियाकलाप | मुख्य समस्या (आइपर्न सक्ने) | व्यवस्थापन (कसरी गर्ने) | मुख्य जिम्मेवारी | श्रोतको व्यवस्था | | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य सहयोग | |
| • भण्डारण गृहको लागि स्थान पहिचान गर्ने | • राजनैतिक असहमति, आर्थिक कठिनाई, जनशक्तिको अभाव | नगरको पुरा नक्शा अध्ययन/उपलब्ध गर्ने सरकारी जग्गा नभएमा खाली जग्गा पत्ता लगाई खरिद गर्ने | नगरपालिका, मालपोत कार्यालय, कित्तानापि शाखा आदि । | नगरपालिका संघ संस्थाहरु | • गैह्र सरकारी संस्थाहरु/ अन्तर्राष्ट्रिय संस्थाहरु | • विपद् हुनु अगावै |
| • आपतकालीन आश्रयस्थलको लागि चाहिने सामग्रीको व्यवस्था गर्ने | • सहरीकरण भई सार्वजनिक खाली जग्गा हरुको अभाव, भौतिक पूर्वाधारहरुको नपुगेको हुनसक्छ । | खाली जग्गा पत्ता लगाउने त्रिपाल, बाँसको व्यवस्था मिलाउने | नेस, नपा, रेडक्रस, सेना, प्रहरी, सशस्त्र, रोटरी, लायन्स क्लब | नगरपालिका, विद्यालय, | दातृ संस्था | • विपद् हुनु अगावै |
| • राहत संकलन गरी सुरक्षित तवरले भण्डारण र वितरण गर्ने | • भण्डारण गृहको अभाव, वितरण कार्यमा कठिनाई, जनशक्तिको अभाव | नगरपालिका, रेडक्रस लगायत संघसस्थाहरुको सहयोगमा दाल, चामल, चाउचाउ, लत्ताकपडा, भाडाकुडा, औषधी संकलन गरी स्वयंसेवक परिचालन गर्ने<br>कहाँ के छ, नगरपालिका भित्र र नगरपालिकाले आपत्कालीन अवस्थामा प्राप्त र प्रयोग गर्न सक्ने स्रोत साधन वारे जानकारी लिने । | नगरपालिका, रेडक्रस, मारवाडी सेवा संघ, राजनीतिक दल, नेपाल सरकार | आन्तरिक तथा वाह्य सहयोग | | • विपद् लगत्तै |
| • विपद कोष गठन गर्ने | | नगरपालिका द्वारा आपतकालीन कोष खडा गर्न पहल गर्ने | | | | २०७१ माघ |

## ७. विपद् पश्चातका महामारी नियन्त्रण, रोकथाम

| प्राथमिकता प्राप्त क्रियाकलाप | मुख्य समस्या (आइपर्न सक्ने) | व्यवस्थापन (कसरी गर्ने) | मुख्य जिम्मेवारी | श्रोतको व्यवस्था | | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य सहयोग | |
| • महामारीको दृष्टिले जोखिमपूर्ण क्षेत्रहरु सम्वेदनशील स्थानहरु पहिचान, घोषणा, क्षति आंकलन गर्नको लागि टोली खटाउने | • जनशक्तिको अभाव हुनसक्छ | | नेपाल रेडक्रस सोसाइटी, नगरपालिका, तथा जनस्वास्थ्य । | | | |
| • वरिपरिको वातावरणवाट उत्पन्न हुनसक्ने सरुवा रोगको बारेमा जनचेतना फैलाउने । | • जनशक्तिको अभाव हुनसक्छ | • झाडापखाला, मलेरिया, भाइरल ज्वरो) को नियन्त्रण तथा निदानका लागि स्वास्थ्य सेवाहरु उपलब्ध गराउनु पर्ने | | | | |
| • घटनास्थल वरिपरि अस्थायी सेवा केन्द्रहरु र अन्य स्वास्थ्य सेवा प्रदायक केन्द्रहरुको स्थापना गर्ने | | | | | | |
| • पिडितहरुको उपचारका लागि स्वास्थ्य कार्यदल खडा गर्ने र परिचालन गर्ने | | | नेपाल रेडक्रस सोसाइटी, नगरपालिका, विपद् व्यवस्थापन समितिका प्रतिनिधीहरु | | | |

| प्राथमिकता प्राप्त क्रियाकलाप | मुख्य समस्या (आइपर्न सक्ने) | व्यवस्थापन (कसरी गर्ने) | मुख्य जिम्मेवारी | श्रोतको व्यवस्था | | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य सहयोग | |
| • स्वास्थ्य सेवा उपलब्ध गराउदा जीवन जोखिममा परेका व्यक्ति । शारीरिक रुपमा अशक्त बालबालिका, अपाङग, बुढाबुढी तथा महिलाहरुलाई बिशेष प्राथमिकता दिई स्वास्थ्य सेवा उपलब्ध गराउने | | | नेपाल रेडक्रस सोसाइटी, नगरपालिका, विपद् व्यवस्थापन समितिका प्रतिनिधीहरु | | | |
| • सुत्केरी, बालबृद्ध, महिला तथा अन्य तुरुन्त बिशेष सहयोग चाहिनेहरुका लागी पौष्टिक खाद्यान्नको व्यवस्था गर्ने | | | | | | |
| • घटनास्थलमा रहेका गम्भिर घाइते तथा विरामीहरुलाई छोटो समयमा नजिकको अस्पतालमा पठाउने व्यवस्था गर्ने | | | नेपाल रेडक्रस सोसाइटी, नगरपालिका, विपद् व्यवस्थापन समितिका प्रतिनिधीहरु | | | |
| • सरुवा रोगहरु सर्न नदिन खोप लगायत रोग नियन्त्रणका अन्य कार्यक्रम सञ्चालन गर्ने | | | जिल्ला जनस्वास्थ्य कार्यालय, नेरेसो., नपा, विव्यस. का प्रतिनिधिहरु | | | |

| प्राथमिकता प्राप्त क्रियाकलाप | मुख्य समस्या (आइपर्न सक्ने) | व्यवस्थापन (कसरी गर्ने) | मुख्य जिम्मेवारी | श्रोतको व्यवस्था | | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य सहयोग | |
| • पानी वितरण नियमित गर्ने | • स्वच्छ खानेपानीको नियामित आपुर्तिमा कठिनाई हुनसक्छ । | • बिषादी मिश्रण रोकथाम शुद्धिकरण उपायहरु अपनाउने पानी परिक्षण केन्द्रको स्थापना गर्ने, सुरक्षित पानी भण्डारण व्यवस्था गर्ने नजिकका पानीका श्रोतहरुवाट ल्याउने । | धरान नगरपालिका, नेपाल खानेपानी संस्थान | | सिम नेपाल, MMA Lab, उद्योग वाणिज्य संघ आदि | नियन्त्रण नभएसम्म |
| • अत्यावश्यक पर्ने औषधीको जोहो गर्ने | • औषधी अपर्याप्तता, चिकित्सक अभाव | • सहयोग संकलन | BPKIHS औषधी उद्योग | | | नियन्त्रण नभएसम्म |
| • ठाउँ ठाउँमा शौचालय निर्माण गर्नुपर्ने | | | | | | |
| • प्रदान गरिएको सेवाको निरन्तर अनुगमन गर्ने | | | | | | |

## ४.५ प्राथमिकता प्राप्त कार्यहरु

स्थानीय तहमा गरिने विपद् जोखिम व्यवस्थापन कार्यलाई प्रभावकारी वनाउन विभिन्न विपद् जोखिम न्यूनीकरण, अल्पीकरण तथा पूर्वतयारीका कार्यहरु गर्नु पर्दछ । धरान नगरपालिका, विपद् व्यवस्थापन समिति, अन्य सरोकारवालाहरु तथा सहयोगी संस्थाहरु सँगको संलग्नता, सहयोग र समन्वयमा धरान नगरपालिकाको वडा र समुदाय तहमा यस्ता कार्यहरुलाई सञ्चालन गर्दै लगिने छ । नगरपालिका स्तरमा गरिएका विभिन्न छलफल तथा सुझावहरुवाट प्राप्त माथि योजनामा उल्लिखित कार्यहरुलाई प्राथमिकताक्रमको आधारमा निम्नानुसार उल्लेख गरिएको छ । यस वमोजिम उल्लिखित विभिन्न नेतृत्वदायी संस्थाहरु तथा सरोकारवालाहरु संगको सहकार्य र सहयोगमा तत्कालका लागि निम्नानुसारका कार्यहरु सञ्चालन गरिने छ ।

१. नगरपालिका स्तरीय स्थानीय विपद् जोखिम व्यवस्थापन समितिको गठन प्रक्रिया पुरागर्ने, वडातहमा वडा स्तरीय विपद् जोखिम व्यवस्थापन समितिको गठन गरि स्थानीय तहको संस्थागत संरचनामा पूर्णता दिने ।

२. विपद् व्यवस्थापनमा स्थानीय सरोकारवालाहरुको पहिचान, भूमिका पहिचान गर्ने, जिम्मेवारी तोक्ने, विज्ञहरुको क्षमता पहिचान गरि पूर्वतयारीका लागि परिचालन गर्ने ।

३. विपद् पूर्वतयारी, प्रतिकार्य र पुनर्स्थापना कार्यका लागि स्रोतको सूची तयार गर्ने र संस्थागत क्षमताको विश्लेषण गर्ने यसमा विशेषतः विज्ञहरूको सूची, खोज तथा उद्धार औजार, अस्पताल र तिनको क्षमताको सूची, एम्बुलेन्स, आकस्मिक सञ्चार सेवाको अवस्था वारुण यन्त्रको अवस्था आदिको विश्लेषण गर्ने ।

४. क्षमता विकासका लागि विभिन्न तालिम सञ्चालन गर्ने । विपद् व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्य, तथा अन्य स्वयंसेवकहरुका लागि विपद् व्यवस्थापन, प्रकोप संकटासन्नता र क्षमता विश्लेषण, कार्ययोजना निर्माण लगायतका तालिमहरु दिने । साथै विपद् व्यवस्थापन समितिका सदस्यहरु, वडा स्तर सम्म स्वयंसेवक समूह तयार गरी उनीहरुका लागि खोज उद्धार, प्राथमिक उपचार एवं अन्य क्षमता विकासका तालिम दिने ।

५. विपद् पश्चातको अवस्थालाई ध्यानमा राखी विस्थापितलाई तत्काल राख्ने खुला र सुरक्षित क्षेत्रको पहिचान तथा योजना तयारी गर्ने । भेला हुने केन्द्र र बसोबास क्षेत्रबाट त्यहाँ पुग्ने बैकल्पिक बाटोको समेत पहिचान गर्ने । नगरपालिकाको खासगरी घना वसोवास भएका क्षेत्र/वडाहरुमा उद्धार प्रकृयामा सहयोग पुऱ्याउनका लागि एक टोल एक खुलाक्षेत्रको अवधारणा अनुरुप खुलाक्षेत्र/खुलास्थल प्रयोग सम्वन्धि विधि तयार गर्ने । खुलाक्षेत्रको पहिचान, संरक्षणमा पहल गर्ने ।

६. आपत्कालीन प्रतिकार्य योजना र व्यवस्थापन विधि प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि नगरपालिका तथा वडातहको क्षमता विकास गर्ने यसका लागि तत्काल स्थानीय विपद् प्रतिकार्यका लागि खोज तथा उद्धार समूहको क्षमता विकास गर्ने । हालका लागि

दुइवटा मध्यम स्तरको र हरेक वडामा एउटा सामान्य स्तरको समूह गठन गरी क्षमता विकासका लागी पहल गर्ने । खोज तथा उद्धार, सामग्री र आवश्यक औजार तथा उपकरणहरु तयारी अवस्थामा राख्ने ।

७. विषयगत क्षेत्र अनुसारको आपत्कालीन योजना तयार गर्ने, विपद् प्रतिकार्य पश्चात् शीघ्र अवधिमा पुनर्स्थापना गर्नका लागि कार्ययोजना वनाउने ।

८. विपद्को अवस्थामा दैवी प्रकोप उद्धार कोषबाट प्राप्त हुने सहयोगलाई व्यवस्थित सञ्चालनका लागि प्रारुप तयार गर्ने ।

९. महामारीजन्य जोखिम कम गर्न खानेपानीको गुणस्तरमा सुधार गर्ने, मुहान संरक्षण, खासगरी वर्षायाम सँगै हुने पानीको प्रदुषणलाई घटाउने कार्यहरु गर्ने ।

१०. वाढी तथा पहिरोको समयमा नगरपालिका क्षेत्रमा ठूलो क्षति हुने हुनाले ती जोखिम क्षेत्रको वरिपरि रहेका बस्ती तथा समुदायका व्यक्तिहरुलाई सचेतना र पूर्वतयारीका कार्यहरुमा पहल गर्ने, साथै वाढी तथा डुवान नियन्त्रण सम्वन्धी कार्य योजना वनाउने ।

११. भूकम्पीय दृष्टिले कमजोर अवस्थामा रहेका पुल, सार्वजनिक भवनहरु, विद्यालय, अस्पताल, स्वास्थ्य केन्द्र, खानेपानी जस्ता अत्यावश्यक सेवा प्रभावित हुनसक्ने संरचनाहरुको जोखिम सम्वन्धी विस्तृत अध्ययन गर्ने ।

१२. भवन निर्माण संहिता लागु गरिएपनि, वडातहमैं अनुगमनको खाँचो रहेकाले जनसाधारणमा यस सम्बन्धी चेतना अभिवृद्धि कार्यहरु सञ्चालन गर्ने । भवन निर्माण संहिताको स्थलगतरुपमा प्रभावकारी कार्यान्वयनका लागि घरायसी स्तर, घरधनीहरु, ठेकेदारहरु, डकर्मीहरु, निर्माणकर्मीहरु र सर्वसाधारणमा अधिक मात्रामा जनचेतनाको कार्यक्रम गर्ने ।

१३. नगरपालिकामा वारुणयन्त्रको क्षमता ज्यादै कम रहकोले अग्नि नियन्त्रण क्षमता अभिबृद्धि गर्ने । समुदाय स्तरमैं अग्नि नियन्त्रण सम्वन्धी क्षमता विकासका लागि पहल गर्ने ।

१४. अनियन्त्रित र खासगरि प्रकोपजन्य क्षेत्रहरुमा भईरहेको बस्ती विस्तारको वर्तमान अवस्थालाई नियन्त्रित ढंगले विकास गरि विपद् जोखिम न्यूनीकरणका लागि नगरपालिकाद्वारा उपयुक्त जोखिम संवेदनशिल भूउपयोग योजना तयार गर्ने ।

१५. संभावित विपद्को आँकलन गरी सो को प्रतिकार्यका लागि नियमित अभ्यास गर्ने/गराउने ।

१६. घुऱ्यान तथा थुप्रिएको फोहार व्यवस्थापन सम्वन्धी स्थानको खोजी तथा व्यवस्थापन सम्वन्धी कार्य योजना तर्जुमा गर्ने ।

१७. नगरपालिकामा आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापनाका लागि पहल गर्ने र विपद् प्रतिकार्यका लागि नगरपालिकामा समन्वयको विधि तयार गर्ने ।

१८. भण्डारण गृहको स्थापना तथा व्यवस्थापन गरी गैरखाद्य सामग्री, राहत सामग्री र औषधी समेत तयारी अवस्थामा राख्ने, खाद्य तथा गैर-खाद्य सामाग्रीहरु जिल्ला, क्षेत्रीय तथा केन्द्रिय तहमा भण्डारण गर्नको लागि आवश्यक भण्डारगृह निर्माण, सुधार र मर्मतसम्भारका लागि योजना वनाई कार्यान्वयन गर्ने गराउने ।

# ५. योजना कार्यान्वयन

## ५.१ कार्ययोजनाको क्रियाशीलता

धरान नगरपरिषद वाट पारित भएपछि यो योजना क्रियाशिल हुनेछ ।

## ५.२ कार्यान्वयन योजना

प्रस्तुत कार्ययोजना प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि समग्र रुपमा निम्न रणनीतिहरु अवलम्वन गरिने छ ।

- नगरस्तरका सबै सरोकारवालाहरुसँग कार्ययोजना कार्यान्वयनको लागि समन्वय गरी सहकार्य र साझेदारी गर्ने ।
- कार्ययोजनालाई नगरपरिषदले आत्मसात गर्ने गरी नगर परिषदबाट अनुमोदन गराउने ।
- नगरपलिकामा उपलब्ध स्रोत साधनहरुको पहिचान र तथ्याङ्क नियमित रुपमा अद्यावधिक गर्ने ।
- स्रोत तथा क्षमता अभिबृद्धिको लागि नगरपालिकाले अन्य निकायसँग समन्वय, सम्बन्ध विस्तार तथा साझेदारी गरी विपद् व्यवस्थापन र पूर्वतयारीका कार्यहरु सञ्चालन गर्ने ।
- स्थानीय तथा परम्परागत विधि, ज्ञान तथा जानकारीहरुको अध्ययन गरी त्यस्ता ज्ञान सीपहरुको प्रकोप व्यवस्थापनमा उपयोग गर्ने ।

## ५.३ समिक्षा तथा अद्यावधिक

यस विपद् जोखिम व्यवस्थापन योजनालाई अझ प्रभावकारी वनाउन हरेक वर्षको वैशाख महिनामा नियमित समीक्षा तथा अद्यावधिक गरिनेछ । पुनरावलोकनका लागि नगरपालिका र सरोकारवालाहरुको भूमिका तथा वार्षिक कार्यतालिका अनुसार गरिनेछ ।

# सन्दर्भ सामाग्रीहरु

१ नेपाल सरकार, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, *स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८*।

२ नेपाल सरकार, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, *जिल्ला विपद् व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६९*।

३ नेपाल सरकार, गृह मन्त्रालय (२०६७), *विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जूमा मार्गदर्शन २०६७ : विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको तर्जुमाको अवधारणागत ढाँचा,* काठमाण्डौ : विपद् व्यवस्थापन शाखा, गृह मन्त्रालय, नेपाल सरकार ।

४ नेपाल सरकार, गृह मन्त्रालय, वैशाख २०७०, *राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा*।

५ भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (एनसेट), *डेस-इन्भेन्टार डाटावेस, नेपालमा प्रकोप तथ्याङक सूचीकरण सन् १९७१-२०१२*

६ धरान नगरपालिका र सिम–नेपाल, (सन् २००३), *धरान वातावरणीय विवरण*।

७ युएनआईएसडिआर र एनसेट UNISDR and NSET (२०११), विपद् जोखिम न्यूनीकरण सम्बन्धी शव्दावली, युएनआईएसडिआर र भूकम्प प्रविधि राष्ट्रिय समाज - नेपाल (एनसेट)

८ केन्द्रिय तथ्याङ्क विभाग, (राष्ट्रिय जनगणना सन् २००१, २०११) जनसंख्या सम्वन्धी तथ्याँकहरु

९ Karen Sudmeier-Rieux, Jean-Christophe Gaillard, Sundar Sharma, Jérôme Dubois, Michel Jaboyedoff (2012), Chapter 7 Floods, Landslides, and Adapting to Climate Change in Nepal: What Role for Climate Change Models?, in *Armando Lamadrid, Ilan Kelman (ed.) Climate Change Modeling For Local Adaptation In The Hindu Kush-Himalayan Region (Community, Environment and Disaster Risk Management, Volume 11)* Emerald Group Publishing Limited, pp.119 - 140

# अनुसुचीहरु

## अनुसूची १: कार्यशालाको अभिलेखीकरण

### १ परिचय

धरान नगरपालिकाद्वारा स्थानीय विपद् जोखिम व्यवस्थापन योजना लागू गर्ने निर्णय गरि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय द्वारा जारी "स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा मार्गदर्शन २०६८" को मातहतमा धरान नगरपालिका विपद् जोखिम व्यवस्थापन योजना तयार गरिएको छ ।

यसका लागि २०६९ फागुन १५-१७ सम्म धरान नगरपालिकाद्वारा ३ दिने स्थानिय विपद् जोखिम व्यवस्थापन योजना सम्वन्धी कार्यशाला गोष्ठीको आयोजना गरी सो कार्यशालावाट प्राप्त नतिजा, विश्लेषण र सुझावको आधारमा धरान नगरपालिका विपद् जोखिम व्यवस्थापन योजना तयार गरिएको हो । स्थानीय सरोकारवालाहरु र नगरपालिकासँगको सक्रिय समन्वयमा तथा स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा तयार गरिएको छ । उक्त कार्यशालामा धरान नगरपालिका क्षेत्रमा कार्यरत सक्रिय विभिन्न राजनितिक दलका प्रतिनिधिहरु, नगरपालिकास्थित सरकारी, स्थानीय तथा गैससका प्रतिनिधिहरु, नेपाल प्रहरी, शसस्त्र प्रहरि वल, नेपाल रेडक्रस, नेपाल स्काउट लगायत विभिन्न संघसंस्थाका प्रतिनिधिहरु सक्रिय सहभागितामा सञ्चालित कार्यशालावाट प्राप्त नतिजाका आधारमा यस विपद व्यवस्थापन योजना तर्जुमा गरिएको छ ।

यस अनुसूचीमा उक्त कार्यशाला अवधिमा गरिएका मुख्य कार्यहरुको संक्षिप्त व्याख्या गरिएको छ ।

### २ उद्धेश्यहरु

यस कार्यशालाको समग्र उद्देश्य धरान नगरपालिकाको विपद् जोखिम व्यवस्थापन योजना निर्माण गर्नुका साथै सो योजनाको कार्यान्वयन योजना पनि निर्माण गर्नु रहेको छ । कार्यशालाका निर्दिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन् :

- कार्यशालामा सहभागीहरुका लागि स्थानीय विपद् जोखिम न्यूनीकरण अवधारणा तथा विपद् जोखिम व्यवस्थापनमा प्रयोग हुने पारिभाषिक शव्दावलीहरु को वारेमा जानकारी दिने ।
- धरान नगरपालिकाको प्रकोप, संकटासन्नता तथा क्षमता विश्लेषण कार्य गर्ने ।
- स्थानीय विपद् जोखिम व्यवस्थापन समिति निर्देशिका वमोजिम धरान नगरपालिकामा स्थानीय विपद् जोखिम व्यवस्थापन समिति गठन प्रकृयामा सहयोग गर्ने ।
- धरान नगरपालिकाको लागि विपद् जोखिम व्यवस्थापन योजनाको खाका तयार गर्ने ।

### ३ कार्यशाला सञ्चालन तथा विधि

- कार्यक्रमको औपचारिक उद्घाटन- सुनसरी जिल्ला प्रमुख जिल्ला अधिकारीज्यू बाट । कार्यकारी अधिकृत – धरान नगरपालिकाबाट अध्यक्षता, कार्यकारी निर्देशक – एनसेट, अतिथि तथा नगरपालिकाका अन्य पदाधिकारीज्यूहरु ।

- स्थानीय विपद् जोखिम व्यवस्थापनमा स्थानीय विपद् जोखिम न्यूनीकरणको महत्व तथा प्रक्रियाबारे प्रस्तुतीहरु ।
- स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका वमोजिम स्थानीय विपद् जोखिम व्यवस्थापन योजना निर्माण प्रक्रियाबारे जानकारी तथा छलफल ।
- स्थानीय विपद् जोखिम व्यवस्थापन योजना निर्देशिका अनुरुप स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा, तथा अन्य विषयहरुमा छलफल तथा निर्णयहरु ।

## ४ विपद् जोखिम व्यवस्थापन समिति निर्माण

कार्यशालामा उपस्थित भएका सहभागीहरु मध्ये बाट नगरस्तरीय विपद जोखिम व्यवस्थापन समिति गठन गरिएको छ । यसका लागि पदेन सदस्यहरु हुने बाहेक स्थानीय तहमा विपद्को क्षेत्रमा कार्यरत विज्ञहरु र विभिन्न संघसंस्थाहरु मध्येबाट प्रतिनिधिहरु (अनुसूची ७) चयन गरि धरान नगरपालिका विपद् जोखिम व्यवस्थापन समिति गठन ।

## ५ प्रकोप, संकटासन्नता तथा क्षमता विश्लेषण

- प्रकोप पहिचान- सहभागीहरुका लागी प्रकोपको वारेमा जानकारी, प्रकोप सम्वन्धी जानकारी र विश्लेषण ।
- सहभागीद्धारा प्रकोप पहिचान- सबै प्रकारका प्रकोप र तिनिहरुको सम्भावित खतराको सूचीकरण ।
- प्रकोप विश्लेषण, जोडागत विधिद्वारा प्रकोपको पहिचान स्तरीकरण, संकटासन्नता विश्लेषण, क्षमता विश्लेषण आदि । स्थानीय स्तरमा छनौट गरिएका प्रकोपको सन्दर्भमा क्षमता विश्लेषण ।

## ६ स्थानीय विपद् जोखिम व्यवस्थापन योजना निर्माण

धरान नगरपालिकाको स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमाका लागि तयारी जसका लागि समग्रमा: (क) धरान नगरपालिका सँगको नियमित छलफल र सहमति पश्चात यो कार्यक्रम थालनी गरि  विपद् पूर्वतयारी व्यवस्थापन सम्वन्धी आधारभूत छलफल (ख) विपद घटनाहरुको समिक्षा, नगरपालिका तहमा रहेका प्रकोप संकटासन्नता तथा जोखिम वारे छलफल र स्तरीकरण (ग) वढी जोखिम उत्पन्न गर्ने मानिएका प्रकोप घटनाहरुको ऐतिहासिक समयरेखा निर्धारण (घ) विगतका विपद् घटनाको विश्लेषणवाट नगरपालिकाको जोखिम विश्लेषण, लेखाजोखा, विपद् जोखिम व्यवस्थापन योजना तर्जुमाका लागी मुख्य प्रकोप छनौट, नगरपालिका मा रहेका स्रोत साधन तथा क्षमताको सुचीकरण आदि रहेका छन् ।

उक्त विधिद्वारा कार्यशालामा सहभागि प्रतिनिधिहरु बीचको छलफलबाट विपद् जोखिम व्यवस्थापन योजना तयार गरिएको छ । जसमा सहभागीहरुमध्ये वाट स्थानीय तहमा गरिनुपर्ने कार्यहरुको छनौट, मुख्यकार्यहरुको प्राथमिकीकरण, पुर्वतयारीका लागि गरिनुपर्ने कार्यहरुको छनौट, प्रकोप अनुसारका पूर्वतयारी कार्यहरु र तिनीहरुको प्राथमिकीकरण, कार्य विभाजन, पूर्वतयारी कार्यहरु छनौट, प्रकोपका गतिविधिका सूचीकरण, कार्ययोजनाको तयारी आदि रहेका छन् । यसरी कार्ययोजना तयार गरिएको छ ।

## ७ निष्कर्ष

स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा दीर्घकालिन आधार हो । समुदायको प्राथमिकताको आधारमा निर्माण गरिएका यस योजनाले धरान नगरपालिकाको विपद् जोखिम व्यवस्थापनको क्षेत्रमा महत्वपूर्ण आधार तयार गर्नुका साथै स्थानीय तहमा विपद् जोखिम न्यूनीकरणमा संस्थागत कार्यका लागि मद्धत पुग्ने छ ।

## ८ उपलव्धीहरुः

कार्यशाला गोष्ठीबाट प्राप्त मुख्य उपलव्धिहरुमाः (क) स्थानीय विपद् जोखिम व्यवस्थापन समितिको गठन, प्रकोप, संकटासन्नता, तथा क्षमता विश्लेषण, स्थानीय विपद् जोखिम व्यवस्थापन योजना खाका तयार, (ख) सहभागीहरु, विपद् व्यवस्थापन योजनामा सम्भावित कार्यकर्ताहरु बीचको वुझाईमा एकरुपता, स्थानीय सरोकारवालाहरुको पहिचान र स्थानीय विपद् जोखिम व्यवस्थापनमा सरोकारवालाहरुको भूमीका पहिचान, सहभागीहरुद्वारा स्थानीय विपद् न्यूनीकरणका कार्यहरु, स्रोतको व्यवस्थापन तथा स्थानीय तवरमा गर्नुपर्ने कार्यहरुको वारेमा जानकारी, (ग) स्थानीयविपद् जोखिम व्यवस्थापन योजना, जोखिम विश्लेषण र विपद् व्यवस्थापन योजनाको मस्यौदा निर्माण, सहभागीहरुलाई विपद् सम्वन्धी शव्दावलीको वारेमा ज्ञान जस्तैः प्रकोप, संकटासन्नता, विपद्, जोखिम, क्षमता र पूर्वतयारी आदी (घ) स्थानीय विपद् व्यवस्थापन योजना र स्थानीय स्तरको विकासमा यसको महत्वको वारेमा जानकारीका साथै स्थानीय तहमा गरिने विपद् जोखिम व्यवस्थापन र प्रतिकार्य योजनामा स्थानीय सरोकारवालाहरुको महत्वपूर्ण भूमिकाको पहिचान गरिएको र क्रियाकलापको प्राथमिकीकरण गर्न सक्ने आदि रहेका छन् ।

## अनुसूची २: धरान नगरपालिका विपद् जोखिम व्यवास्थापन समितिका पदाधिकारीहरुको नाम तथा सम्पर्क विवरण

| क.स. | पद | नाम | सस्था | सम्पर्क | |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री भोजराज खतिवडा | कार्यकारी अधिकृत, धरान नपा | | |
| २ | | श्री शकुन्तला सुब्बा, | कार्यकारी निर्देशक, उप्का नेपाल | | |
| ३ | | श्री हरिकृष्ण श्रेष्ठ, | नेपाल स्काउट | | |
| ४ | | श्री मणिकुमार वि.क. | नेपाल वसोवास बस्ती संरक्षण समाज | | |
| ५ | | श्री पूर्णमाया राई (मगर) | सामुदायिक वन उपभोक्ता समिति | | |
| ६ | | श्री | नेपाल रेडक्रस सोसाईटी | | |
| ७ | | श्री | सुनसरी उद्योग वाणिज्य संघ | | |
| ८ | | श्री | स्थानीय भवन निर्माण व्यवसायी संघ | | |
| ९ | | श्री | रोटरी क्लव अफ घोपा | | |
| १० | | श्री | रोटरी क्लव अफ धरान | | |

-

## अनुसूची ३: धरान नगरपालिका वडागत जनसंख्या वितरण

| वडा नं. | राष्ट्रिय जनगणना (वि.सं. २०५८) | | | | सर्वेक्षण (वि.सं. २०६८) | | | | | | वि.सं. २०५८/२०६२मा भएको वृद्धि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरधुरी संख्या | जम्मा जनसंख्या | परिवार आकार | जनघनत्व (जनसंख्या प्रति व.कि.मी.) | घरधुरी संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवार आकार ४.३ | जनघनत्व (जनसंख्या प्रति व.कि.मी.) | घरधुरी संख्यामा | जनसंख्या |
| १ | ४३१ | २२३६ | ५.२५ | १०३ | ४८३ | २१४६ | १०६२ | १०८४ | ४.३५ | ९२ | ३२ | -२२१ |
| २ | ३०२ | १७९८ | ५.९५ | २०४ | २५३ | १२८२ | ६४८ | ६३४ | ४.७५ | १८० | ३१ | -२१५ |
| ३ | ९७४ | ४८८५ | ५.०१ | ३७५ | १०३४ | ४८३८ | २३७२ | २४६६ | ४.६१ | ३५३ | २२ | -२८७ |
| ४ | ५६४ | २६४० | ४.६८ | ८६ | ७१६ | २८१२ | १३९६ | १४१६ | ४.१२ | ७६ | १ | -३११ |
| ५ | २१८ | १२५० | ५.७३ | ३५० | १६९ | ८३० | ४२१ | ४०९ | ४.४३ | २८८ | १४ | -२२१ |
| ६ | ३४३ | १७९७ | ५.२३ | २३३ | २८७ | १३६७ | ६५३ | ७१४ | ४.५१ | २०३ | ३ | -२३६ |
| ७ | ७८५ | ३६१८ | ४.६० | २०६ | ७७७ | ३२७५ | १५८४ | १६९१ | ४.२५ | १९६ | २५ | -१७० |
| ८ | २३४२ | १०८२१ | ४.६२ | ७० | २८१८ | ११६७९ | ५६३७ | ६०४२ | ४.३३ | ६६ | १६ | -६०४ |
| ९ | ९६० | ४३३२ | ४.५१ | १८० | १०२२ | ४११३ | २०८४ | २०२९ | ४.१० | १६२ | -१० | -४३५ |
| १० | १३२२ | ५६०३ | ४.२३ | १४४ | १३८४ | ५४४४ | २६०५ | २८३९ | ४.१८ | १३३ | -८४ | -४२३ |
| ११ | १६६४ | ७८०५ | ४.६९ | ४५ | २७०८ | ११७०३ | ५४१७ | ६२८६ | ४.५० | ५६ | ५०४ | १९५९ |
| १२ | ६२१ | २८८९ | ४.६५ | १४३ | ६२७ | २६५२ | १२२५ | १४२७ | ४.४४ | १३२ | २० | -२१६ |
| १३ | १२९९ | ६०१३ | ४.६२ | २९ | २०३४ | ८३०२ | ३७८० | ४५२२ | ४.२३ | ३१ | २३५ | ४९० |
| १४ | ६६३ | ३२६४ | ४.९२ | १३ | ८५१ | ३६०९ | १७३७ | १८७२ | ४.३४ | १३ | ८० | -३२ |

| वडा नं. | राष्ट्रिय जनगणना (वि.सं. २०५८) | | | | सर्वेक्षण (वि.सं. २०६८) | | | | | | वि.सं. २०५८/२०६२मा भएको वृद्धि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरधुरी संख्या | जम्मा जनसंख्या | परिवार आकार | जनघनत्व (जनसंख्या प्रति व.कि.मी.) | घरधुरी संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवार आकार ४.३ | जनघनत्व (जनसंख्या प्रति व.कि.मी.) | घरधुरी संख्यामा | जनसंख्या |
| १५ | २९२३ | १४२०६ | ४.८६ | ५० | ४७२६ | १९८७९ | ९२१३ | १०६६६ | ४.५० | ५२ | ३३२ | ४६८ |
| १६ | १३६० | ६११८ | ४.४९ | ४७ | २७६३ | १११९९ | ५१७३ | ६०२६ | ४.३६ | ५९ | ४०९ | १६०३ |
| १७ | १४८९ | ६८२८ | ४.५८ | १७ | २३२४ | १००५४ | ४५६४ | ५४९० | ४.२५ | १६ | १८६ | ३६९ |
| १८ | ११९२ | ४२१५ | ३.५३ | १९ | १६२० | ५८७२ | २७१५ | ३१५७ | ३.१५ | २४ | ४७० | १०२४ |
| १९ | ९७६ | ५०२६ | ५.१४ | ७३ | ११५४ | ५१२५ | २३१३ | २८१२ | ४.५० | ६७ | ३७ | -४६० |
| जम्मा | २०४२८ | ९५३३२ | ४.६६ | ४५ | २७७५० | ११६१८१ | ५४५९९ | ६१५८२ | ४.२८ | ४६ | २२८३ | २०९४ |


श्रोत:: रा. जनगणना २०५८/ जिल्ला पार्श्वचित्र, २०६२

## अनुसूची ४: धरान नगरपालिका भूउपयोग

| क.सं. | वर्गीकरण | क्षेत्रफल (हे.) | भूउपयोग (%) |
|---|---|---|---|
| १. | आवासिय क्षेत्र | ७४० | ३५.०३ |
| २. | व्यापारिक क्षेत्र | १४ | ०.६६ |
| ३. | व्यापारिक तथा आवासिय क्षेत्र | २३ | १.०८ |
| ४. | औद्योगिक क्षेत्र | १४ | ०.६६ |
| ५. | संस्थागत क्षेत्र | १९२ | ९.०९ |
| ६. | कृषि | ७६९ | ३६.४६ |
| ७. | वन | १५५ | ७.३३ |
| ८. | खोला/खहरे/बालुवा | १५० | ७.१० |
| ९. | नर्सरी, बगैचा, पार्क | ३५ | १.६५ |
| १० | सुकुम्वासी क्षेत्र | २० | ०.९४ |
| | जम्मा | २११२ | १०० |

श्रोत: धरान नगरपालिका

## अनुसूची ५: धरान नगरपालिकामा प्रकोप र महिना अनुसारको मानवीय क्षतिको स्वरुप




चित्र : धरान नगरपालिकामा प्रकोप र महिना अनुसारको मानवीय क्षतिको स्वरुप

(१९७१-२०१२ सम्मको डेसइन्भेन्टार तथ्याङकको आधारमा)

## अनुसूची ६: सुनसरी जिल्लामा सन् १९७१ – २०१२ सम्ममा विभिन्न प्रकोपको कारण भएको क्षति

| बर्ष | घटना संख्या | मृत्यु संख्या | घाईते | प्रभावित जनसंख्या | पूर्ण क्षतिग्रस्त घरहरु | आशिक क्षतिग्रस्त घरहरु | खेती र जमीन (हे) | पशुसंख्या | शिक्षा | क्षति ने.रु.मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १९७१ | ३ | १४ | | ६७५ | | | | | | १,००० |
| १९७२ | २ | | | | ११ | | | | | ३८ |
| १९७३ | ४ | २ | | | २१४ | | | | | ३२५,००० |
| १९७४ | ४ | ६ | २६ | १२४ | ९३ | | २,७४१ | २५ | | २५२,००० |
| १९७५ | ३ | १ | १ | | ५७ | | | | | ४४,०७० |
| १९७६ | ९ | ३ | | २९५ | ७३२ | | | ५ | | ३६५,००० |
| १९७७ | ४ | | | १३९ | २३ | | | | | |
| १९७८ | ५ | ५ | १ | २६ | ७९ | | १६९ | | | १५०,००० |
| १९७९ | ५ | १५ | | १८ | ३३ | | | १० | | ८१,००० |
| १९८० | ४ | ५ | | | ५२३ | २५ | २,७०८ | १५ | | |
| १९८१ | २ | | | १,७४० | | १ | १,३५४ | | | |
| १९८३ | ५ | ६ | | १५७ | ११ | | | | | ५०,००० |
| १९८४ | ७ | १२ | | २२ | १५ | १ | | | | ५,०५३,००० |
| १९८६ | ११ | ८ | | ८४१ | १५५ | २ | | | | १०,७००,००० |
| १९८७ | १ | | | | | | | | | |
| १९८८ | ४ | १४० | २,११७ | | ७५६ | १,७९५ | | ७८ | २४३ | २,३००,००० |
| १९८९ | ३ | ३० | २९ | | | | | | | |
| १९९० | ३ | | | १,५१८ | ४३ | | | | | २ |
| १९९१ | १० | ६ | ३ | १,०१२ | ८ | | | ८ | | १९१,९०० |
| १९९२ | ३३ | २३ | २ | १,३०८ | ७४४ | | | १० | १ | १६,०७३,३२४ |
| १९९३ | ११ | ७ | २ | ५७० | १२७ | | १८ | २५८ | | १२,०२६,९०० |
| १९९४ | १५ | २१ | १२ | ६३६ | ९३ | २१ | १०,१०१ | २० | | १४,७३७,२६६ |
| १९९५ | ६ | ५ | १४ | | १८८ | | | | | ४,५४६,००० |
| १९९६ | ७ | २५ | ४४ | ५७,९४० | ३,२५५ | ६,३४४ | ९ | २१५ | | ११,०१८,७१६ |
| १९९७ | ९ | १० | ९ | ५७८ | १०० | २ | | ५ | | ३०,००० |
| १९९८ | ३ | ८ | | ८,५७० | १,२११ | | ३ | १२ | | ४,०९९,१२० |

| बर्ष | घटना संख्या | मृत्यु संख्या | घाईते | प्रभावित जनसंख्या | पूर्ण क्षतिग्रस्त घरहरु | आशिक क्षतिग्रस्त घरहरु | खेती र जमीन (हे) | पशुसंख्या | शिक्षा | क्षति ने.रु.मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १९९९ | ११ | ८ | ६ | १११ | १६ | १ | | | | २,४३१,००० |
| २००० | ९ | १६ | | २९ | २९ | १६ | | | | २,८२०,००० |
| २००१ | २१ | ५३ | १३० | ९४२ | १४४ | | ९ | | | १३,४०९,०९० |
| २००२ | ४२ | ३ | ५१ | २,१९५ | २७७ | ९२ | २० | | | ७,०१८,२०० |
| २००३ | २३ | ८ | २०७ | ३०८ | ११ | १०१ | २ | ५१ | | १७,६००,००० |
| २००४ | १९ | २१ | | १,५८३ | २९ | ३०० | | | | ४,०००,००० |
| २००५ | ११ | | २० | २१४ | ५ | १५३ | | | १ | ६९०,००० |
| २००६ | २८ | २८ | ५४ | ५० | ७९ | ३ | | ३ | | १५,१५०,००० |
| २००७ | ४३ | २० | १२० | ५,३७२ | ७४९ | ५ | ५०० | | | |
| २००८ | ९८ | २३ | ५७ | ७१,८०१ | ८,००४ | ३३३ | २०,१९३ | ६,८१० | २ | |
| २००९ | ३८ | ४२ | ७८ | १,१०१ | १०४ | ५० | | १२ | | १४,२००,००० |
| २०१० | ६४ | २९ | २ | ७,०६४ | २९६ | २४५ | ३०५ | | २ | ६९,७००,००० |
| २०११ | ४७ | २४ | २३ | १४,७२० | १,०९९ | १,५९९ | ८८० | | | |
| २०१२ | ३६ | १२ | १ | ६९८ | १३५ | ४ | | ४९ | ३ | |
| **जम्मा** | **६६३** | **६३९** | **३,००९** | **१८२,३५७** | **१९,४४८** | **११,०९३** | **३९,०११** | **७,५८६** | **२५२** | |

श्रोत : डेसुईन्भनेन्टार डाटावेस नेपाल, (सन् १९७१ देखि २०१२, ४२ वर्षको अवधि समावेश), एनसेट

## अनुसूची ७: स्थानीय विपद् जोखिम व्यवस्थापनमा निकायगत व्यवस्था

### निकायगत भूमिका तथा जिम्मेवारी

स्थानीय तहमा गरिने प्रकोप जोखिम व्यवस्थापनमा स्थानीय निकाय/नगरपालिकाको नेतृत्वदायी भूमिका रहन्छ । नगरपालिकामा कार्यरत विभिन्न सरकारी लगायत अन्य संघसंस्थाहरुले पनि महत्वपूर्ण भूमिका निर्वाह गर्दछन् । यसमा जोखिम पहिचान तथा विश्लेषण, नक्साङ्कन र क्षतिको लेखाजोखा देखि लिएर आवास, खानेपानी, सरसफाई, स्वास्थ्य, खोज-उद्धार, सुरक्षा, जनचेतना बृद्धि आदिको क्षेत्रमा विशेषज्ञता हासिल गरेका समूहहरुले आ-आफनै क्षेत्रको जिम्मेवारी वहन गर्न सक्दछन । परिणाम स्वरुप जोखिम न्यूनीकरण तथा सहज तरिकाले व्यवस्थापन गर्न सकिन्छ । विभिन्न ऐन नियम तथा निर्देशिकाहरुको पालना तथा तिनीहरुको मातहतमा रही गरिने यस्ता विपद् जोखिम न्यूनीकरणका कार्यहरु गर्ने नेतृत्वदायी जिम्मेवारी नगरपालिकामा रहेको हुन्छ ।

स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८ मा स्थानीय तहमा गरिने विपद् जोखिम ब्यवस्थापनमा नगरपालिका, गाविस, जिल्ला विकास समिति तथा स्थानीय विकास मन्त्रालयको भूमिका तथा जिम्मेवारी निम्नानुसार उल्लेख गरिएको छ ।

**(क) नगरपालिकाको विशेष जिम्मेवारी**

- नगरपालिकाका सङ्कटासन्न वडा, आवास क्षेत्र र समुदाय तहको विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा तथा कार्यन्वयन गर्न आर्थिक एवं प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ ।
- स्थानीय विपद् जोखिम व्यवस्थापन योजनाको कार्यान्वयन र समुदायको क्षमता अभिवृद्धिका लागि क्षमता विकास कायर्क्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेछ ।
- विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा तथा कार्यान्वियन गर्ने क्रममा आवश्यकता अनुसार अन्य स्थानीय निकायसँग समेत समन्वय गर्नु पर्नेछ ।
- सामुदायिक विपद् व्यवस्थापन समिति (Community Disaster Management Committee, CDMC) लाई नगरपालिकाका समितिमा सूचीकरण गरी वार्षिक रूपमा नवीकरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।
- विपद् जोखिम व्यवस्थापनका कार्यक्रमहरूलाई नगरपालिकाको वार्षिक तथा आवधिक योजनामा प्राथमिकताका साथ समावेश गरी कार्यान्वयन गर्नु पर्नेछ ।
- विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा तथा कार्यान्वियनका क्रममा नगर विकास समिति, सहरी विकास विभागको आवास महाशाखा तथा सोसँग सम्बन्धित कार्यालय, सडक विभाग वा सडक डिभिजन कार्यालय, नेपाल विद्युत् प्राधिकरण, दूरसञ्चार कार्यालयहरू लगायत सरकारी, गैरसरकारी र निजी क्षेत्रसँग समेत प्रभावकारी समन्वय गर्नु पर्नेछ ।

**(ख) जिल्ला विकास समितिको जिम्मेवारी**

- नगरपालिकामा कार्यरत कर्मचारी तथा नगरस्तरीय विपद व्यवस्थापन समितिका पदाधिकारीहरुलाई विपद् जोखिम व्यवस्थापन सम्वन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

- विपद् जोखिम व्यवस्थापनको क्षेत्रमा जिल्लामा कार्य गर्ने विभिन्न संघ-संस्था र सो अन्तर्गत रहेका दक्ष जनशक्ति तथा स्वतन्त्र विज्ञहरुको समूह तयार गर्नुपर्नेछ ।
- जिल्लाको बार्षिक तथा आवधिक योजनामा विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरुलाई प्राथमिकताका साथ समावेश गरी कार्यान्वयन गर्नुपर्नेछ ।
- नगरस्तरीय विपद् जोखिम न्यूनीकरण योजना तर्जुमा गरी कार्यान्वयन गर्न नगरपरिषदका समितिहरुलाई प्रोत्साहन गर्नुपर्नेछ ।
- जिल्लामा सञ्चालित विपद् जोखिम व्यवस्थापन सम्वन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्नेछ ।
- जिल्लामा विपद् जोखिम व्यवस्थापन सम्बन्धी कार्यमा संलग्न गैरसरकारी संघसंस्था तथा निजी क्षेत्रको कार्यक्रममा आवश्यकता अनुसार समन्वय, सहजीकरण तथा सहकार्य गर्नुपर्नेछ ।
- नगरपालिकामा स्थानीय विपद् जोखिम व्यवस्थापन तर्जुमा भइसकेको अवस्थामा जिल्ला विकास समितिले नगरपालिकालाई सहयोग गर्नुपर्नेछ ।

(ग) **स्थानीय विकास मन्त्रालयको जिम्मेवारी**

- विपद् जोखिम न्यूनीकरण कार्यक्रमलाई विकासका नीति, योजना र कार्यक्रममा मूलप्रवाहीकरण गर्न आवश्यक पहल गर्नुपर्नेछ ।
- जिल्ला विकास समितीले स्थानीय तहको विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा गरी लागु गर्न आवश्यक हाते पुस्तिकाहरु तयार गर्नुपर्नेछ ।
- विपद् जोखिम व्यवस्थापन योजना कार्यान्वयनका लागि सम्बन्धित निकायमा बजेट विनियोजनको व्यवस्था मिलाउन समन्वय गर्न सक्नेछ ।
- विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा तथा कार्यान्वयनका लागि स्थानीय निकायमा आवश्यक पर्ने जनशक्तिको क्षमता विकास कायक्रम सञ्चालन गर्न स्थानीय निकायलाई उत्प्रेरित गर्नुपर्नेछ ।

**स्थानीय तहमा विपद् जोखिम व्यवस्थापनमा संलग्न अन्य निकायहरुसँगको समन्वय**

नगरस्तरमा विपद् जोखिम व्यवस्थापन गर्नको लागि नगरपालिकाका वडाहरुमा स्थानीय विपद् जोखिम व्यवस्थापन योजना (Local Disaster Risk Management Plan–LDRMP) तर्जुमा निर्देशिका अनुरुप वडास्तरमा विपद् जोखिम व्यवस्थापन समितिहरु गठन भई योजना तर्जुमा गरी क्रियाशील हुनुपर्ने छ । त्यस्तै समुदायस्तरमा समेत विभिन्न गैरसरकारी एंव सामुदायिक संघ-संस्थाहरुले विपद् जोखिम व्यवस्थापन समितिहरु गठन गरी पूर्वतयारी तथा न्यूनीकरण कार्यहरु गर्न सक्दछन् । नगरपालिकामा संचालन गरिने पूर्वतयारी र प्रतिकार्य गर्ने कार्यमा वडास्तरीय, नगरस्तरीय र जिल्लास्तरीय समितिहरु सँग समेत समन्वय गरिनेछ ।

यस्तै “स्थानीय स्वायत्त शासन ऐन २०५५” ले नगरपालिकास्तरमा विपद् जोखिम व्यवस्थापन कार्यहरु (अनुसुची ६) लागी व्यवस्था गरेको छ ।

## विपद् व्यवस्थापन समितिको गठन

स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ मा व्यवस्था गरिए अनुसार नगरपालिका तहमा गठन हुने विपद् जोखिम व्यस्थापन समितिको गठन प्रकृया निम्नानुसार रहेको छ ।

**विपद् जोखिम व्यस्थापन समितिको गठन प्रकृया**

| क्र.सं. | प्रतिनिधित्व | पद[२] |
|---|---|---|
| १. | नगरपालिका वा गाउँ विकास समिति प्रमुख | अध्यक्ष |
| २ | वडा अध्यक्ष मध्ये बाट नगर/गाउँ परिषद्ले मनोनयन गरेका तीनजना वडाध्यक्षहरू | सदस्य |
| ३ | विपद् परेका वडाको वडाध्यक्ष | सदस्य |
| ४ | वडा सदस्यहरू मध्येबाट नगर/गाउँ परिषद्ले मनोनयन गरेका दुईजना वडा सदस्यहरू | सदस्य |
| ५ | राष्ट्रिय स्तरका राजनीतिक दलका नगरपालिका/गाउँ विकास समिति स्तरीय प्रतिनिधि | सदस्य |
| ६ | नेपाल रेडक्रस सोसाइटी, स्थानीय गैरसरकारी संस्था, सामुदायिक संस्था, सामाजिक सङ्घसंस्था वा प्रतिष्ठित समाजसेवी मध्ये नगर/गाउँ परिषद्ले मनोनित गरेका चारजना (यसमा महिला र दलित अनिवार्य रूपमा हनु पर्नेछ ) | सदस्य |
| ७ | स्थानीयस्तरमा उपलब्ध विपद् व्यवस्थापन सम्बन्धी विज्ञमध्ये नगर/गाउँपरिषद्ले मनोनयन गरेका दुई जना | सदस्य |
| ८ | नगरपालिकाका कार्यकारी प्रमुख/गाउँ विकास समितिका सचिव | सदस्य सचिव |

स्रोत : स्थानीय विपद् जोखिम व्यवस्थापन निर्देशिका, २०६८

## स्थानीय विपद् व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार

निर्देशिकाले व्यवस्था गरे अनुसार स्थानीय विपद् व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार निम्न अनुसार हुनेछ ।

- नगरपालिकाको प्रत्येक वडामा विपद् व्यवस्थापन योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्नु,
- जिल्ला विपद् व्यवस्थापन समिति र वडास्तरमा गठन हुने विपद् व्यवस्थापन सम्बन्धी अन्य समिति तथा उपसमितिलाई सहयोग पुऱ्याउनु,
- नगरापालिका तथा वडास्तरका कर्मचारी, नागरिक समाजका प्रतिनिधि तथा राजनीतिक दलका प्रतिनिधिहरुलाई विपद् सम्बन्धी तालिम, प्रशिक्षण दिने वा दिन व्यवस्था मिलाउनु,

[२] नोटः नगरपालिका तथा गाउँ विकास समितिले स्थानीय विपद् व्यवस्थापन समितिको संरचनामा आवश्यकता अनुसार परिमार्जन गर्न सक्नेछन् । त्यसैगरी स्थानीय विपद् व्यवस्थापन समितिका पदेन सदस्यबाहेक मनोनित सदस्यको पदावधि बढीमा दुई वर्षको हुने व्यवस्था मिलाउनु पर्नेछ ।

- विपद् व्यवस्थापनका लागी वडास्तरीय विपद् व्यवस्थापन कोषको स्थापना र सञ्चालनको व्यवस्था मिलाउनु,
- विपद् व्यवस्थापनको लागि बार्षिक वजेट छुट्टयाउनु,
- विपद्को अवस्थामा वा विपद् जोखिम न्यूनीकरणका गातिविधिमा बजेट परिचालन तत्कालै हुने व्यवस्था मिलाउनु,
- नगरपालिकाको भौतिक संरचना निर्माण प्रक्रियामा सरकार तथा जिल्ला स्तरबाट लागु भएका  नीति निर्देशन कार्यान्वयन गर्नु गराउनु,
- सबै सरोकारवालाको सहभागितामा विपद् व्यवस्थापन योजना, आपत्कालीन कार्ययोजना, पुर्नस्थापना तथा पुर्ननिर्माण योजना तर्जुमा तथा कार्यान्वयन गर्नुपर्नेछ,
- नगरपलिकाको विपद् प्रभावित क्षेत्रमा उद्धार, राहतको व्यवस्था गर्नु,
- नगरपालिकाको लागि विपद् व्यवस्थापन सम्वन्धी आवश्यक दस्तावेज तयार गर्नु,
- विपद्बाट विस्थापित समुदायलाई पुर्नस्थापना गर्न नगरपालिका तथा जिल्ला विपद् व्यवस्थापन समितिलाई सहयोग गर्नु,
- नगरपालिकामा वडास्तरको प्रकोप जोखिम नक्सा बनाउने,
- विकास निर्माण योजनामा विपद् व्यवस्थापन र जोखिम न्यूनीकरणका अवधारणालाई मुलप्रवाहीकरण गर्ने गराउने तथा त्यससँग सम्बद्ध कार्य गर्नुपर्नेछ,
- समुदायिक रुपमा गठन भएका प्रकोप व्यवस्थापन समितीहरुलाई नगरपालिका मातहतमा आवद्ध गराई तिनको सूची कायम गरी समितिहरुका कार्यक्रमलाई सघाउने,
- विपद् व्यवस्थापन सम्बन्धी जनचेतना तथा क्षमता अभिबृद्धिका कार्य गर्ने र गराउने,
- विपद् व्यवस्थापन प्रक्रियालाई सहभागितामूलक र समावेशी बनाउनुपर्ने,

**वडा स्तरीय विपद् जोखिम व्यवस्थापन समिति**

त्यस्तै नगरपालिका क्षेत्र भित्र वडा स्तरमा  गठन गरिने विपद् जोखिम व्यवस्थापन समितिको गठन प्रकृया का लागि स्थानिय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८ को दफा १.२ को अन्त्यमा नगरपालिकाको सम्बन्धित वडास्तरमा क्रियाशिल स्थानीय संघ सँस्थाहरुबाट एक-एक जना प्रतिनिधि र समुदायमा बसोवास गर्ने सबै घरधुरीहरुबाट प्रतिनिधित्व हुनेगरी सामुदायिक भेला आयोजना गरी अनुसूची १ क बमोजिमको सामुदायिक विपद् व्यवस्थापन समिति गठन गर्न सकिने छ भन्ने प्रावधान रहेको छ । जस अनुसारः-

क) नगरपालिकामा वडा स्तरीय सामुदायिक विपद् जोखिम व्यवस्थापन समितिको गठन गर्ने,

**नगरपालिकामा वडा स्तरीय सामुदायिक विपद् जोखिम व्यवस्थापन समितिको संरचना**

| क सं | प्रतिनिधित्व | पद |
|---|---|---|
| १ | वडा अध्यक्ष | अध्यक्ष |
| २ | नगरपालिकाद्वारा गठित टोल विकास सँस्थाका प्रतिनिधिमध्येबाट वडास्तरीय समन्वय समितिले सिफारिस गरी पठाएका एकजना महिला सहित दुईजना | सदस्य |
| ३ | वडाका संकटासन्न टोलका टोल विकास समितिका प्रमुखहरु | सदस्य |
| ४ | सम्बन्धित वडामा विपद् व्यवस्थापन सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने नेपाल रेडक्रस सोसाइटी वा विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने संघ सस्थाको प्रतिनिधि एकजना | सदस्य |
| ५ | वडास्तरमा उपलब्ध विपद् व्यवस्थापन सम्बन्धी राम्रो ज्ञान भएका नागरिकमध्ये वडाले मनोनयन गरेको एकजना | सदस्य |
| ६ | सम्बन्धित वडाका सचिव | सदस्य सचिव |

ख) सो समितिका सदस्यहरुमध्येबाट समितिले एकजना कोषाध्यक्ष मनोनयन गर्ने र

ग) वडा सचिवले नै वडा अध्यक्षको काम गरिरहेको अवस्थामा समितिका सदस्यहरुमध्येबाट वडा सचिवले तोकेको सदस्यले सचिवको रुपमा काम गर्ने ।

**वडास्तरीय समुदायिक विपद् व्यवस्थापन समितिको काम, कर्तव्य तथा अधिकार**

१ स्विकृत स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिकामा उल्लेख भएबमोजिम विपद् व्यवस्थापन योजना तर्जुमा गर्न स्थानीय विपद् व्यवस्थापन समितिलाई सहयोग गर्ने,

२ वडास्तरमा रहेका सरोकारवालाको सहभागितामा विपद् व्यवस्थापन योजना, आपत्कालीन कार्ययोजना, पुनःस्थापना तथा पुननिर्माण योजना तर्जुमा/अद्यावधिक र सो को कार्यान्वयन गर्ने/गराउने,

३ प्रभावित क्षेत्रमा उद्धार र राहत कार्यको व्यवस्थापनमा सहयोग गर्ने,

४ आवधिक रुपमा वडास्तरमा विपद् जोखिमको अवस्था अध्ययन गरी वडाका प्रत्येक परिवारको विवरण अद्यावधिक गर्ने,

५ आफ्नो वडाक्षेत्रमा सञ्चालन हुने विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम एवं गतिविधिहरु सञ्चालन गर्न सहयोग गर्ने,

६ आवश्यकतानुसार वडास्तरका कर्मचारी, नागरिक समाज तथा स्थानीय बासिन्दाहरुलाई विपद् व्यवस्थापन सम्बन्धी जनचेतनामूलक गतिविधिहरु सञ्चालन गर्न सहयोग पुऱ्याउने,

७ वडास्तरमा सञ्चालन हुने सबै पूर्वाधार सम्बन्धी योजनामा विपद् व्यवस्थापन र जोखिम न्यूनीकरणका अवधारणालाई मूलप्रवाहीकरण गर्न सहयोग गर्ने,

८ वडास्तरमा विपद् व्यवस्थापन कोष स्थापना गर्न आवश्यक देखिएमा स्थानीय विपद् व्यवस्थापन समितिको स्वीकृति लिई कोष खडा गर्ने,

९ चौमासिक रुपमा स्थानीय विपद् व्यवस्थापन समितिलाई प्रगति र आर्थिक प्रतिवेदन पेश गर्ने,

**विपद् प्रतिकार्य सम्वन्धी राष्ट्रिय प्रणाली**

हालै नेपाल सरकार द्वारा जारी गरिएको "राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा २०७०" मा उल्लेख भए अनुसार विभिन्न निकायहरुसंगको समन्वय र कार्य सुचारु गर्न नगरपालिकाले उक्त कार्यढाँचालाइ सहयोग पुग्ने गरि उपयुक्त कार्य सञ्चालन गर्नु पर्दछ ।

१ विपद् प्रतिकार्यको लागि दैवी प्रकोप उद्धार ऐन, २०३९ र स्थानीय स्वायत्त शासन ऐन, २०५५ नेपालका आधारभूत कानुनी व्यवस्थाहरू हुन् ।

२ दैवी प्रकोप उद्धार ऐन, २०३९ ले गृह मन्त्रालयलाई खोज तथा उद्धार कार्यका साथै विपद् प्रतिकार्य पूर्वतयारी सम्बन्धी क्रियाकलापका लागि नेतृत्व प्रदान गर्ने निकायको रूपमा तोकेको छ । नेपाल सरकार कार्य विभाजन नियमावली, २०६४ द्वारा विपद् व्यवस्थापनसम्बन्धी समग्र जिम्मेवारी गृह मन्त्रालयले गर्ने गरी तोकिए बमोजम यस मन्त्रालयवाट विपद् पूर्वतयारी तथा विपद्पश्चात्को पुनःस्थापनाका क्रियाकलापहरूको समन्वय गर्ने गरिएको छ ।

३ नेपाललाई विपद् उत्थानशील राष्ट्रका रूपमा विकास गर्नका लागि सरकारले विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

४ सरकारको विद्यमान क्षमताले प्रतिकार्य गर्न नसक्ने विपद्को अवस्थामा केन्द्रीय दैवी प्रकोप उद्धार समितिको सिफारिसमा मन्त्रिपरिषद्ले विपद् प्रभावित क्षेत्रमा सङ्कटकाल घोषणा गरी अन्तर्राष्ट्रिय सहयोगका लागि आह्वान गर्न सक्ने व्यवस्था रहेको छ ।

५ विपद् प्रतिकार्यका सन्दर्भमा प्रकोप पीडित उद्धार र राहत सम्वन्धी मापदण्ड, २०६४ बमोजिम राहत कार्यका लागि केन्द्र, क्षेत्र, जिल्ला र स्थानीय तहमा केन्द्रीय दैवी प्रकोप उद्धार कोष परिचालन हुने गरेको छ । प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष सञ्चालन नियमावली, २०६३ बमोजिम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष परिचालन हुने गरेको छ । यसका साथै विपद् प्रतिकार्यका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट पनि मानवीय सहयोग परिचालन हुन सक्ने गरेको व्यवस्था रहेको छ । विपद् प्रतिकार्यका लागि उल्लिखित दुबै कोषको परिचालन आवश्यकता बमोजिम हुने गरेको परिप्रेक्षमा प्रतिकार्यका लागि केन्द्र, क्षेत्र, जिल्ला र स्थानीय तहमा विपद् प्रतिकार्य कोषको स्थापना गर्नु पर्ने देखिएको छ ।

६ विपद् प्रतिकार्यका लागि दैवी प्रकोप उद्धार ऐन, २०३९ अन्तर्गत केन्द्रीय दैवी प्रकोप उद्धार समिति, क्षेत्रीय दैवी प्रकोप उद्धार समिति, जिल्ला दैवी प्रकोप उद्धार समिति र आवश्यकता अनुसार स्थानीय दैवी प्रकोप उद्धार समिति समेत रहने व्यवस्था गरिएको छ । यसका साथै केन्द्रिय तहमा आपूर्ति, आवास तथा पुनःस्थापना उपसमिति र राहत तथा उपचार उपसमितिहरुसमेत रहेका छन् । विपद् व्यवस्थापन सम्बन्धी सूचना सङ्कलन, विश्लेषण, प्रवाह र समन्वयको लागि केन्द्रिय, क्षेत्रीय र जिल्ला तहमा तथा नगरपालिकाहरुमा आपत्कालीन कार्यसञ्चालन केन्द्रहरू क्रियाशील रहेका छन् ।

७ स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले व्यवस्था गरे अनुरुप स्थानीय निकायहरु (जि.वि.स, न.पा. र गा.वि.स.हरु) ले विपद् पूर्वतयारी तथा प्रतिकार्यको जिम्मेवारी निर्वाह गर्दै आएका छन् ।

**अनुसूची ८: स्थानीय स्वायत्त शासन ऐन (२०५५) मा उल्लेख भए अनुसार विपद् जोखिम व्यवस्थापन मा नगरपालिकाको भूमिका** [३]

१) विविध:

१. नगरपालिका क्षेत्रको सडकको दायाँ बायाँ र अन्य आवश्यक ठाउँमा वृक्षारोपण गर्ने ।
२. कान्जी हाउस, पशुवधशाला राख्ने स्थानको निर्धारण र व्यवस्थापन गर्ने ।
३. नगरपालिका क्षेत्रको ऐलानी तथा सरकारी पर्ति जग्गाहरूको संरक्षण गर्ने ।
४. मसान घाटको निर्धारण र व्यवस्थापन गर्ने ।
५. व्यापार तथा वाणिज्यको विकासको लागि काम गर्ने ।
६. नगरपालिकाको विनियम तर्जुमा गरी नगर परिषद्मा पेश गर्ने ।
७. दैवी प्रकोप नियन्त्रण गर्ने सम्बन्धमा आवश्यक काम गर्ने ।
८. नगरपालिका क्षेत्रभित्रको जनसंख्या तथा घर जग्गाको लगत राख्ने ।
९. प्रचलित कानुनबमोजिम जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने ।
१०. नगरपालिका क्षेत्रभित्रका असहाय, अनाथ र अपाङगता भएका तथा बालबालिकाहरूको लगत राख्ने र तिनीहरूलाई उपयुक्त ठाउँमा राख्ने व्यवस्था गर्ने ।
११. बहुला तथा छाडा कुकुर मारी सार्वजनिक हितको सुरक्षा गर्ने र मरेका पशुपन्छी गाड्ने ठाउँ तोक्ने ।
१२. खतरा उत्पन्न गर्ने रुख काट्न लगाउने, घर पर्खाल आदि भत्काउन लगाउने ।
१३. नगरपालिका क्षेत्रको घरको ब्लक नम्बर अद्यावधिक राख्ने ।
१४. पशु बधशालाको प्रबन्ध गर्ने ।
१५. छाडा पशु पक्राउ गरी लिलाम गर्ने ।
१६. गल्ली तथा सडकमा बत्तीको व्यवस्था गर्ने ।
१७. नगरपालिका क्षेत्रमा सिनेमा हल खोल्न स्विकृति दिने ।
१८. हाट, बजार मेला आदिको प्रबन्ध गर्ने, गराउने ।
१९. बारुण यन्त्रको सञ्चालन र व्यवस्थापन गर्ने, गराउने ।
२०. कुनै विशिष्ट व्यक्तिलाई नगरको सम्मानार्थ विशिष्ट व्यक्तिको रूपमा सम्मान प्रदान गर्ने ।
२१. नगरपालिका क्षेत्रको विकास सम्बन्धी अन्य कामहरू गर्ने, गराउने ।
२२. सहकारिताको विकासको लागि सहयोग पुऱ्याउने ।
२३. सचिवको कार्यको मूल्याङ्कन गरी सिफारिशसहित अख्तियारवालासमक्ष पठाउने ।

[३] स्थानीय स्वायत्त शासन ऐन २०५५

२४. नगरपालिकालाई आय-आर्जन हुने सहकारी, औद्योगिक तथा व्यवसायिक कार्यक्रम निजी क्षेत्रको समेत लगानीमा सञ्चालन गर्न प्रोत्साहित गर्ने, गराउने ।

२५. सहकारितामा आधारित विविध कार्यक्रमहरू तर्जुमा गरी सञ्चालन गर्ने, गराउने ।

२६. प्रचलित कानुनबमोजिम तोकिएका अन्य कामहरू गर्ने ।

२) **नगरपालिकाले उपदफा (१) बमोजिमका काम, कर्तव्यको अतिरिक्त नगरपालिका क्षेत्रमा देहायबमोजिमका ऐच्छिक कामहरू समेत गर्न सक्नेछ:-**

(क) नगरपालिका क्षेत्रभित्र स्तरयुक्त विद्यालय शिक्षा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउने ।

(ख) नगरपालिका क्षेत्रबाट निरक्षरता निर्मूल पार्न साक्षरता कार्यक्रमहरू सञ्चालन गर्ने ।

(ग) नगरपालिका क्षेत्रका विभिन्न ठाउँहरूमा पुस्तकालय तथा वाचनालयहरू स्थापना गरी सञ्चालन गर्ने ।

(घ) नगरपालिका क्षेत्रभित्र अव्यवस्थित बसोबास नियन्त्रण गर्ने ।

(ङ) निर्देशित जग्गा विकास, भू-उपयोग जस्ता कार्यहरूको माध्यमबाट नगरको बनावट तथा विकासलाई व्यवस्थित तुल्याउने ।

(च) बृद्ध तथा अनाथ आश्रमहरूको व्यवस्था गर्ने ।

(छ) विद्युत आपूर्ति र संचार सुविधाको व्यवस्था मिलाउने ।

(ज) नगरपालिकामा मनोरन्जन स्थल, क्रिडास्थल, सँग्रहालय, चिडियाखाना, पार्क आदिको व्यवस्था मिलाउने ।

(झ) बेरोजगारी कम गर्न बेरोजगारहरूको तथ्याङक संकलन गरी रोजगारमूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।

(ञ) नदी प्रदूषण नियन्त्रण गर्न कार्यक्रमहरू सञ्चालन गर्ने ।

(ट) नगरपालिका क्षेत्रमा एम्बुलेन्स सेवा उपलब्ध गराउने ।

(ठ) नगरपालिका क्षेत्रमा शव-वाहनको व्यवस्था मिलाउने ।

(ड) दैवी प्रकोपबाट हुने जनधनको क्षती कम गर्न निरोधात्मक तथा उद्धारका कार्यहरू गर्ने ।

(३) **नगरपालिका क्षेत्रमा गर्नु पर्ने विकास निर्माण कार्यको लागि उपभोक्ता समूह तथा अन्य गैर सरकारी संस्थाहरूलाई प्रोत्साहित गरी यथासम्भव त्यस्ता समूह वा संस्थाहरू मार्फत गर्नु गराउनु पर्नेछ ।**

(४) **नगरपालिकाले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम तथा विनियमबमोजिम आफूलाई प्राप्त भएको अधिकारको प्रयोग गर्नेछ ।**

## अनुसूची ९: धरान नगरापलिका विपद् जोखिम व्यवस्थापन योजना पुनरावलोकन तथा अद्यावधिक गर्ने कार्य तालिका

## अनुसूची १०:   २०४५ भदौ ५ गतेको भूकम्पबारे संक्षिप्त विवरण [४]

**घटना दृश्य**

प्रत्येक दिनको विहानीपखलाई नयाँ जागँर, जोश र उत्साहको प्रतिक मानिन्छ तर कहिलेकाही त्यसको अपवाद पनि हुनु प्राकृतिक नियम नै मान्नु पर्दछ । नियमित जनजीवनलाई खलबल्याउने खालको घटना लिएर २०४५ भदौ ५ गतेको विहान नेपालीहरुका घरसंघारमा भित्रियो । विशेष गरेर पूर्वान्चल र मध्यान्चल क्षेत्रका लागि यो भूकम्प विषाद र आशंकाको खाडल बन्न पुग्यो । बिहान ४ बजे ५४ मिनेट ३५ सेकेण्डमा गएको ६.६ म्यागिनच्युड स्केलको भूकम्पले गर्दा कैयौंले ज्यान गुमाउनु पर्‍यो र कैयौंको गाँस, बाँस, कपास तथा अन्य सुविधा भताभुङ्ग भयो ।

उदयपुर जिल्लाको मुर्कुच्चे सिम्लेलाई केन्द्रविन्दु मानेर चालिस सेकेण्डसम्म गएको यो भूकम्प नेपालमा विगत ५५ वर्षमा सबैभन्दा ठूलो थियो । उक्त केन्द्रविन्दु अक्षाँश २६°५२’३६” उत्तर तथा देशान्तर ८६°३६’३६” पूर्व देशान्तरमा रहेको कुरा भूकम्प मापक स्टेशनको साइस्मोग्राफरमा रेकर्ड भएको मानिन्छ । भूकम्पको प्रकृतिलाई हेर्दा उद्गम विन्दुको गहिराई ५५ किलोमिटर भएको अनुमान गरिन्छ । भूकम्पबाट पूर्वाञ्चलको सुनसरी , पाँचथर, धनकुटा, उदयपुर, इलाम, तेह्रथुम, मोरंग र खोटाङ जिल्लामा असर परेको थियो । त्यसैगरी मध्यमाञ्चलको सिन्धुली जिल्लामा पनि निकै क्षति भएको थियो । काठमाण्डौं उपत्यकाको भक्तपुर, काठमाण्डौं, ललितपुर जिल्लामा पनि केही मात्रामा क्षति भएको थियो ।

**मानवीय घाइते तथा मृत्यू**

मृतकहरुको संख्यालाई हेर्दा कोशी अञ्चल सबभन्दा बढी प्रभावित भएको थियो । सुनसरी जिल्लामा मात्रै १३८ जनाको मृत्यु भएको थियो । त्यसमा पनि धरान नगरक्षेत्रमा मृत्युको मार बढी परेको थियो । कोशीका अन्य जिल्लाहरुमा धनकुटामा ९३, तेह्रथुममा ६७ र मोरंडमा ३२ जनाको मृत्यु भएको थियो । मेची अञ्चलको पाँचथर र इलाम जिल्लामा क्रमश: ९९ र ७३ जनाको मृत्यु भएको थियो तर झापामा भने कसैको मृत्यु भएको देखिएन । सगरमाथा अञ्चलको उदयपुर जिल्ला सबभन्दा बढी मृत्युबाट प्रभावित थियो । यसमा ९२ जनाको मृत्यु भएको थियो । त्यस पछि खोटाङमा २६, सप्तरीमा १३, सिराहामा ८ र ओखलढुँगामा ८ जनाको मृत्यु भएको थियो । सोलुखुम्बुमा भने एक व्यक्तिको पनि मृत्यु भएको छैन ।

भूकम्पबाट साधारण चोटपटक लागेका वा घाइते भएकाहरुको जम्मा सङ्ख्या ४,८९६ थियो । लगभग १,६५७ जना सख्त घाइते भएका थिए । जसमध्ये पूर्वान्चलको सुनसरी जिल्लामा ३२७, पाँचथरमा २६१ धनकुटामा १५४, खोटाङमा १४०, मोरङमा १४०, इलाममा १२९ जना घाइते भएका थिए् । यस्तै भोजपुरमा ८८, तेह्रथुममा ७६, उदयपुरमा ७०, संखुवासभामा ४६, सप्तरीमा ४५, सिराहामा ४१, ओखलढुंगामा २८ र झापामा १९ जना सख्त घाइते भएका थिए । मध्यमाञ्चलमा सख्त घाइतेहरुमा सबभन्दा बढी सिन्धुलीमा ३३ र भक्तपुरमा २३ जना रहेको थियो ।

---

[४] स्रोत: २०४५ सालको भूकम्प, ले. निरञ्जन थापा

**भवनको क्षति**

**व्यक्तिगत भवन**

भूकम्पबाट पूर्ण रुपमा भत्केका वा ध्वस्त भएका व्यक्तिगत घरहरुको जम्मा संख्या २१,९७६ थियो । त्यसमध्ये पूर्वाञ्चलमा १६,६४३ र मध्यमान्चलमा ५,३३३ घर भत्केका थिए । पूर्वाञ्चलको धनकुटामा मात्र ३३०८, उदयपुरमा २५७७, खोटाङमा २२९७, सप्तरीमा १२३०, भोजपुरमा ११५७, तेह्रथुममा ११५३, पाँचथरमा १०५९, ओखलढुंगामा ९४४, सुनसरीमा ७१८, सिराहामा ६५२, संखुवासभामा ६७२ र इलाममा ४४३, मोरंगमा २१४, सोलुखुम्बुमा १४६ घरहरु ध्वस्त भएका
थिए । मध्यमाञ्चलमा सिन्धुलीमा १६७० घर भत्केका पाइन्छन् । अन्य जिल्लाहरुमा काभ्रेमा १०००, सिन्धुपाल्चोकमा ७११ रामेछापमा ५८९ ललितपुरमा ३७६, धनुषामा ३७५, भक्तपुरमा २७४, दोलखामा २६८ घर बर्बाद भएका छन् ।

लगभग ४२,१९८ घरहरु चर्केर बस्न नहुने खालको थियो ।

**सरकारी भवन**

भूकम्पबाट पूर्वाञ्चल र मध्यमाञ्चलका २२३ वटा सरकारी कार्यालयलाई पनि निकै क्षति पुगेको थियो । तीमध्ये २०३ वटा सरकारी भवन पूर्वाञ्चलको थियो । सबैभन्दा बढी सरकारी भवन सुनसरी जिल्लामा ५२ वटा भवन पूर्ण रुपमा ध्वस्त भएको थियो ।

आंशिक रुपमा क्षति भएका ५६७ वटा भवनहरु पनि मर्मत सम्भार गरेर कार्यालय प्रयोजनका लागी प्रयोग गर्न नसकिने खालका थिए ।

**गाँउ पञ्चायत भवन**

भूकम्पले गर्दा पूर्वाञ्चलमा १०३ र मध्यमाञ्चलमा ५५ गरी जम्मा १५८ गाउँ पञ्चायत भवनहरु क्षतिग्रस्त भएका थियो ।

**विद्यालय भवन**

भूकम्पबाट ३४६ विद्यालय भवन पूर्णरुपमा क्षति र ६०४ वटा विद्यालय भवनहरुमा आंशिक रुपमा क्षति भएको थियो । लामो समयसम्म कतिपय जिल्लाका बिद्यालयहरुमा पाल टाँगेर कक्षा सञ्चालन गर्नुपरेको थियो ।

**मन्दिर, गुम्बा, पाटी आदि**

पूर्वाञ्चल र मध्यमाञ्चलका गरी भूकम्पबाट १५० वटा जति मठ, मन्दिर, गुम्बा पाटी आदि ध्वस्त भएका थिए । उक्त किसिमका भवनहरुमा खोटाङमा २५, सुनसरीमा १८, धनकुटामा ११ ओटा भत्केका थिए । त्यसैगरी सिन्धुपाल्चोकमा २२, दोलखामा १४, सिन्धुलीमा ११ यस्ता भवनहरुको नोक्सानी भएको थियो ।

चर्केर बस्न नहुने भएका मठमन्दिर, पाटी आदि मुलुकभर जम्मा ३१८ वटा थिए ।

**विकास आयोजनाको क्षति**

भूकम्पले गर्दा राष्ट्रिय तथा स्थानीय स्रोतबाट संचालन भइरहेका विकास आयोजनाहरुलाई पनि निकै क्षति पुऱ्याएको थियो । पूर्वाञ्चलमा १९८१ र मध्माञ्चलमा २७ गरी जम्मा २००८

आयोजनाहरुलाई प्रत्यक्ष रुपमा असर पारेको थियो । सुनसरीमा मात्रै १५६६ आयोजनाहरु भूकम्पबाट क्षतिग्रस्त हुन पुगेका थिए । त्यसैगरी अन्य जिल्लाहरुमा सिरहामा २८० र मोरङमा ५४ आयोजना क्षतिबाट प्रभावित थिए ।

**पशुधनको क्षति**

पूर्वाञ्चलमा १३४१ र मध्माञ्चलमा २२५ गरी जम्मा १५६६ पशुहरुको भूकम्पबाट मृत्यु भएको थियो । पशुहरुमा गाई, गोरु, भेडा, बाखा, सुँगुर मूख्य रुपमा प्रभावित भएका थिए । यस्ता पशुहरुको क्षति सबैभन्दा बढी धनकुटामा ४०८, तेह्रथुममा २८०, पाँचथरमा २५३, ओखलढुङगामा १००, सुनसरीमा ७८, इलाममा ७३, खोटाङमा ६७ रहेको थियो । यस्तै रामेछापमा ७३ र सिन्धुलीमा ५७ पशुहरुको मृत्यु भएको थियो ।

**भूकम्पबाट उत्पन्न केही भौगोलिक असरहरु**

भूकम्पका धक्काले गर्दा जमीनमा धाजा फाट्ने वा जमिन चिरा चिरा हुने, पोखरी, इनार वा कुवाहरुको पानीको तहमा परिवर्तन हुने, ट्यूववेलमा पानीको प्रभाव बन्द हुने इनार वा कुवाहरुमा वालुवा निस्कने, सडकमा धाजा फाट्ने, पहिरो जाने, मुलहरु भत्कने आदि समस्या पनि देखिएको थियो । जनकपुरदेखि पूर्व चुरेश्रृङखला मुन्तिरका भावर क्षेत्र भन्दा दक्षिणका मैदानमा जमिनबाट बालुवा निस्कने प्रक्रिया निकै देखिएको थियो । ट्यूववेलमा पानीको प्रवाहको परिवर्तन र इनारमा पानीको सतह परिवर्तन वा वालुवा निस्कनु, जमिन चिरा पर्नु आदि गतिविधि बिशेषतः कोशी नदीको पश्चिमी क्षेत्रमा देखा परेको थियो ।

**उद्धार तथा राहत कार्यका गतिविधिहरु**

भूकम्पबाट पिडितहरुको राहत तथा उद्धार कार्यको लागि तत्कालिन श्री ५ को सरकारले केन्द्रिय दैवी प्रकोप उद्धार समिति अन्तर्गत विभिन्न समिति तथा उपसमितिहरु गठन गरी सोही अनुरुप भूकम्प उद्धार तथा सहायता कार्यलाई तदारुकताका साथ अगाडि बढाउन लगाइएको थियो ।

**तत्कालका केही गतिविधि**

भूकम्पपीडितहरुको तत्काल उद्धारका लागि क्षतिग्रस्त क्षेत्रहरुमा विभिन्न व्यक्तिहरु सक्रियताका साथ जुट्न थाले । आफ्ना घर आँगनमा तथा छरछिमेकमा आएको आकस्मिक विपत्तिले मानिसहरुलाई शोकाकुल त बनाउँछ नै तर त्यसलाई सहने धैर्य र कर्तव्यपथप्रति अग्रसर हुने मनोबल सँगाल्नु पनि मानवीय प्रवृति नै हो । अरुको दुःख प्रति दुःखी भई तथा स्वकर्तव्यको बोधले पनि विभिन्न व्यक्ति तथा संघ संस्थाहरुलाई उद्धारकार्यप्रति अग्रसर गरायो । भूकम्प गएको बेला मिरमिरे उज्यालो भइसकेकोले मानिसहरुलाई क्षतिग्रस्त घरबास प्रति दौडन र घाइतेहरुको खोजतलास गर्न केही सजिलो पनि भयो । नेपालीको वंशाणुगत स्वभाव सेवा तथा उत्तरदायित्वका भावनाले उनीहरु पीडितहरुका उद्धारका लागि यत्रतत्र वितरित भए । उक्त कार्यक्रम शाहीसेनाका जवान, नेपाल प्रहरी, स्वयंसेवक युवकहरु, नेपाल रेडक्रसका कार्यकर्ता, पन्च कार्यकर्ता, समाजसेवी तथा स्थानीय जनताहरुमा यत्रतत्र संलग्न देखिन्थे । सहरी तथा पहाडी वा ग्रामीण क्षेत्रमा उद्धार कार्यहरु विभिन्न ढंगले भए पनि यसमा शाही सेना, प्रहरी तथा स्थानीय समाजसेवीहरुको महत्वपूर्ण योगदान रहयो ।

सहरी क्षेत्रमा सरकारी तथा अन्य संस्थाका गाडीहरु पनि घाइतेहरुलाई तत्काल औषधोपचारका लागि अस्पताल पुऱ्याउने आदि काममा उपयोग गरिए । पुरिएका लासहरु झिक्न तिनको दाह

संस्कार गर्ने, घाइतेहरुलाई औषधोपचारको व्यवस्था मिलाउने तर्फ सरकारी तथा संघसस्थाका कर्मचारीहरुको समेत सक्रियता रह्यो ।

स्थानीय गाँउ पञ्चायत तथा नगरपालिकाहरुबाट समेत भूकम्पबाट पीडितहरुलाई नगद तथा खाद्यान्न प्रदान गर्ने काम भयो । बिराटनगर नगरपालिकाबाट प्रत्येक मृतक परिवारलाई रु ३००/- प्रदान गरियो । धरानमा तत्काल लाश सदगत गर्न इन्धन संस्थान, वन विभाग तथा नेपाल प्रहरीद्धारा धरान नगर पञ्चायतलाई दाउरा उपलब्ध गराइयो । नगर पञ्चायतबाट रु ३ लाखको राहत सुनसरी जिल्ला दैवी प्रकोप उद्धार समितिलाई प्रदान भएको थियो । खानेपानीको अभाव महसुस भएकोले दमकल तथा इटहरी गाँउ पञ्चायत बाट पिउने पानी व्यवस्था गरियो । यातायात व्यवसायीहरुको सहयोगबाट पानी बोक्ने ट्रक उपलब्ध गराइयो ।

तत्काल औषधोपचार गर्न धरान अस्पताल, धरान स्थित घोपा अस्पताल, शाही नेपाली सेनाको मेडिकल समूह र भारतीय पेन्सन क्याम्पका मेडिकल अफिसरले ठूलो सघाऊ पु¥याए । विभिन्न संघ संस्थाका स्वयंसेवकहरुले घाइतेहरुका लागि आवश्यक रगत स्वेच्छाले रक्तदान गरे । विशेषतः नेपाल रेडक्रस सोसाइटी धरान शाखाबाट २५० जना स्वयंसेवकहरुले शाही नेपाली सेना र नेपाल प्रहरीका जवानहरु सँग हातेमालो गरी मौकामा उत्कृष्ट सेवा पु¥याएका थिए । रेडक्रसका स्वयंसेवकहरु पनि १० जना पुरिएका घाइतेहरुलाई निकाल्न सफल भएका थिए । स्वयं सेवकहरुद्धारा स्थलगत १५४१ जनालाई प्राथमिक उपचार दिलाउन मद्दत पुग्नुका साथै ६१५ जना घाइतेहरुलाई अस्पताल भर्ना गराएका थिए । स्वयं सेवकहरुले सेवकहरुले अस्पतालमा पालो दिने काम गर्नुका साथै विरामीहरुका लागि औषधी ल्याउने, पानी ल्याउने, खान बनाउने, जस्ता काम गरेका थिए ।

रेडक्रस शाखाले घाइतेहरुका निमित्त १४६ युनिट रगत सङकलन गर्नुका साथै धरानमा घरवार विहिन भएका १९६ परिवारका ९८० मानिसहरुका लागि अस्थायी वसोवासको व्यवस्था पनि मिलाई दिएको थियो । उक्त अस्पताललाई र जनस्वास्थ्य शाखालाई समेत औषधी उपलब्ध गराइएको
थियो ।

तत्कालको लागि श्री ५ को सरकार र केन्द्रिय दैवी प्रकोप उद्धार समितिको संयुक्त बैठकबाट भदौ ५ गते कै दिन वैठक वसेर निम्न बमोजिम निर्णय गरिएको थियो ।

(क) प्रत्येक मृतकको परिवारलाई दाह संस्कारको निमित्त रु २,०००/- का दरले दिने ।

(ख) भूकम्पबाट प्रभावित प्रत्येक परिवारलाई ४० के.जी. का दरले खाद्यन्न दिने ।

उक्त रकम तुरुन्त जुनसुकै मौज्दातबाट दिन र खाद्यन्न स्थानीय मौज्दातबाट तुरुन्त वितरण गर्न स्थानीय प्रशासन र जिल्ला दैवी प्रकोप उद्धार समितिलाई गृह मन्त्रालयाद्धारा निर्देशन दिइएको थियो ।

स्वास्थ्य मन्त्रालयबाट वरिष्ठ चिकित्सकहरुको नेतृत्वमा औषधी सहितको टोली घाइतेहरुको उपचारर्थ खटाइयो । भदौ ६ गते भूकम्प पीडितहरुको उद्धार कार्यमा जनसहभागिता जुटाउन पञ्चायत नीति तथा जाँचबुझ समितिले वरिष्ठ पञ्चहरुका नेतृत्वमा वेग्ला वेग्लै टोलीहरु खटाएको थियो ।

**पूर्वाञ्चल दैवी प्रकोप उद्धार समन्वय समितिको गठन**

दैवी प्रकोप केन्द्रिय समितिको र जिल्ला समिति बिच समन्वय ल्याई उद्धार कार्यलाई अझ कार्यलाई अझ बढी सुगम एवं प्रभावकारी तुल्याउन तत्कालीन सरकारको तर्फबाट २०४५ साल भाद्र ६ गते माननीय गृह सहायक मन्त्रीको संयोजकत्वमा विराटनगर विमान स्थलमा रहने गरी पूर्वाञ्चल दैवी प्रकोप उद्धार कार्य समन्वय समितिको गठन गरिएको थियो । उक्त समितिमा निम्न लिखित व्यक्तिहरु समाविष्ट थिए :

| | |
|---|---|
| (क) मा. गृह सहायक मन्त्री | - संयोजक |
| (ख) मेची , कोशी , सगरमाथा अञ्चलका अञ्चलाधीशहरु | - सदस्य |
| (ग) शाही नेपाली सेनाको वाहिनीपति र पूर्वक्षेत्र प्रहरी नायव महानिरीक्षकहरु | - सदस्य |
| (घ) नेपाल रेडक्रस क्षेत्रीय प्रतिनिधि | - सदस्य |
| (ङ) पूर्वाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशक | - सदस्य |
| (च) पूर्वाञ्चल क्षेत्रीय जनसम्पर्क अधिकारी | - सदस्य |
| (छ) नेपाल खाद्य संस्थानको क्षेत्रिय प्रबन्धक | - सदस्य |
| (ज) निर्माण खाद्य यातायतको मंत्रालयको सुपरिटन्डेन्ड इन्जिनियर | - सदस्य |
| (छ) नेपाल खाद्य संस्थानको क्षेत्रीय प्रबन्धक | - सदस्य |
| (ज) निर्माण तथा यातायात मन्त्रालयका सुपरिटन्डेन्ड | - सदस्य |
| (झ) पुर्वाञ्चलका क्षेत्रीय वन निर्देशक | - सदस्य |
| (ञ) आवास मंत्रालयका सुपरिटन्डेन्ड इन्जिनियर | - सदस्य |

माननीय गृह सहायक मन्त्रीको संयोजकत्वमा गठित उक्त समन्वय समितिले उद्धार कार्यलाई अविलम्व युद्धस्तरमा थालनी गर्ने निर्णय लिएको थियो । समितिले सर्वप्रथम भूकम्प पीडितको जीउ ज्यानको सुरक्षालाई नै प्राथमिकता दिने निर्णय अनुरुप शाही नेपाली सेना र नेपाल प्रहरीको सञ्चार माध्यमबाट पूर्वाञ्चलका विभिन्न भागमा भूकम्पबाट भएको क्षतिको विवरण लिन शुरु गऱ्यो । आवश्यक ठाउँमा तत्काल हेलीकप्टरद्धारा चिकित्सक र औषधी पुऱ्याउने र फर्किदा सख्त घाइतेहरुलाई सुविधायुक्त अस्पतालमा ल्याउने कार्य गऱ्यो ।

**उद्धार तथा राहत सामग्री वितरण**

भूकम्पको क्षतिको विवरण संकलन गर्न र राहत सामग्री वितरण गर्ने जिल्लाको प्रत्येक क्षेत्रका गाँउ पञ्चायत इलाकाहरुमा पञ्चहरुका संयोजकत्वमा वर्गिय संगठनका पदाधिकारी , समाजसेवी , शिक्षक , निजामती तथा प्रहरी कर्मचारीहरु समेत रहेको टोलीलाई जिल्ला दैवी प्रकोप उद्धार समितिले खटाई पठाएको थियो । सोही टोली द्धारा संकलन गरिएको विवरणको आधारमा जिल्ला दैवी प्रकोप समितिद्धारा प्राप्त राहत सामग्री वितरण गरियो ।

**रकम वितरण**

भूकम्पको पीडित परिवारलाई तत्काल राहत प्रदान गर्न श्री ५ को सरकारले मृतकका परिवारलाई रु २,०००/- तथा घर भत्किई ध्वस्त भएका वा चर्किएर बस्न नहुने घरपरिवारलाई

रु १,०००/- नगद रकम दिने निर्णयानुसार पूर्वाञ्चल विकास क्षेत्रका १६ जिल्लामा मृतकका परिवारलाई रु १३,३६,०००/- क्षतिग्रस्त घरका लागि रु ४,८७,९६,६००/- क्षतिग्रस्त विद्यालयहरुलाई रु ७३,७०,०००/- वितरण गरिएको थियो । पूर्वाञ्चलमा श्री ५ महाराजधिराज सरकारबाट निर्देशन बक्स भए अनुसार मन्दिरहरुको मर्मतका लागि रु २,०३,०००/- गाउँपञ्चायत भवनका लागि रु ५५,०००/- र इनार सफाइका लागि भनी १०,००,०००/- रकम उपलब्ध गराइएको थियो ।

यस्तै मध्यमाञ्चल विकास क्षेत्रका १५ जिल्लाहरुमा पनि प्रति मृतक परिवारलाई २ हजार र घर भत्किएर वा चर्किएर बस्न नहुनेका परिवारलाई एक हजारका दरले रकम बाँडिएको थियो, त्यसैगरी विकास क्षेत्रका विभिन्न विद्यालय, मन्दिर आदिको मर्मतका लागि समेत आवश्यक रकम दिइएको थियो । यसका साथै तत्कालीन सरकारले भूकम्पग्रस्त क्षेत्रको निरीक्षण भ्रमणको अवसरमा विन्ती चढाए अनुरुप रामेछाप जिल्लाको रजगाउँ स्थित एक प्राथमिक विद्यालयको मर्मत गर्न रु २५,०००/- थप आर्थिक सहायता तथा सोही जिल्ला स्थित महिला शिल्पकला केन्द्रको भवन मर्मत गर्न नगद रु २५,०००/- र रु १३,५६०/- का सिलाई मेसिन चार थान एवं तान दुई थान उपलब्ध गराइएको थियो । यसै गरी सिन्धुली जिल्ला सिद्धेश्वर गा.पं. बस्ने श्री चन्द्र बहादुर दमाई, रामेछाप जिल्ला सालु गा.पं.वार्ड नं. २ बस्ने तुलसा देवी काफ्ले र रत्न कुमारी बस्नेतलाई जनही रु ५,०००/- का दरले थप आर्थिक सहायता दिइएको थियो । साथै , सिन्धुली जिल्लाको जलकन्या, रतन भद्रकाली र मरुवा गा.पं.बिच रहने क्षतिग्रस्त प्रहरी भवन मर्मत गर्न रु २०,०००/- समेत उपलब्ध गराइएको थियो ।

**नि : शुल्क खाद्यान्न वितरण**

श्री ५ को सरकारको निर्णय अनुसार उद्धार कार्यको सन्दर्भमा पीडित व्यक्तिलाई प्रति व्यक्ति ४० के.जी. खाद्यान्न वितरण गरिएको थियो । कुनै कुनै जिल्लामा क्षतिको मात्रा हेरी २० के.जी. पनि दिइएको थियो । सुनसरी जिल्लामा ५ भन्दा बढी परिवार संख्या भएकालाई ८० के.जी. पनि प्रदान गरिएको थियो । केही जिल्लाहरुमा डेरामा बसेका डेरावालाहरुलाई समेत ४० के.जी. खाद्यान्न दिइएको थियो । विभिन्न जिल्लाहरुमा वितरण गरिएको खाद्यान्न कतै हवाइजहाजद्धारा खसालिएको थियो भने कुनै ट्रक तथा मानिसद्धारा (भरिया) जिल्ला - जिल्लामा पठाइएको थियो ।

**औषधोपचार**

भूकम्पद्धारा सख्त घाइते भएका व्यक्तिहरुलाई उपचार गर्न जिल्ला अञ्चलमा भएका चिकित्सक तथा औषधी पर्याप्त हुन नसक्ने हुँदा भाद्र ५ गते नै औषधी सहितको चिकित्सक टोली काठमाडौबाट पूर्वाञ्चलका विभिन्न जिल्लामा खटिएका थिए ।

स्वास्थ्य मन्त्री आफैंले भूकम्प पीडित क्षेत्रको भम्रण गरी डाक्टर तथा औषधी पुऱ्याउनमा सक्रियता देखाउनु भएको थियो । काठमाण्डौमा वरिष्ठ चिकित्सक डा. दिनेश नाथ गंगोलको संयोजकत्वमा एउटा मेडिकल उद्धार टोली गएको थियो । पूर्वाञ्चल विकास क्षेत्रमा कार्यरत ८३४ जना स्वास्थ्य कर्मचारीका अतिरिक्त केन्द्रबाट शाही नेपाली सेनाका डाक्टर तथा स्वास्थ्य सहायक जम्मा ६ जना र स्वास्थ्य मन्त्रालयको ५८ जना समेत गरी जम्मा १०३ जना चिकित्सक काठमाडौंबाट खटिई गएका थिए । यसरी थप स्वास्थ्य टोलीले भूकम्प पीडित क्षेत्रमा २२ ठाउँमा गई स्वास्थ्योपचार गरेका थिए ।

भूकम्प पीडित व्यक्तिहरुलाई औषधोपचार गर्न २०४५/५/५ देखि २०४५/६/४ गते सम्म पूर्वाञ्चलका १६ जिल्लाहरुका साथै मध्यमाञ्चलको सिन्धुली समेतलाई कुल ५५५४.६ किलोग्राम

औषधी पुऱ्याइएको थियो । गृह मन्त्रालय, स्वास्थ्य मन्त्रालय, विश्व स्वास्थ्य संघ लगायत विभिन्न मित्रराष्ट्र , संघ संस्थान, व्यक्तिहरुबाट अन्दाजी रु २१,९२,६४६/१८ को औषधी प्राप्त भएको
थियो । जिल्लामा उपचार हुन नसकेका सख्त घाइतेहरुलाई हेलिकप्टरद्धारा विराटनगर, धरानको घोपा अस्पताल वा काठमाडौं ल्याइ उपचार गराइएको थियो ।

**अन्य राहत सामग्री वितरण**

भूकम्प पीडितहरुको अस्थायी बसोबास व्यवस्थाको लागि सरकारले ठूलो परिमाणमा प्लाष्टिक सिट उपलब्ध गराएको थियो । उक्त प्लाष्टिक सिटले पूर्वाञ्चल तथा मध्यमाञ्चलका विभिन्न जिल्लाहरुका भूकम्प पीडितहरुलाई तत्काल ओत लाग्न निकै ठूलो सघाउ पुगेको थियो । प्लाष्टिक सिट श्री ५ को सरकारले स्थानीय बजारबाट तथा कलकत्ताबाट खरिद गर्नुका साथै विदेशी तथा स्थानीय सहयोगबाट पनि प्राप्त गरेको थियो ।

भूकम्प पीडित उद्धार कार्यका लागि सरकारद्धारा पठाइएको राहत सामाग्रीका अतिरिक्त केन्द्रिय दैवी प्रकोप उद्धार कार्य समन्वय समितिमा विभिन्न मित्रराष्ट्र र स्वदेशी एवं विदेशी संघ संस्थानहरुबाट समेत प्राप्त हुन आएका राहत सामाग्रीहरुको वितरण भएको थियो । जसमा पाल,कम्बल, ग्राउण्ड सिट, भाँडाकुँडा, पुराना तथा नयाँ लत्ताकपडा, नाइलन डोरी, फोल्डिङ्ग खाट, कर्कट पाता, आदि थिए ।

**उद्धार तथा राहत कार्यका चुनौतीहरु**

पानी परिरहेको र अन्य प्रतिकूल मौसमले गर्दा हेलिकप्टर आवश्यक ठाउँमा पुऱ्याउन सकिएको थिएन । फलस्वरुप दुर्गम वा पहाडी क्षेत्रबाट घाइतेहरुलाई उपयुक्त अस्पतालमा ल्याउन वा औषधी उपचारको सुविधा पुऱ्याउन कठिनाइ परिरहेको थियो । पीडितहरुलाई खाद्यान्न, पाल, लत्ता कपडा आदिको व्यवस्थाका लागि उद्धारका सामान खसाल्न पनि आवश्यक जानकारीको अभाव र पानी परिरहेकाले वाधा त परेकै थियो साथै हेलिकप्टरको पनि कमी थियो । शुरु शुरुमा प्लाष्टिक सिट तथा अस्थायी बसोबास बनाउन सामानको अभाव निकै चर्को थियो । देशमा त्यस्ता साधनको कमी भएकोले विदेशबाट तत्काल झिकाउन तिर लागियो । मौसमी प्रतिकूलताकै कारणले पनि उक्त सामान ल्याउन र विवरणका निमित्त ठाउँ ठाउँ मा पुऱ्याउन केही समय लाग्नु स्वभाविक भयो । शहरी र सदरमुकाम क्षेत्रमा भन्दा गाउँ गाउँमा पुगी भूकम्पबाट घाइते तथा पीडितहरुको उद्धार गर्नु सानो चुनौतीको काम थिएन । एकातिर घाइतेहरु उपयुक्त उपचार नपाई एक-दुई दिन मै मृत्यु भइसक्ने आशंका थियो । अर्कोतिर सुदुर गाउँका पातला वस्तीहरुका कुना काप्चामा भएको क्षतिको सही विवरण वा सही तथ्याङ्कको राम्रो ज्ञान नहुँदा कुन क्षेत्रमा के कस्तो उद्धार तथा सहयोगको आवश्यकता परेको छ सोको सही जानकारी वा अनुमान गर्न समेत कठिनाई हुँदा पनि असजिलो परिरहेको अनुभव भयो । त्यसैले कतिपय ठाउँमा केही समय केन्द्रबाट तात्कालिन सहायता पुऱ्याउन नसकिँदा स्थानीय सहयोगमा मात्र निर्भर रहनु पर्ने अवस्था सृजना हुनु स्वाभाविक थियो । स्थानीय तह तथा केन्द्रिय तहबाट भएका गतिबिधिमा समन्वय ल्याउनु पनि आवश्यक थियो । कार्यकर्ताहरुमा यस्ता तत्काल उद्धारका कार्यलाई तदारुकताका साथ गर्ने दक्षता तथा अनुभवको कमी हुनु पनि स्वाभाविक नै थियो ।

## अनुसूची ११: प्रयुक्त विपद् सम्वन्धी पारिभाषिक शव्दावली

यस अनुसुचीमा यस योजनामा प्रयुक्त विपद् सम्बन्धी पारिभाषीक शव्दहरु, तिनको अर्थ र थप स्पष्टीकरणका लागी टिप्पणी समेत दिईएको छ[५]।

**प्रकोप (Hazard):**

त्यस्ता डरलाग्दा परिघटना, वस्तु, मानवीय क्रियाकलाप, वा परिस्थिति जसका कारणले ज्यानको नोक्सानी, घाइते हुने सम्भावना वा अन्य स्वास्थ्य सम्बन्धी असरहरु, धनमालको क्षति, आजीविका तथा सेवाहरुको नोक्सानी, सामाजिक तथा आर्थिक गतिरोध, वा वातावरणीय ह्रास समेत निम्त्याउँछ ।

*टिप्पणी: विपद्* जोखिम न्यूनीकरणको क्षेत्रमा काम गर्दा “प्रकोप” भन्नाले “प्राकृतिक प्रकोप” तथा तद्जन्य वातावरणीय प्रकोप एवं प्रविधिगत प्रकोप जोखिम समेत बुझ्नु पर्दछ भनी ह्योगो कार्य-संरचनाको पादटिप्पणी ३ मा बताइको छ । यसखालका प्रकोपहरु विभिन्न भौगर्भिक, मौसम तथा जल-विज्ञान सम्बद्ध, सामुद्रिक, जैविक एवं प्रविधिगत श्रोत बाट निसृत हुन्छन् र कहिलेकाहीँ संयुक्तरुपमा समेत सक्रिय हुन्छन् । प्राविधिक विश्लेषणको क्रममा प्रकोपलाई ऐतिहासिक तथ्याङक र वैज्ञानिक समीक्षा मार्फत इलाका विशेषमा कुन अन्तरालमा कस्तो तीव्रतायुक्त, कति शक्तिशाली, कुन प्रकोपको पुनरावृति हुने संभावना कति छ भनी संख्यात्मक रुपमा किटान गर्ने प्रचलन छ ।

**विपद् (Risk):**

प्रभावित समाज वा समुदायले आफनै बलबुता र श्रोत साधनको प्रयोग गरी सामना गर्न नसक्ने त्यस्तो गम्भिर प्रकोपजन्य घटना औ तद्जन्य मानवीय, भौतिक, आर्थिक र वातावरणीय क्षति जस्ले गर्दा सामान्य सामाजिक प्रक्रिया अवरुद्ध हुन पुगेको हुन्छ ।

*टिप्पणी:* विपद् भनेको निम्न तीन अवस्थाहरुको सम्मिलित परिणाम भनिन्छः

१. प्रकोप सम्मुखता

२. विद्यमान संकटासन्नता

३. जोखिमका संभाव्य नकारात्मक परिणामहरुलाई न्यूनीकरण वा सामना गर्नका लागि आवश्यक क्षमतावा विधिहरुको अपर्याप्तता

विपद्का परिणामहरुमा मानव जीवनको नोक्सानी, घाइते अवस्था, रोगहरु र मान्छेको शारीरिक, मानसिक तथा सामाजिक अवस्थामा नकारात्मक प्रभाव, धनमालको क्षति, पूँजीगत विध्वंश, सेवाहरुको नोक्सानी, सामाजिक तथा आर्थिक गतिरोध एवं वातावरणीय ह्रास पर्दछन् ।

---

[५]स्रोत : विपद् जोखिम न्यूनीकरण सम्बन्धि शव्दावली (युएनआईएसडिआर र एनसेट २०११)

**विपद् जोखिम (Disaster Risk) :**

जीवन, स्वास्थ्य अवस्था, आजीविका, धनसम्पत्ति तथा सेवाप्राप्तिमा विपद्बाट हुन सक्ने संभावित नोक्सानी जुन खास समुदाय अथवा समाजको कुनै भावी कालखण्डमा घटित हुन सक्छ ।

*टिप्पणी:* विपद् जोखिमको परिभाषाले विपद्को अवधारणालाई वर्तमानमा निरन्तर जारी रहेका जोखिम अवस्थाहरुको परिणामको रुपमा झल्काउँछ । विपद् जोखिम भित्र धेरै खालका संभावित नोक्सानी पर्दछन् जसलाई प्रायः परिमाणमा व्याख्या गर्न गाह्रो पर्ने हुन्छ । तथापि विद्यमान प्रकोपहरुको ज्ञान र जनसंख्या तथा सामाजिक-आर्थिक विकासको ढाँचाका मद्दतले कमसेकम मोटामोटीरुपमा विपद् जोखिमको लेखाजोखा तथा नक्शाङ्कन गर्न सकिन्छ ।

**विपद् जोखिम न्यूनीकरण (Disaster Risk Reduction):**

सरकारी निकाय, सम्बन्धित क्षेत्र, संघसंस्था वा उद्योग-प्रतिष्ठानद्वारा तयार पारिने त्यस्तो दस्तावेज जसमा पहिचान गरिएको विपद् जोखिमहरुको न्यूनीकरणका लागि निर्दिष्ट लक्ष्यहरु र उद्देश्यहरुको साथसाथै ती उद्देश्य प्राप्तिका लागि पहिचान गरिएका कार्यगत प्रयासहरु समावेश हुन्छन् ।

*टिप्पणी:* विपद् जोखिम न्यूनीकरण योजना ह्योगो कार्य-संरचनाबाट निर्देशित हुनपर्दछ । साथै यो योजना मुलुकमा तर्जुमा भएका विकास योजना, श्रोत बाँडफाँड तथा योजनावद्ध कार्यक्रमहरुभित्र समाहित र संयोजित हुनुपर्दछ । राष्ट्रियस्तरको विपद् जोखिम न्यूनीकरणयोजना हरेक तहका प्रशासनिकरुपले जिम्मेवार निकायप्रति निर्दिष्ट हुन जरुरी हुन्छ एवं विद्यमान सामाजिक तथा भौगोलिक परिवेशलाई आत्मसात गरेको हुनुपर्दछ । समयावधि, कार्यान्वयन र कोषको श्रोतको जिम्मेवारीलाई योजनामा राम्रोसँग व्याख्या गरी तोकिएको हुनुपर्छ । सम्भव भएसम्म जलवायु परिवर्तनका अनुकूलन योजनाहरुसँग पनि समन्वय गरिनुपर्दछ ।

**आपतकालीन व्यवस्थापन (Emergency Management):**

आपत्कालीन अवस्थाका सम्पूर्ण पक्षलाई सम्बोधन गर्नका लागि खासगरी पूर्वतयारी, प्रतिकार्य तथा प्रारम्भिक पुनर्लाभका लागि साधन श्रोत तथा जिम्मेवारीहरुको सुगठन तथा व्यवस्थापनका सम्पूर्ण कार्यहरु ।

*टिप्पणी:* विपद्जन्य आपत्काल वा संकट भन्नाले त्यस्तो त्रासपूर्ण अवस्थालाई जनाउँछ जसमा जनधनको रक्षाको लागि तत्काल कदम चालिनु पर्छ । सुव्यवस्थित आपतकालीन कदमबाट प्राकृतिक प्रकोपको घटनालाई विपद्को घटनामा परिणत हुनबाट रोक्दछ । आपतकालीन व्यवस्थापन अन्तर्गत त्यस्तो पूर्व नियोजित कार्य योजना र संस्थागत तारतम्य पर्दछन् जसबाट विद्यमान संस्थागत दक्षताको परिचालन एवं सरकारी, गैर सरकारी, स्वयंसेवी तथा नीजी क्षेत्रका संस्थाहरु दक्षता र प्रयासहरुलाई आपतकाल जन्य अवस्थालाई कुशलतापूर्वक बेहोर्नका लागि आवश्यक संयोजन र समन्वयका लागि आवश्यक निर्देशन दिन सकिन्छ ।

**पूर्वतयारी (Preparedness):**

आसन्न वा जारी प्रकोपको घटना वा अवस्थाका असरहरुबारे प्रभावकारी ढंगले पूर्वअभ्यस्त हुनु र पूर्वानुमान प्रतिकार्य एवं पुनर्लाभ कार्य गर्नका लागि सरकारी तथा गैरसरकारी निकाय, समुदाय र व्यक्तिको तहमा समेत विकस गरिएको ज्ञान, दक्षता तथा क्षमता ।

*टिप्पणी:* पूर्वतयारीका कार्यहरु विपद् जोखिम व्यवस्थापनको सन्दर्भमा सञ्चालन गरिन्छ । यसले सबै खालका आपत्कालीन अवस्थालाई प्रभावकारी व्यवस्थापन गर्न आवश्यक क्षमताहरु निर्माण गर्नुका साथै प्रतिकार्य देखि दिगो पुनर्लाभ सम्मको चरणहरुको सँक्रमण प्रक्रियालाई अवरोध रहित सहज एवं क्रमिक बनाउने प्रत्येक श्रृंखलाबद्ध कुरामा ध्यान दिन्छ । पूर्वतयारी कार्य विपद् जोखिमको सही विश्लेषण र पूर्व चेतावनी प्रणालीको सुदृढ समन्वयमा आधारित हुन्छ र यसले भइपरी अवस्थाको प्रबन्ध गर्ने उपकरणहरुको भण्डारण र आपूर्ति गर्ने, समन्वय, निस्क्रमण तथा सार्वजनिक सूचना सम्बन्धी उचित चाजोपाँजो मिलाउने र सम्बद्ध विषयमा तालिम तथा स्थलगत अभ्यास सञ्चालन गर्ने लगायतका विषयलाई समेत समाहित गर्दछ । पूर्वतयारीले समेटन यी सम्पूण कार्यहरुलाई मुलुकको औपचारिक संस्था, नियम कानून तथा अर्ध विनियोजन सम्बन्धी प्रावधानहरुले सघाउनु पर्दछ । अर्को शब्द तयारी अवस्था (Readiness) ले चाहिँ आवश्यक परेको बेलामा तत्काल र सही ढंगले प्रतिकार्य गर्न सक्ने क्षमतालाई व्याख्या गर्दछ ।

**सम्भाव्य विपद् जोखिम व्यवस्थापन (Prospective Disaster Risk Management) :**

हाल देखा नपरेको तर भविष्यमा आईपर्न सक्ने संकेत देखिएका नयाँ तथा बढ्दो विपद् जोखिमलाई सम्बोधन गर्ने तथा तदजन्य संभाव्य असरलाई छल्नका लागि संचालन गरिने व्यवस्थापकीय क्रियाकलापहरु ।

*टिप्पणी:*यो अवधारणाले हाल पहिल्याइएका र व्यवस्थापन एवं न्यूनीकरण गर्न सकिने जोखिमहरु भन्दा पनि दृष्टिगोचरण भैसकेका त्यस्ता विपद् जोखिमहरुलाई इंगित गर्दछ, जुन जोखिम न्यूनीकरण सम्बन्धी नीतिका अभाव वा तिनका कार्यान्वयनको अभावका कारणले जन्मन वा बढन सक्छन् । खासगरी विद्यमान जोखिम जसलाई वर्तमान समयमा व्यवस्थित र न्यूनीकरण गर्न सकिन्छ, त्यसमा भन्दा पनि जोखिम न्यूनीकरण नीति तथा कार्यक्रम अवलम्बन नगर्दा भावी दिनमा विकसित हुनसक्ने जोखिमलाई सम्बोधन गर्ने कुरामा केन्द्रित हुन्छ ।

**प्रतिकार्य (Response):**

विपद्को घटनाको बेला वा त्यसपश्चात्को तत्कालै जीवन रक्षा गर्ने उद्धार जस्तो आपतकालीन सेवा र नागरिक सहयोग, स्वास्थ्य सम्बन्धी असरहरु न्यून गर्ने, आम नागरिकको सुरक्षा सुनिश्चित गर्ने तथा प्रभावित व्यक्तिहरुको आधारभूत जीवकोपार्जनका खाँचोहरु परिपूर्ति गर्ने प्रयोजनका लागि गरिने प्रावधानहरु ।

*टिप्पणी:* विपद् प्रतिकार्य मुख्यत: तत्काल एवं अल्पकालीन आवश्यक्ताहरुमा केन्द्रित रहन्छ र कहिलेकाहीँ यसलाई “विपद् राहत” को संज्ञा पनि दिइन्छ । प्रतिकार्य चरण र त्यसको उत्तरवर्ती पुनर्लाभ चरणबीचमा ठ्याक्कै विभाजनको रेखा कोर्न गाह्रो छ । केही प्रतिकार्य

गतिविधिहरु जस्तो कि अस्थायी आवासको व्यवस्था तथा खानेपानी आपूर्ति आदि पूनर्लाभको चरणमा समेत विस्तारित हुन सक्छन् ।

**जोखिम (Risk)**:

कुनै पनि प्रकोप घटनाको सम्भाब्यता र त्यसका नकारात्मक परिमाणहरुको समग्र  अवस्था ।

*टिप्पणी:*यो परिभाषा **ISO/IEC Guide 73** बाट निर्देशित छ । "जोखिम" शब्दबाट सामान्यतया दुईवटा अलग अलग भावहरु बुझिन्छ । सहित उपस्थित हुन्छ । जनजिब्रोको बोलीमा जोखिमले घटना हुनसक्ने संयोग वा सम्भावना भन्ने अर्थलाई जोड दिइन्छ (जस्तै दुर्घटनाको जोखिम) प्रविधिक छलफलको वातावरण भनिने जोखिम भन्ने शब्दले प्रकोपको परिणाममा वढी जोड दिदै जोखिमको अर्थ निश्चित कुनै प्रकोपको कारणले निश्चित ठाँउमा निश्चित समयावधि भित्र हुनसक्ने संभावित जनधन वा धनमालको क्षति भन्ने बुझिन्छ । विचारणीय के छ भने विभिन्न जोखिमहरुको अवस्था र त्यसका अन्तर्निहित कारणहरुका बारेमा आम जनसमुदायको एउटै धारणा नरहन सक्छ ।

**संकटासन्नता (Vulnerability)** :

कुनै समुदाय, प्रणाली वा श्रोत संसाधनका त्यस्ता गुण र विशेषताहरु एवं परिवेश जसले तिनीहरुलाई प्रकोपका घातक प्रभावहरु प्रति विशेष संवेदनशील बनाउछन् ।

*टिप्पणी:* संकटासन्नताका विभिन्न पक्षहरु छन् जो विभिन्न जस्तै भौतिक, सामाजिक, आर्थिक वातावरणीय कारकहरुबाट उब्जिन्छन् । उदाहरणको रुपमा भवनहरुको कमजोर डिजाइन र निर्माण, पूँजीको अपर्याप्त संरक्षण, सार्वजनिक सूचना र चेतनाको अभाव, जोखिम र पूर्वतयारीका उपायहरुमा सरकारी आधिकारीक निकायहरुको हुनुपर्ने चासो चिन्तामा रहने सिमितता, तथा सुझवुझपूर्ण वातावरणीय व्यवस्थापनप्रति उपेक्षा आदि पर्दछन् । संकटासन्नताको स्तर र समुदायको विभिन्न अंगमा र विभिन्न समयमा उल्लेख्यरुपमा परिवर्तित हुन्छ । यस परिभाषामा संकटासन्नतालाई समुदाय, प्रणाली वा पूँजीको विभिन्न विशेषताहरुको रुपमा पहिचान गरिएको छ जुन सम्मुखतासँग असम्बद्ध छ । जवकी सामान्य प्रयोगमा संकटासन्नतालाई बढी व्यापक ढंगले समुदाय, प्रणाली वा पूँजीको सम्मुखतालाई समेत समेटेर हेरिन्छ ।

## अनुसूची १२: कार्यशालाका सहभागीवाट प्राप्त कार्य विवरण सुची

| विपद् पूर्व | विपद् भईरहेको वेला | विपद् पश्चात |
|---|---|---|
| • जनचेतना वृद्धि तथा गोष्ठी,<br>• तालिम, दक्ष जनशक्ति उत्पादन,<br>• सूचना संयन्त्रको स्थापना,<br>• वृक्षारोपण,<br>• ठुलासंरचना,<br>• भूउपयोग योजना,<br>• भूकम्प प्रतिरोधात्मक संरचनाको निर्माण सम्वन्धी सवै वडाहरुमा निर्माण तालिम,<br>• सुरक्षित खाद्य भण्डारण- पहिचान, लेखाजोखा, भण्डारण, अति आवश्यक औषधी भण्डारण, स्वयंसेवक तालिम,<br>• वारुण यन्त्र - क्षमता तथा संख्या वृद्धि<br>• श्रोत साधन र सुरक्षित स्थान पहिचान, व्यवस्थापन संरक्षण - नियमन, नियम कानुन<br>• व्यवस्थित वसोवास<br>• प्रभावकारी भवन संहिता कार्यान्वयन<br>• वैकल्पिक (खानेपानी, सञ्चार, यातायात, खानेपानी) व्यवस्था,<br>• पूर्वसूचना प्रणाली,<br>• संरचना वनाउँदा विपद्लाई ख्याल गर्ने,<br>• राहतको (विपद्कोष ??) व्यवस्था<br>• अस्पतालको विपद् को अवस्थाकालागि क्षमता पहिचान,<br>• खानेपानी स्टोरको सरसफाई संरक्षण,<br>• खोलानाला किनारको गिटी वालुवा निकास प्रतिवन्ध,<br>• नदी नियन्त्रण,<br>• भुस्याहा कुकुर नियन्त्रण,<br>• खानेपानी ट्यांकर संख्या वृद्धि,<br>• आगलागी नियन्त्रणका लागि ठुला ट्याङकीहरुको निर्माण (Underground water tank in each ward for firefighting capacity)<br>• सरोकारवालाहरुको सूचना,<br>• हावाहुरी - ठूला रुख काटछाँट,<br>• Pre–positioning of LSAR equipment,<br>• Latter and heat resistant jacket, | • घाईतेहरुको खोज उद्धार सञ्चालन परिचालन,<br>• घाईतेहरुको प्राथमिक उपचार, वर्गीकरण,<br>• स्थानान्तरण तथा राहत,<br>• घाईतेहरुको लगत राख्ने तथा सूचना अध्यावधिक गर्ने,<br>• सूचनाकेन्द्रहरुको स्थापना,<br>• सुरक्षाको सुनिश्चितता,<br>• राहतको एकद्धार, प्रणाँली,<br>• स्वयंसेवक परिचालन,<br>• अनुरुप,<br>• M & E या DS | • पुनर्स्थापनाको व्यवस्था,<br>• पुर्ननिर्माण,<br>• पुर्नलाभ,<br>• राहतको एकद्धार प्रणाली,<br>• सुरक्षाको सुनिश्चितता,<br>• आपतकालीन शिक्षा - विद्यालय सञ्चालन,<br>• परामर्श केन्द्रको स्थापना<br>• विपद् पश्चातको महामारी रोकथाम (विपद्को कारण सृजित हुन सक्ने)<br>• समन्वय परिचालन<br>• शव व्यवस्थापन, दाहसंस्कार<br>• आपत्कालीन स्वास्थ्य केन्द्र । |

| विपद् पूर्व | विपद् भईरहेको वेला | विपद् पश्चात |
|---|---|---|
| • Water purify, Regular update and ensuring of quality of water and other activities (Regular quality check of water),<br>• Waste management (solid and liquid) – epidemic related; Hazardous waste management,<br>• Contamination – hospital related water – disposal<br>• आपत्कालीन हेली प्याड<br>• प्रकोपश्चात यातायातको अवस्था<br>• Clear roles and responsibilities of stakeholders (update)<br>• जोखिम क्षेत्रगत योजना तथा सूचना अध्यावधिक,<br>• वडास्तरीय विपद् व्यवस्थापन समितिको गठन,<br>• एम्बुलेन्सको व्यवस्था,<br>• श्रोतको पहिचान,<br>• प्रकोप नीतिहरुको जानकारी उपलव्ध गराउने,<br>• पारिवारीक विपद् योजना गराउने,<br>• अर्थिङ्ग,<br>• संघसंस्थाको दक्षता पहिचान,<br>• परिचालन क्षमता लेखाजोखा,<br>• आपत्कालीन नं. (टेलिफोन नम्वरहरु) को प्रचार प्रसार,<br>• SWM/LWM –work management<br>• Old houses retrofit | | |














**धरान नगरपालिका**

सुनसरी